# आ.व. २०८०।०८१ को सामाजिक परीक्षण




## लेटाङ नगरपालिकाको कार्यालय
## मोरङ, कोशी प्रदेश, नेपाल

**परामर्शदाता:**

**श्री पकली टेक्नोलोजि इन्स्टिच्युट प्रा.लि.**

**इटहरी, सुनसरी**

# विषय सूची

*परिच्छेद - एक* ........ *१*

*अध्ययनको पृष्ठभुमि, परिचय* ........ *१*

१.१ अध्ययनको पृष्ठभूमि, परिचय ........ १

१.२ उद्देश्य ........ २

१.३ सामाजिक परीक्षण अध्ययनका विधिहरू ........ २

१.४ सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन र प्रस्तुतिको तयारी : ........ ३

१.५ प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम सञ्चालन विधि ........ ४

१.६ सामाजिक परीक्षण आचारसंहिता ........ ४

*परिच्छेद - दुई* ........ *५*

*लेटाङ नगरपालिकाको परिचय* ........ *५*

२. १ लेटाङ नगरपालिकाको स्थापना र नामाकरणः ........ ५

२.२ राजनैतिक तथा प्रशासनिक केन्द्र ........ ६

२.३ जनसंख्याको विवरणः ........ ८

२.४ लेटाङ नगरपालिकाको जनसंख्या र जातजातीको विवरणः ........ ८

२.५ लेटाङ नगरपालिकाको वडागत जनसंख्याको वितरणः ........ ९

२.६ नगरपालिकाको सम्भावना र अवसरहरू ........ १०

२.७ आर्थिक तथा सामाजिक तथा भौगोलिक अवस्था ........ ११

२.८ नगरपालिकाको अन्तर गाउँपालिका/नगरपालिकासँग सम्बन्ध : ........ ११

*परिच्छेद-तीन* ........ *१३*

*स्थानीय तह सञ्चालन सम्बन्धी विद्यमान व्यवस्था* ........ *१३*

३.१ स्थानीय तह सञ्चालन र यसको अधिकारः ........ १३

३.२ स्थानीय तहको संरचना ........ १३

३.३ स्थानीय तहको काम कर्तव्य र अधिकार ........ १४

*परिच्छेद - चार* ........ २०

*अध्ययन तथा अवलोकन* ........ २०

४.१ लेटाङ नगरपालिकाको गत आर्थिक वर्ष (२०८०।०८१) का मुख्य मुख्य उद्देश्य तथा प्राथमिकताहरू ........ २०

४.२ नगरपालिकाले गत आर्थिक वर्ष (२०८०।०८१)मा हासिल गरेका मुख्य मुख्य उपलब्धिहरू ........ २१

४.३ नगरपालिकाका यस वर्षका मुख्य मुख्य उपलब्धिहरू (आ.व. २०८१।०८२) ........ २३

४.४ नगरपालिकाले आयोजना कार्यान्वयन गर्दा भोगेका समस्या तथा चुनौतिहरू ........ २४

४.५ लेटाङ नगरपालिकाको अवसर, सम्भावना तथा आगामी दिनमा चाल्नु पर्ने कदमहरू ........ २५

४.६. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा (गत आर्थिक वर्षहरूमा गरिएका कामहरूवाट प्राप्त नतीजाहरूको तुलनात्मक अध्ययन। ........ २६

४.७ बिषयगत क्षेत्र / शाखागत रूपमा गत आ.ब. का मुख्य मुख्य कार्य तथा उपलब्धिहरू ........ ३९

४.७.१ स्वास्थ्य क्षेत्रको विवरण ........ ३९

४.७.२ शिक्षा क्षेत्रको विवरण ........ ४६

४.७.३ महिला, बालबालिका, समाज कल्याण, लक्षित बर्ग तथा सामाजिक संघ संस्था र गैर सरकारी संस्था परिचाल समवन्धि क्षेत्रको विवरण ........ ५२

४.७.४ सिचाई, भौतिक पूर्वाधार, विधुत तथा लागत सहभिगता क्षेत्रको विवरण ........ ५७

४.७.५ घर नक्सा तथा बस्ती विकास सम्बन्धी क्षेत्रको विवरण ........ ६२

४.७.६ कृषि क्षेत्रको विवरण ........ ६५

४.७.७ पशु विकास क्षेत्रको विवरणः ........ ७०

४.७.८ प्रधानमन्त्री रोजगार क्षेत्रको विवरण ........ ७२

४.७.९ सामाजिक सुरक्षा तथा पन्जिकरण क्षेत्रको विवरण ........ ७३

४.७.१० खानेपानी,सरसफाई तथा फोहोरमैला व्यवस्थापन क्षेत्रको विवरण ........ ७६

४.७.११ नगरपालिकाको न्याय कानुन तथा मानव अधिकार क्षेत्रको विवरण; ........ ७७

४.७.१२ यूवा, खेलकुद, सामाजिक परिचालन, सम्वन्धि क्षेत्रको विवरण ........ ८०

४.७.१३ पर्यटन तथा सहकारी विकास सम्वन्धि क्षेत्रको विवरण ........ ८१

४.७.१४ उद्योग, श्रम तथा रोजगार सम्वन्धि क्षेत्रको विवरण ........ ८४

४.७.१५. वन वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी क्षेत्रको विवरणः ........ ८५

४.७.१६. सुशासन तथा संस्थागत क्षमता विकासको क्षेत्रको विवरणः ........ ८८

४.७.१७. सुचना प्रविधि तथा राजस्व परिचालन सम्बन्धी क्षेत्रको विवरणः ........ ९२

४.८ स्थलगत अवलोकनका क्रममा नगरपालिका तथा वडा कार्यालयमा सेवा लिन आएका सेवाग्राहीलाई सेवा प्रवाह, विकास निर्माण, शिक्षा, स्वास्थ्य र रोजगारको विषयमा गरिएका प्रश्नहरू तथा देखिएका केही तथ्यहरू ........ ९४

४.९ विषयगत शाखाहरूको सामाजिक लेखाजोखा : ........ ९७

४.९.१ प्रशासन शाखा ........ ९७

४.९.२ आर्थिक प्रशासन शाखा ........ ९७

४.९.३ प्राविधिक शाखा ........ ९७

४.९.४ सामाजिक विकास शाखा ........ ९८

४.९.५ योजना शाखा ........ ९८
४.९.६ सूचना प्रविधि शाखा ........ ९८
४.९.७ सामाजिक परीक्षणका क्रममा देखिएका सबल पक्षहरू ........ ९८
४.१० सामजिक परीक्षणबाट देखिएका चुनौती तथा कमिकमजोरीहरू ........ ९९
४.११ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू ........ ९९
४.१२ भावी कार्यक्रम सञ्चालनका लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू ........ ९९
४.१३ लक्षित समूह कार्यक्रम तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा ........ १००
४.१४ सेवा प्रवाह , कार्यसम्पादन र सुशासन सम्बन्धमा ........ १००
४.१५ सामाजिक जिम्मेवारी पूरा गर्न स्थानीय तहले चाल्नु पर्ने कदमहरू वा सुझावहरू ........ १००
४.१५.१ नीति ,योजना तथा कार्यक्रम तर्जुमा र कार्यन्वयन सम्वन्धमा ........ १००
४.१५.२ लक्षित समूह कार्यक्रम तर्जुमा तथा कार्यन्वयन सम्वन्धमा ........ १०१
४.१५.३ सेवा प्रवाह, कार्यसम्पादन सम्बन्धमा ........ १०१
४.१५.४ अन्य विविध सम्बन्धमा ........ १०२
४.१६ नगरपालिकाले आगामी वर्षहरूमा लिनुपर्ने रणनीतिहरू ........ १०२
*परिच्छेद - पाँच* ........ *१०४*
५. *कार्यक्रमको निष्कर्ष तथा सुझाव* ........ *१०४*
५.१ प्राप्त कार्यक्रमको निष्कर्ष ........ १०४
५.२ सामाजिक परीक्षकको तर्फबाट सुझाव तथा प्रतिवदेन ........ १०६
सन्दर्भ सामग्रीहरूः ........ १०९
अनुसूचि १: सामाजिक परिक्षणअन्तरक्रिया कार्यक्रम तथा स्थलगत अवलोकनका क्रममा लिइएका केही तस्विरहरू ........ ११०
अनुसूचि २: प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रममा उपस्थिति विवरणः ........ १२१

# परिच्छेद - एक

## अध्ययनको पृष्ठभुमि, परिचय

### १.१ अध्ययनको पृष्ठभूमि, परिचय

नेपालको संविधान २०७२ ले सङ्घीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको व्यवस्था गरेको छ। नेपालको राज्यशक्तिको प्रयोग यी तीन तहहरूले संविधान तथा कानून बमोजिम गर्ने व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन गर्ने अधिकार दिएको छ। स्थानीय सरकार जनताको घरदैलोमा सेवा दिने निकटतम प्रशासनिक तह हो। अधिकार र जिम्मेवारीले सम्पन्न स्थानीय सरकारको संस्थागत विकास र अनुशासन अनिवार्य पक्ष हुन्।

सुशासनका विभिन्न आयामहरूमध्ये जनताप्रति सरकार पक्षको जवाफदेहिता एक महत्त्वपूर्ण तत्व हो। जवाफदेहिताका विभिन्न संयन्त्रहरूमध्ये सामाजिक परीक्षण पनि एक महत्त्वपूर्ण सूचक हो। नगरपालिकाको आर्थिक वर्ष समाप्त भएपछि वर्षभरिका कामहरूको सामाजिक लेखाजोखा गर्न सामाजिक परीक्षण गरिन्छ। यस कार्यका लागि संविधान र ऐनले स्थानीय तहहरू (जस्तै, जिल्ला समन्वय समिति र नगरपालिका/गाउँपालिका) लाई स्पष्ट जिम्मेवारी प्रदान गरेको छ।

नेपाल सरकारले लक्षित समुदायहरूको समग्र विकासका लागि स्थानीय तहलाई अनुदान उपलब्ध गराउँदै आएको छ। यसका लागि विशेष बजेटको समेत व्यवस्था गरिएको छ। विगतका वर्षहरूमा स्थानीय तहको अनुदान रकम क्रमशः वृद्धि हुँदै आएको छ, जसले स्थानीय तहलाई थप जिम्मेवार र उत्तरदायी बनाएको छ। जनतासँग प्रत्यक्ष रूपमा नजिक रहेर सेवा प्रवाह गर्ने संस्था भएकाले स्थानीय तहसँग जनताका इच्छा-आकांक्षाहरू बढ्नु स्वाभाविक हो।

स्थानीय तहहरूको काम कारवाहीमा पारदर्शिता र सेवाग्राही प्रति जवाफदेहिता अभिवृद्धि गर्न नेपाल सरकारले विभिन्न नीतिहरू अवलम्बन गर्दै आएको छ। स्थानीय स्तरमा गरिएका कामहरूको सामाजिक उत्तरदायित्व बहन गर्नका लागि अपनाइएका विधिहरूमध्ये सामाजिक परीक्षण एक महत्त्वपूर्ण प्रक्रिया हो।

सामाजिक परीक्षणको मुख्य उद्देश्य भनेको स्थानीय तहका योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक तथा सामाजिक विकासमा पुऱ्याएको समग्र योगदानको लेखाजोखा, विश्लेषण, र मूल्याङ्कन गर्नु हो। यस कार्यलाई व्यवस्थित रूपमा सम्पन्न गर्न नेपाल सरकारले न्यूनतम शर्त र कार्यसम्पादन मापनका सूचकहरूमा सामाजिक परीक्षणलाई समावेश गरेको छ। यसले गर्दा स्थानीय तहहरूले आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र सामाजिक परीक्षण गर्नुपर्ने अनिवार्य व्यवस्था लागू भएको छ।

सामाजिक परीक्षणको अन्तिम प्रतिवेदनमा छलफलमा उठेका सवालहरूको जवाफ पनि समेट्नुपर्ने हुन्छ। यस प्रतिवेदनलाई स्थानीय तहको योजना तर्जुमा, सामाजिक तथा जनसङ्ख्या समिति र परिषदमा पेश गरिन्छ। सामाजिक परीक्षण कार्यविधिको प्रभावकारी कार्यान्वयनले सामाजिक विकासका दायित्व पूरा गर्न र भविष्यका रणनीति तथा योजनाहरू तयार गर्न ठोस आधार प्रदान गर्छ। यसले स्थानीय तहलाई थप सुदृढ र प्रभावकारी बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याउँछ।

## १.२ उद्देश्य

एक आर्थिक वर्षमा गाउँपालिका/नगरपालिकाको समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको मुख्य उद्देश्य हो। सामाजिक परीक्षणका सैद्धान्तिक र व्यवहारिक पक्षलाई समेट्दै नगरपालिकालाई ऐन र नियमले तोकेको सामाजिक जिम्मेवारी अनुसार सञ्चालित कार्यक्रम र योजनाले ल्याएको सामाजिक उपलब्धि, र सामाजिक जिम्मेवारी वहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा यसको केन्द्रबिन्दु हुनेछ। यस कार्यक्रमका उद्देश्यहरू निम्नानुसार रहेका छन्:

- लेटाङ नगरपालिकाको एक आर्थिक वर्षमा समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्नुका साथै नगरपालिकालाई ऐन र नियमले तोकेको सामाजिक जिम्मेवारी, नगरपालिकाको नीति, योजना र सोअनुसार सञ्चालित कार्यक्रम, सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा गर्नु।
- नगरपालिकाको आगामी कार्यदिशा वा कार्यक्रमहरूको पहिचानका लागि सहज बनाउनु।

## १.३ सामाजिक परीक्षण अध्ययनका विधिहरू

सामाजिक परिक्षण गर्दा अनुसन्धानात्मक ढङगबाट देहाय बमोजिमका विधि तथा क्रियाकलापहरूको प्रयोगद्वारा सञ्चालन गरियो।

### क. सन्दर्भ सामग्री समीक्षा र अध्ययन :

- स्थानीय तह सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य उद्देश्य
- आवधिक तथा वार्षिक योजना विषयगत शाखाहरूको समेत
- सामाजिक उपलब्धि , कार्य सम्पादन परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- वार्षिक नीति र कार्यक्रम
- नगरपालिकाको प्रोफाइल
- वार्षिक प्रतिवेदनहरू तथा नागरिक वडापत्र
- सामाजिक परिक्षण कार्यविधि
- लेटाङ नगरपालिकाको स्थानीय पाठ्यक्रम (१-८) २०८०
- नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M)
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन
- सामाजिक परिक्षण कार्यविधि अनुसूची २ र ३ फारम
- स्थलगत अध्ययन तथा अवलोकन, परामर्श र छलफल

### ख. अन्तर्वार्ता र समूह छलफल :

नगरपालिकाका पदाधिकारीहरू शाखा प्रमुख, आयोजना प्रमुख विषयगत प्रमुखसँग अर्धसंरचित अन्तर्वार्ता तथा छलफल गरी अन्तर्वार्ताबाट समावेश हुन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गरियो। अन्तर्वार्ता तथा छलफलबाट प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्य, दिशाका बारे गहन अध्ययन गरी अन्तिम प्रतिवेदन तयार गरिएको छ।

### ग. प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल :

प्रारम्भिक प्रतिवेदन छलफल गर्दा देहायअनुसारको शीर्षकमा केन्द्रीकृत रही सम्पन्न गरियो :

- सामाजिक परीक्षणका निष्कर्षहरू
- सामाजिक परीक्षणले औँल्याएका सवालहरू
- सवालहरूको प्राथमिकीकरण
- यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिवद्धता समय सीमासहित
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु
- सुझावहरू

### घ. प्रतिवेदन तयारी :

छलफलमा उठेको सुझाव तथा निर्णयहरू र कार्य योजनासहित अन्तिम प्रतिवदेन तयार गरिएको छ। विषयगत कार्यालयहरू र नगरपालिकाको वार्षिक योजनामा समावेश भएका कुराहरूलाई समेत अन्तिम प्रतिवेदनमा समावेस गरिएको छ।

## १.४ सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन र प्रस्तुतिको तयारी :

लेटाङ नगरपालिकाको कार्यालय, सरोकारवाला र वास्तविक उपभोक्ता प्रतिनिधिहरू राजनीतिक दलका प्रतिनिधिहरूसँग अन्तरक्रिया गरी निर्देशिकाको अनुसूची २ र ३ अनुसारको सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन तयार गरिएको छ। सो प्रतिवेदन प्रस्तुतिको कार्यक्रममा उपस्थित नगरपालिकाका पदाधिकारीहरू कर्मचारीहरू, सरोकारवालाहरू तथा वास्तविक उपभोक्ता प्रतिनिधिहरू (नागरिक समाज, राजनैतिक दलहरू, प्रमुख करदाताहरू) पूर्व जनप्रतिनिधिहरू, पिछडिएका वर्ग, बालबालिका, महिला प्रतिनिधी, स्थानीय गैरसरकारी संस्था, सामूदायिक संस्थाहरू, बुद्धिजीवीहरू र प्रत्यक्ष उपभोक्ताका प्रतिनिधि आदिसँग अन्तरक्रियाका लागि आह्वान गरिएको थियो। उनिहरूको प्राप्त सुझावहरूलाई आधार मानि अन्तिम प्रतिवेदन तयार पारिएको छ।

### १.५ प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम सञ्चालन विधि

निर्देशिकाले तोकेबमोजिम सामाजिक परीक्षणको क्रममा अनुसूची २ र ३ बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गरिएको थियो। कार्यक्रममा प्रारम्भिक प्रतिवेदन प्रस्तुत भएपछि कार्यक्रमका सहभागीहरूले उक्त प्रतिवेदन माथि छलफलको माध्यमबाट तथा लिखित रुपमा प्रतिक्रिया तथा सुझाव दिएका र उक्त सुझावहरू सङ्कलन गरिको थियो।

- नगरपालिकाले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव,
- नगरपालिकाले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति,
- नगरपालिकाले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू,
- नगरपालिकाको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता
- नगरपालिकाले बालबालिका, महिला, दलित, जनजाति, गरिब, जेष्ठ नागरिक तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता,
- नगरपालिकाले दिएको सेवाको गुणस्तर दस्तुर सेवा दिन लगाएको समय र व्यय सम्पादनको स्तर,
- सामाजिक उत्तरदायित्व पूरा गर्न नगरपालिकाको वर्तमान कार्य शैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू।

सहभागीले राखेका जिज्ञासा तथा विचारमा थप स्पष्ट पार्ने प्रयास गरिएको थियो। साथै सामाजिक परीक्षण कार्यक्रममा उठेका विषयवस्तुहरूको आधारमा सार सङ्क्षेप तयार पारिनुका साथै कार्यक्रममा उठेका विषयवस्तुको टिपोट गरिएको थियो।

### १.६ सामाजिक परीक्षण आचारसंहिता

सामाजिक परीक्षण प्रतिवदेन कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले निम्नाअनुसारका आचारसंहिता पालना गर्नुपर्ने कुराहरूको अवगत गराई प्रतिवदेन प्रस्तुत गरिएको थियो।

- विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने।
- तथ्य र सूचनाको आधारमा रहि विचार राख्ने।
- नीजि र व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने।
- सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त सुझाव र टिप्पणीलाई सकारात्मक रुपमा लिने।
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने।
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने।
- सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्नो कुराहरू राख्ने।
- बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रुपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने।

# परिच्छेद - दुई

## लेटाङ नगरपालिकाको परिचय

### २. १ लेटाङ नगरपालिकाको स्थापना र नामाकरणः

लेटाङ नगरपालिका कोशी प्रदेशको मोरङ जिल्लामा अवस्थित एक रमणीय नगरपालिका हो । यो नगरपालिका जिल्लाको पूर्व-उत्तरी भेगमा रहेको छ, जसमा चुरे पहाडी भिरालो जमिन र तराईको फेदीमैदानी भूभाग समावेश गरिएको छ । वि. सं. २०७१ मा नेपाल सरकारले गाविसलाई नगरपालिका परिणत गर्ने क्रममा तत्कालीन लेटाङ र भोगटेनी गाविसलाई मिलाएर लेटाङ भोगटेनी नगरपालिका गठन गरिएको थियो । संघीय संरचना अनुसार, २०७३ सालको फागुन २७ गतेको निर्णयमा साविक लेटाङ भोगटेनी नगरपालिकामा जाँते र वारङ्गी गाविसहरू समावेश गरी वर्तमान लेटाङ नगरपालिका गठन गरिएको हो ।

लेटाङ प्राकृतिक सौन्दर्यले भरिपूर्ण छ । यो नगरपालिका विराटनगरबाट ४९ किलोमिटर उत्तरपूर्व र काठमाडौंबाट ३९४ किलोमिटर पूर्वमा स्थित छ । लेटाङको नाम यसको इतिहाससँग जोडिएको छ, विशेष गरी यहाँको धिमाल जातिको इतिहाससँग । स्थानीयका अनुसार, लेटाङ क्षेत्र परापूर्वकालमा धिमाल जातिको राज्यको राजधानी थियो । "लेटाङ" शब्द धिमाल जातिको 'लेटा' शब्दबाट आएको हो, जसको अर्थ पहाडबाट झरेको समथर भूभाग भन्ने बुझिन्छ । यही 'लेटा' शब्द कालान्तरमा अपभ्रंश भएर 'लेटाङ' भएको भनिन्छ ।

लेटाङ क्षेत्रलाई मात्र बुझाउने 'लेटाङ' शब्द भनेको लेटाङ बजार क्षेत्रको नाम हो । भोगटेनी, जाँते र वारङ्गीका क्षेत्रहरू पनि आफ्नै महत्व र इतिहासका कारण महत्वपूर्ण छन् । समग्रमा, लेटाङ नगरपालिका भौगोलिक र पर्यावरणीय हिसाबले अति उपयुक्त, उर्वर र फराकिलो जमिनले भरिएको छ । यहाँको अधिकांश क्षेत्र जंगल र हरियालीले ढाकिएको छ । तर, लेटाङका खोलाहरू जस्तै चिसाङ, तेली, गडामे, भूवा, मोरङ्गी आदि वरदान र अभिसाप दुबै सावित भएका छन् । यी खोलाहरूको बाढीले एकातिर बालुवा, गिट्टी, ढुंगा र भरुवा आयको मुख्य स्रोतको रूपमा काम गर्ने गर्दछन् भने अर्कोतिर बाढीले खोला किनारमा धनजनको क्षति पनि पुर्याउँछ । यहाँका खोलामा तटबन्धन गर्नका लागि प्रयास जारी छन्, तर कहिल्यै पूरा नहुने जस्तो अवस्था रहेको छ ।

यस नगरपालिकामा पर्यटकीय स्थलहरूको पनि कुनै कमी छैन । यहाँको राजारानी धिमाल पोखरी अत्यन्तै सुन्दर प्राकृतिक छटामा अवस्थित छ र यसले धिमाल सभ्यताको इतिहास बोकेर बाँचिरहेको छ । लेटाङ बजारबाट अधिकतम २ घण्टाको सवारीमा समलाडाँडामा पुगेर ताजगीपूर्ण मौसमको आनन्द लिन सकिन्छ । यस नगरपालिकामा रहेका विभिन्न झरना, धार्मिक स्थल र शक्तिपिठहरू पनि पर्यटनका दृष्टिले महत्त्वपूर्ण छन् ।

लेटाङ नगरपालिका प्राकृतिक र सांस्कृतिक सम्पदाले भरिपूर्ण एक नगर हो, जसमा आर्थिक सम्भावनाहरू पनि प्रचुर मात्रामा छन् ।

## २.२ राजनैतिक तथा प्रशासनिक केन्द्र


नेपाल संविधान धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वात्तय क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार माननिय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२७ मा देहाय बमोजिम लेटाङ नगरपालिका गठन गरिएको हो । हाल लेटाङ नगरपालिकाको संरचना यस प्रकार रहेको छ ।

*तालिका नं.१: लेटाङ नगरपालिकाको राजनितिक तथा प्रशासनिक बिभाजन*

| वडा. नं | समावेस भएका गा.वि. स | साविक वडा नं | वडा कार्यालय रहेको स्थान |
|---|---|---|---|
| १ | लेटाङ भोगटेनी | २,३ र ४ | साग्मा, सेवा केन्द्र, कात्तिके |
| २ | लेटाङ भोगटेनी | ५ र ६ | बुधवारे |
| ३ | लेटाङ भोगटेनी | ७ | लेटाङ बजार |
| ४ | लेटाङ भोगटेनी | ८ | लेटाङ बजार, टेलीकम चोक |
| ५ | लेटाङ भोगटेनी | ९ र १० | खेरूवा, धराने चोक |
| ६ | लेटाङ भोगटेनी | ११ | कपासे |
| ७ | वारंगी | १-९ | वारङ्गी (बारजी मन्दिर, मंगलवारे) |
| ८ | जाँते | १,२,५,६ र ७ | जाँते बजार |
| ९ | जाँते | ८ र ९ | मदनचोक (जाँते) |

*स्रोतः लेटाङ नगरपालिकाको वस्तुस्थिति विवरण २०८०*

*नक्सा १: लेटाङ नगरपालिकाको वडा विभाजन*



## २.३ जनसंख्याको विवरणः

नेपालमा नगरस्तरममा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै नगरस्तरमा घरधुरी तथ्याङ्क संकलन मार्फत समेत प्राप्त हुने गरेको छ। तथापि लेटाङ नगरपालिकाको बस्तुस्थिति विवरण २०८० को आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण यसप्रकार गरिएको छ।

*तालिका नं.२: लेटाङ् नगरपालिकाको जनसाङ्खिक विवरण*

| विवरण | वि.स.२०८० |
|---|---|
| जम्मा जनसंख्या | ३८११७ |
| पुरुष | १९०७४ (५०.०४%) |
| महिला | १९०४३ (४९.९६%) |
| लैंगिक दर (१००महिलामा पुरुषको संख्या) | ९९.८३ |
| जम्मा घरधुरी | ८,६६४ |
| औषत परिवार आकार | ४ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ९० जना |
| कुल साक्षरता | ८५.८०% |
| अपाङ्गताको जनसंख्या | ५२४(१.३७%) |
| नगरको अनुपस्थित सङ्ख्या | ५२८४ |
| बैदेशिक रोजगारमा गएको जनसङ्ख्या | २८१२ |
| बैकमा खाता हुनेको सङ्ख्या | १००% |
| भुमीहीन परिवारको सङ्ख्या | ३८८ |

*स्रोतः लेटाङ नगरपालिकाको वस्तुस्थिति विवरण २०८०*

## २.४ लेटाङ नगरपालिकाको जनसंख्या र जातजातीको विवरणः

लेटाङ नगरपालिकामा पच्चीसभन्दा बढी विभिन्न जातजाति, जनजाति समुदायका बसोबास रहेको देखिन्छ। एक सयभन्दा बढी संख्यामा परिवार भएका ६ जातजाति एवं जनजाति समुदायहरू रहेका छन् भने एक हजारभन्दा माथि परिवार संख्या भएका जाति, जनजाति जम्मा दश वटा छन्।

तालिका नं.३: लेटाङ नगरपालिकाको जनसंख्या र जातजातीको विवरण

| क्र.स. | जातजाति | जम्मा | प्रतिशत | क्र.स. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | राई | ७९१७ | २०.७७ | १५ | थारू | ८३ | ०.२२ |
| २ | लिम्बु | ७१३८ | १८.७३ | १६ | धिमाल | ४८ | ०.१३ |

| क्र.स. | जातजाति | जम्मा | प्रतिशत | क्र.स. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ३ | मगर | ८५९२ | १५.४६ | १७ | पासी | ५१ | ०.१३ |
| ४ | ब्राहमण (पहाड) | ३८४६ | १०.०९ | १८ | कुर्मी | ४६ | ०.१२ |
| ५ | क्षेत्री (पहाड) | ३०२८ | ७.९४ | १९ | सन्यासी | ४४ | ०.१२ |
| ६ | तामाङ | २२०२ | ५.२२ | २० | मुस्लिम | ३४ | ०.०९ |
| ७ | कामी | १९९१ | ४.१९ | २१ | याख्खा | ३१ | ०.०८ |
| ८ | ब्राहमण (तराई) | १५९९ | ३.८८ | २२ | शेर्पा | ३१ | ०.०८ |
| ९ | नेवार | १४७९ | २.९ | २३ | ताजपुरिया | २५ | ०.०७ |
| १० | दमाई | ११०४ | १.३१ | २४ | यादव | २५ | ०.०७ |
| ११ | सार्की | ४९९ | ०.६५ | २५ | मुसहर | १९ | ०.०५ |
| १२ | ठकुरी | २४९ | ०.५५ | २६ | राजपुत | १८ | ०.०५ |
| १३ | गुरूङ | २११ | ०.५३ | २७ | माझी | १५१ | ०.४ |
| १४ | भूजेल | २०२ | ०.२२ | २८ | सुनुवार | १५४ | ०.४ |

*स्रोतः लेटाङ नगरपालिकाको वस्तुस्थिति विवरण २०८०*

### २.५ लेटाङ नगरपालिकाको वडागत जनसंख्याको वितरणः

लेटाङ नगरपालिकाको वस्तुस्थिति विवरण २०८० अनुसार लेटाङ नगरपालिकाको जम्मा जनसंख्या ३८११७ जना मध्ये वडा नं ३ मा सबैभन्दा बढी ५८०३ जना जनसंख्याको बसोबार रहेको छ । जसमा महिला महिलाको जनसंख्या २८७९ जना र पुरुषको संख्या २९२४ जना रहेको छ । दोस्रो ठुलो जनसङ्ख्या भएको वडा २ नं. रहेको छ । जसमा महिला २७२२ र पुरूष २८२० गरी जम्मा ५५४२ रहेको छ । त्यसै गरी लेटाङ नगरपालिकाको सबैभन्दा कम जनसंख्या भएको वडा वडा नं. ४ रहेको छ जसमा महिला १४२७ जना पुरुष १३४१ जना गरि जम्मा २७६८ जना रहेको छ । जसलाई तलको टेवलमा प्रस्तुत गरिएको छ ।

**तालिका नं.४ : लेटाङ नगरपालिकाको वडागत जनसंख्याको वितरण**

| क्र.स. | वडाहरु | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | १ | १९२८ | १९७९ | ३९०७ |
| २ | २ | २७२२ | २८२० | ५५४२ |
| ३ | ३ | २८७९ | २९२४ | ५८०३ |
| ४ | ४ | १४२७ | १३४१ | २७६८ |
| ५ | ५ | २६८१ | २६५४ | ५३३५ |

| क्र.स. | वडाहरु | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| ६ | ६ | १७१९ | १६९७ | ३४१६ |
| ७ | ७ | १४५२ | १५७४ | ३०२६ |
| ८ | ८ | १६४८ | १६७५ | ३३२३ |
| ९ | ९ | २५८७ | २४१० | ४९९७ |

स्रोतः लेटाङ नगरपालिकाको वस्तुस्थिति विवरण २०८०

## २.६ नगरपालिकाको सम्भावना र अवसरहरू

लेटाङ नगरपालिका प्रमुखको प्रमुख दायित्वमा नगर विकासको विद्यमान स्थितिको चित्रण गर्नु, नगर विकासका सरोकारवाला र साझेदार निकायहरू (सरकारी, निजी, गैरसरकारी, र नागरिक) बीच समन्वय, सहकार्य र साझेदारी विकास गर्नु, स्थानीय र बाह्य श्रोत साधनको पहिचान र परिचालन गर्नु, नगरपालिका विकासका आवश्यकता र सम्भावनाका आधारमा रणनीतिक र वार्षिक योजना तर्जुमा गर्नु, स्वीकृत कार्यक्रम र आयोजनाको प्रभावकारी कार्यान्वयन गर्नु र गराउनु, र आयोजना तथा कार्यक्रमको नतिजामूलक अनुगमन र मूल्याङ्कन गर्नुका लागि नेतृत्व गर्नु आवश्यक छ।

लेटाङ नगरपालिका भौगोलिक दृष्टिले महत्त्वपूर्ण स्थानमा स्थित छ। यो नगरपालिका लेटाङ बजार र यसको अक्षांश क्षेत्रको मध्य-पहाडी र चुरे क्षेत्र तथा मैदानी भूभागको संगम स्थलको रूपमा रहेको छ। नगरको उत्तरी क्षेत्र पहाडी र चुरे क्षेत्रमा फैलिएको छ, जहाँ भिरालो जमिन र समथर भूभागको मिश्रण छ। लेटाङ बजारको अक्षांश क्षेत्र र दक्षिणतिरका क्षेत्रहरू समथर र उर्वर रहेका छन्, जसले कृषि र पशुपन्छी पालनका लागि उपयुक्त भूमि प्रदान गरेका छन्। लेटाङका उत्तरतर्फका भूभागहरू भिरालो भए पनि कृषि, नगदेबाली र पशुपन्छी पालनका लागि उपयोगी रहेको छ। यहाँको समथर र उर्वर दक्षिणी भूभागले कृषि र पशुपन्छी उत्पादन र व्यवसायका लागि प्रचुर सम्भावना प्रदान गर्छ।

लेटाङ नगरपालिका दक्षिणमा रहेको चारकोशे झाडीका जंगल र उत्तरतर्फका समशितोष्ण पतझर जंगलहरूमा काष्ठ र गैरकाष्ठ उत्पादनको राम्रो सम्भावना रहेको छ। साथै, यस नगरपालिकामा बग्ने मुख्य खोलाहरू (चिसाङ, भुवा, तेली, खेरुवा, र मोरङ्गी) यस क्षेत्रको प्राकृतिक सम्पत्ति हुन्। यी खोलाहरू, एकातिर, बाढीका कारण धनजन र कृषि भूमि क्षति पुऱ्याउँछन् भने अर्कोतिर, बाढीमा ल्याइने ढुंगा, गिट्टी, बालुवा र अन्य सामग्रीहरूले आयको मुख्य स्रोतका रूपमा योगदान पुर्याउँछन्। यसैले, हरेक वर्ष नगरपालिकाले बाढी र कटानबाट प्रभावित क्षेत्रहरूमा आकस्मिक लगानी गर्नु पर्ने स्थिति सिर्जना हुन्छ।

लेटाङ नगरपालिका यातायातको सञ्जालमा राम्रोसँग जोडिएको छ। लेटाङ बजार, पूर्व-पश्चिम महेन्द्र राजमार्गबाट ८ किलोमिटर उत्तरतिर स्थित छ। यहाँ कृषि, पशु र अन्य उत्पादनहरूको तत्काल निकासी गर्न सकिने भएकाले बाह्य बजार सञ्जालसँग सीधा सम्बन्ध राख्न सकिन्छ। यसले व्यावसायिक र व्यापारिक सम्भावनालाई प्रोत्साहन दिएको छ।

यस नगरपालिकामा पर्यटकीय महत्त्वका स्थानहरू पनि प्रशस्त छन्। गुवाबारी, राजारानी धिमाल पोखरी, समला, आरुबोटे र थामचुली डाँडा, विशाल जाँतो, जोरकुप, बारजी मन्दिर, किसे, देउजे, कोलुङ, ताक्चुवा र नातोक्लुङ झरना जस्ता स्थलहरू पर्यटकहरूलाई आकर्षित गर्न सक्षम छन्। लेटाङ बजारको उत्तरतर्फका भौगोलिक क्षेत्रहरूको सुन्दरता र समशितोष्ण हावापानीका कारण यहाँ पर्यटन व्यावसायिक सम्भावना धेरै रहेको छ। यसरी, लेटाङ नगरपालिका प्राकृतिक र सांस्कृतिक सम्पदाले भरिपूर्ण एक क्षेत्र हो, जसमा कृषि, व्यापार र पर्यटनका विविध सम्भावनाहरू छन्।

## २.७ आर्थिक तथा सामाजिक तथा भौगोलिक अवस्था

लेटाङ नगरपालिका नेपालको एक महत्वपूर्ण भौगोलिक क्षेत्रमा स्थित छ, जसको सिमा पूर्वमा मिक्लाजुङ गाउँपालिका, पश्चिममा केरावारी गाउँपालिका, उत्तरमा धनकुटा जिल्लाको चौविसे गाउँपालिका, र दक्षिणमा पथरी शनिश्चरे नगरपालिका, बेलवारी नगरपालिका र कानेपोखरी गाउँपालिका सँग जोडिएको छ। यो नगरपालिका २११.२३ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ।

लेटाङ नगरपालिका पहाडी भिरालो जमिन र तराइको मैदानको मिश्रण भएको क्षेत्र हो, जसले कृषि र पशुपालनका लागि उपयुक्त हावापानी प्रदान गर्दछ। यस नगरपालिकामा ३,९५३ हेक्टर खेतीयोग्य जग्गा रहेको छ र ३४ प्रतिशत सिचाइ सुविधा उपलब्ध छ। ६७ प्रतिशत घरधुरी कृषि र पशुपन्छी पालनमा निर्भर रहेका छन्, तर यहाँ आधुनिकरण र व्यावसायिकरणको प्रक्रिया अझै सकिएको छैन।

लेटाङ नगरपालिका भित्रका जलस्रोतहरूको प्रमुख स्रोत भनेको चिसाङ, तेली, गडामे, मोरङ्गी, ताक्चुवा, झाक्री, खेरूवा, भलुवा, मर्चुङ्गी जस्ता खोलाहरू र राजारानी धिमाल पोखरी हुन्। यस नगरपालिका क्षेत्र भित्र ३ दर्जन भन्दा बढी सिचाइ नहर, पैनी र कुलोहरू सञ्चालनमा रहेका छन्, जसले कृषि उत्पादनमा योगदान पुर्याउँछन्।

यो नगरपालिका तराई क्षेत्रका विभिन्न ठूला सहरहरू र पहाडी ग्रामीण क्षेत्रलाई जोड्ने एक महत्त्वपूर्ण संगम स्थलको रूपमा रहेको छ। लेटाङ बजार र जाँते व्यापारिक नाकाको रूपमा कार्य गर्दै आएका छन्, जहाँ उत्तरी भेगका वडाका उत्पादनहरू तराइतिर निकासी गरिन्छ र पहाडी ग्रामीण क्षेत्रमा विभिन्न सामग्रीहरूको पैठारी गरिन्छ। यस कारण, व्यापारिक सम्भावनाहरू पनि यहाँ प्रचुर छन्। यस नगरपालिकामा ६०० भन्दा बढी व्यावसाय दर्ता भई सञ्चालनमा रहेका छन्।

स्थानीय बासिन्दाहरू परम्परागत व्यावसायबाट नगदे कृषि बालीमा आकर्षित हुँदै गएका छन्। यहाँका प्रमुख नगदे उत्पादनहरूमा अम्रीसो कुचो, अदुवा, वेसार, तरकारी, सुपारी, कुखुरा, बाख्रा, खसी, राँगा, गाई, गोरू, वंगुर आदि समावेश छन्।

यस नगरपालिका क्षेत्रका विभिन्न स्थानहरू पर्यटनको लागि उपयुक्त रहेकोले, पर्यटन क्षेत्रको विकासले नगरबासीहरूको आर्थिक समृद्धि ल्याउन सक्ने सम्भावना छ। चारकोशे झाडीको केही अंश नगरपालिका क्षेत्रमा रहेको छ, जसले यहाँ रुख, विरुवा र जीवजन्तुको आरक्षण स्थल निर्माण गर्न मद्दत गर्न सक्छ। साथै, यहाँका प्राकृतिक स्थानहरू, धार्मिक र सांस्कृतिक सम्पदाहरू पनि पर्यटकीय दृष्टिले महत्त्वपूर्ण छन्। आरुबोटे डाँडा, साग्मा, पञ्चमी डाँडा र समला जस्ता स्थलहरू होमस्टे र दृष्यावलोकनका लागि उपयुक्त छन्।

यी पर्यटकीय स्थलहरूको विकास र प्रवर्द्धन गर्न पूर्वाधार विकास, व्यवस्थापन र बजारीकरणका कार्यहरूलाई प्राथमिकता दिनुपर्ने आवश्यकता देखिन्छ। यदि यी स्थानहरूको सही योजना र विकास गरियो भने, लेटाङबासीको समृद्धिमा महत्त्वपूर्ण योगदान पुर्याउन सक्छ।

## २.८ नगरपालिकाको अन्तर गाउँपालिका/नगरपालिकासँग सम्बन्ध :

नगरपालिकाहरू बीच सम्बन्ध विभिन्न प्रकारका र फरक-फरक प्रकृतिका हुन सक्छन्, जसमा दूरी र परिमाणका आधारमा भिन्नताहरू पाईन्छ। यी सम्बन्धहरू प्रायः मानव विकासका लागि अत्यन्त महत्त्वपूर्ण हुन्छन्, जहाँ आवत-जावत, स्रोत र साधनको परिचालन, र एक स्थानबाट अर्को स्थानमा निर्भरता हुने अवस्था व्याप्त हुन्छ। नगरपालिकाहरू बीचको अन्तरनिर्भरता धेरै क्षेत्रहरूमा देखिन्छ, जसमा यातायात, बसाई सराई, कृषि तथा पशुजन्य उपज, वन पैदावर, पर्यटन,

रोजगारी, प्राकृतिक स्रोतको उपयोग र व्यवस्थापन, शिक्षा र स्वास्थ्य सेवा प्रमुख हुन्। यी क्षेत्रहरू एक आपसमा जडान बनाएर नगरपालिकाहरूलाई एकअर्कामा निर्भर बनाउन र त्यसबाट लाभ प्राप्त गर्न मद्दत पुर्याउँछन्।

यस नगरपालिकाको अन्य नगरपालिकासँगको सम्बन्ध विशेष गरी नजिकको बजार केन्द्रहरूसँग रहेको छ। लेटाङ नगरपालिकाले आसपासका नगरपालिकासँग व्यापारिक, सामाजिक र सांस्कृतिक आदानप्रदानको माध्यमबाट आपसी सम्बन्धलाई सुदृढ गरेको छ। विशेष गरी, कानेपोखरी, पथरी, उर्लावारी, केरावारी, बेलवारी, र धरान बजार यहाँका बासिन्दाहरूका लागि मुख्य आर्थिक र व्यापारिक केन्द्रका रूपमा कार्य गर्दै आएका छन्। यहाँका बासिन्दा नियमित रूपमा यी बजारहरूमा आवतजावत गर्ने गर्दछन्, जसमा सामानहरूको किनबेच, सामाजिक मिलनजुलन, र विभिन्न व्यावसायिक गतिविधिहरू संलग्न हुन्छन्।

यस नगरपालिकामा अन्य नगरपालिका सँगको सम्बन्धलाई सुदृढ पार्ने प्रमुख मार्गहरूको निर्माण गरिएको छ, जसले स्थानीय बासिन्दाहरूलाई सहज आवागमन र व्यापारिक अवसरहरूको विस्तार गरेको छ। लेटाङ- कानेपोखरी हुँदै महेन्द्र राजमार्ग र लेटाङ-बुधवारे हुँदै बेलवारी जोड्ने सडकहरू यी सडकहरू प्रमुख आवागमन मार्गका रूपमा परिचित छन्, जसले नगरपालिकाका विभिन्न भौगोलिक क्षेत्रहरूलाई सँगै जोडेको छ। यी मार्गहरूको माध्यमबाट, बासिन्दाहरू नजिकका नगरपालिकासम्म सहज र छिटो यात्रा गर्न सक्षम छन्।

मदन भण्डारी राजमार्गले पनि यो नगरपालिकाको अन्य नगरपालिकासँगको सम्बन्धलाई सहज बनाएको छ। यसले व्यापारिक र सामाजिक क्रियाकलापहरूको सहजता बढाएको छ, जसले अन्य नगरपालिकासँगको समन्वय र सहयोगलाई पनि सहज बनाउँछ। व्यापार र उत्पादनको दृष्टिले, यहाँका बासिन्दा प्रायः बेलवारी बजार केन्द्रमा पशुपंक्षीहरूको खरिद-बिक्री गर्ने गर्दछन्। यस्ता क्रियाकलापहरूले नगरपालिकाका आन्तरिक र बाह्य सम्बन्धलाई प्रगाढ बनाएका छन्।

नगरपालिका भित्रको प्रमुख वस्तुहरू, जस्तै कृषि उत्पादन, दैनिक उपभोग्य वस्तु, र अन्य सामग्रीहरूलाई सहज रूपमा अन्य नगरपालिकाहरूबाट आयात गरिन्छ। विशेष गरी बिराटनगर, इटहरी, र पथरी जस्ता सहरहरूबाट यहाँका बासिन्दाहरूले वस्तुहरू आयात गर्दछन्, जसले व्यापारिक सञ्जालको मजबुती र वस्तुहरूको सहज आपूर्ति सुनिश्चित गर्दछ। यसको अलावा, यहाँका स्थानीय बासिन्दा परम्परागत व्यावसायिक गतिविधिहरूमा संलग्न रहेर नगदे कृषि बालीको उत्पादनमा रुचि राखिरहेका छन्, जसमा अम्रीसो कुचो, अदुवा, वेसार, तरकारी, सुपारी, कुखुरा, बाख्रा, खसी, राँगा, गाई, गोरू, वंगुर आदि प्रमुख नगदे उत्पादनहरूमा रहेका छन्।

यस नगरपालिकामा पर्यटनको पनि प्रचुर सम्भावना रहेको छ। यहाँको प्राकृतिक सौन्दर्य र सांस्कृतिक धरोहरहरूले पर्यटकहरूलाई आकर्षित गर्ने क्षमता राख्छ। चारकोशे झाडी, आरुबोटे डाँडा, साग्मा, पञ्चमी डाँडा, समला, र अन्य स्थलहरू होमस्टे र दृष्यावलोकनका लागि उपयुक्त छन्। यस नगरपालिकामा रहेका धार्मिक र सांस्कृतिक सम्पदाहरू, जस्तै पशुपतिनाथ मन्दिर, राजारानी धिमाल पोखरी र झरना स्थलहरू पनि पर्यटकीय दृष्टिले महत्त्वपूर्ण छन्।

यस नगरपालिकामा पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन गर्नका लागि विशेष योजना र पूर्वाधार विकासमा ध्यान दिनु पर्ने छ। यी पर्यटन स्थलहरूको योजनाबद्ध विकासले नगरबासीहरूको आर्थिक समृद्धि ल्याउन मद्दत पुर्याउने छ र यस नगरपालिकालाई आर्थिक दृष्टिले उचाइमा पुर्याउने सम्भावना राख्छ।

यसरी, लेटाङ नगरपालिका र अन्य नगरपालिकाहरू बीचको आपसी सम्बन्ध र सहकार्यले समग्रमा नगरको विकास र सामाजिक समृद्धिमा महत्त्वपूर्ण योगदान पुर्याइरहेको छ। व्यापारिक, सामाजिक, र सांस्कृतिक गतिविधिहरूले यी नगरपालिकाहरूलाई एकअर्कामा थप नजिक बनाउँछन् र उनीहरूको समृद्धि र विकासको मार्गदर्शन गर्छ।

## परिच्छेद-तीन
## स्थानीय तह सञ्चालन सम्बन्धी विद्यमान व्यवस्था

### ३.१ स्थानीय तह सञ्चालन र यसको अधिकार:

नेपालमा आर्थिक समानता, समृद्धि, र सामाजिक न्याय सुनिश्चित गर्न संविधान सभाबाट नेपालको संविधान २०७२ जारी गरिएको हो। यस संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तलाई आत्मसात् गर्दै, समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरेको छ। २०६२/६३ को जनआन्दोलनको उपलब्धि, दिगो शान्ति स्थापना, र जनतामा सुशासन, विकास, र समृद्धिको आकाङ्क्षालाई मूर्त रूप दिन संघीय शासन प्रणालीको व्यवस्था गरिएको छ। राज्यको पुनःसंरचना गर्दै यसलाई संघ, प्रदेश, र स्थानीय गरी तीन तहमा विभाजन गरिएको छ। यसले एकात्मक र केन्द्रीकृत शासन प्रणालीलाई अन्त्य गर्दै स्थानीय तहलाई लोकतान्त्रिक, सहभागितामूलक, र उत्तरदायी शासन प्रणालीको रूपमा स्थापित गर्ने प्रयास गरेको छ।

संविधानले संघ, प्रदेश र स्थानीय तहका लागि अधिकारहरूको बाँडफाँड स्पष्ट पार्न अनुसूची ५, ६, ७, ८ र ९ समावेश गरेको छ। यी तहहरूले राज्य शक्ति प्रयोग गर्दा एकल वा सहकार्यात्मक भूमिका खेल्ने व्यवस्था गरिएको छ। संविधानप्रदत्त अधिकारहरूको प्रभावकारी कार्यान्वयनका लागि, संविधानको धारा २९५(३) अनुसार गाउँपालिका, नगरपालिका, तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या र सिमाना निर्धारण गर्न आयोग गठन गरिएको थियो।

संघीयताको मर्म भनेकै राज्यका सबै तहहरूलाई सशक्त बनाउँदै जनतालाई विकासका प्रक्रियामा समावेश गराउनु हो। स्थानीय तहले शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधार विकास, र सामाजिक सुरक्षाजस्ता जनसरोकारका विषयमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ। स्थानीय तह सुदृढ भएमा मात्र संघीय शासन प्रणालीको उद्देश्य सफल हुने विश्वास गरिएको छ। यसले सेवा प्रवाहलाई सहज बनाउनुका साथै स्थानीय स्तरमा सुशासन र समृद्धि ल्याउन योगदान पुऱ्याउनेछ।

### ३.२ स्थानीय तहको संरचना

नेपालको संविधान २०७२ अनुसार, स्थानीय तह भन्नाले गाउँपालिका, नगरपालिका, र तिनका सभाहरूलाई बुझिन्छ। यी तहहरू स्थानीय प्रशासनको आधारशिला हुन्, जसले लोकतान्त्रिक शासन प्रणालीलाई स्थानीय स्तरसम्म पुऱ्याउँछ। नगरपालिकालाई एक भौगोलिक तथा शासकीय तहको रूपमा परिभाषित गरिएको छ, जसमा **नगरसभा** र **नगरकार्यपालिका** गरी दुई प्रमुख अङ्ग रहेका छन्।

#### अ) नगरसभा:

नगरसभा नगरपालिका सञ्चालनको व्यवस्थापकीय निकाय हो। नगरसभा ५० जना सदस्यहरूबाट गठन हुने व्यवस्था गरिएको छ, जसमा निम्न सदस्यहरू समावेश हुन्छन्:

१. नगरपालिकाका प्रमुख र उपप्रमुख।

२. प्रत्येक वडाका वडा अध्यक्ष।

३. प्रत्येक वडाबाट निर्वाचित ४ जना सदस्य (दलित सदस्य अनिवार्य १ महिला र २)।

४. नगरपालिकाका दलित र अल्पसङ्ख्यक समुदायबाट निर्वाचित ३ जना सदस्य।

दलहरूले दुई महिला वडा सदस्यका लागि मनोनयन पत्र दर्ता गर्दा एक दलित महिलाको नाम अनिवार्य रूपमा समावेश गर्नुपर्ने व्यवस्था छ। तर, एक जना मात्र महिला सदस्यको लागि मनोनयन दर्ता गर्दा दलित महिलाको नाम समावेश नगरे पनि हुने छुट प्रदान गरिएको छ।

### आ) नगरकार्यपालिका

नगरकार्यपालिका नगरपालिकाको कार्यकारिणी निकाय हो, जसले नीतिगत निर्णयको कार्यान्वयन सुनिश्चित गर्दछ। यसमा निम्न सदस्यहरू समावेश छन्:

१. नगरपालिकाका प्रमुख र उपप्रमुख।

२. प्रत्येक वडाका वडा अध्यक्ष।

३. नगरसभाबाट निर्वाचित ५ जना महिला सदस्य।

४. दलित वा अल्पसङ्ख्यक समुदायबाट नगरसभाले निर्वाचित ३ जना सदस्य।

नगरकार्यपालिका नगरपालिकाका नीतिगत र कार्यान्वयन सम्बन्धी जिम्मेवारीहरूको नेतृत्व गर्ने निकाय हो। यसले नगरपालिकाको दैनिक प्रशासनिक तथा विकासात्मक कार्यहरू सञ्चालन गर्दै, जनसरोकारका विषयमा निर्णय लिने महत्त्वपूर्ण भूमिका खेल्छ।

## ३.३ स्थानीय तहको काम कर्तव्य र अधिकार

### १. नगरप्रहरी

स्थानीय तहमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउधन र स्वतन्त्रताको संरक्षण गर्ने कार्य अब स्थानीय तहको मुख्य जिम्मेवारीको रुपमा संविधानले सुम्पेको छ। स्थानीय प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न सरकारले लागु गरेका नीति, कानून मापदण्ड र निर्णय कार्यान्वयन र स्थानीय तहको सम्पति संरक्षण गर्ने, सभा, समारोह, जात्रा, चाँडपर्व, बजार व्यवस्थापन, स्थानीय न्यायिक समितिले गरेको आदेश फैसला कार्यान्वयन, व्यवस्थापन र अपराध रोकथाम लगायतमा सहयोग गर्न स्थानीय तहले नगर प्रहरी परिचालन गर्न सक्ने व्यवस्था संविधानले गरेको छ।

### २. सहकारी संस्था

कृषक, कालिगढ, कम पूँजीवाल र निम्न आय भएका श्रमिक, भूमिहीन तथा बेरोजगार वा सामाजिक कार्यकर्ताले सर्वसाधारण उपभोक्ताको आर्थिक तथा सामाजिक विकासको लागि पारस्परिक सहयोग र सहकारीताको लागि सञ्चालन गरिने सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था संविधानले गरेको छ। यसभन्दा अगाडि रजिस्ट्रारको अधीनमा हुने सम्पूर्ण कार्य अब स्थानीय तहको जिम्मेवारीमा आएको छ।

## ३. एफ. एम रेडियो सञ्चालन

स्थानीय तहमा एफ एम रेडियो सञ्चालन अनुमति नवीकरण र नियमन स्थानीय तहबाटै गरिने व्यवस्था गरिएको छ । एफ. एम. रेडियो राख्ने र प्रयोग गर्ने काम कार्यहरूलाई नियन्त्रण र नियमित गरी शान्ति र सू-व्यवस्था एवं सर्वसाधाण जनताको सदाचार कायम राख्ने जिम्मेवारी पनि स्थानीय तहको हुने छ । रेडियो ऐन २०१४ मा उल्लेखित दफा ५ अनुसार लाइसेन्स प्राप्त गर्न यसअघि नेपाल सरकारवाट तोकिने अधिकारी पनि अब स्थानीय तहबाटै तोकिने छ ।

## ४. राजस्व सङ्कलन

स्थानीय तहको खर्च व्यवस्थापन, वित्तीय व्यवस्थापन, राजस्व सङ्कलन, समष्टिगत आर्थिक स्थायित्व र आर्थिक विकास तथा स्थानीय सरकारको अल्पकालीन र दीर्घकालीन खर्च व्यवस्थापनसम्बन्धी कार्यभार पनि स्थानीय तहमा आएको छ । सो व्यस्थापनको लागि स्थानीय तहले अब आफ्नो क्षेत्र भित्रको सम्पति र घरबहाल कर, घर जग्गा रजिस्ट्रेशन शूल्क, सवारी साधन कर, सेवा शूल्क दस्तुर, पर्यटन शूल्क, विज्ञापन कर व्यवसाय कर, भूमिकर दण्ड जरिवाना लगायतका राजस्व सङ्कलनको अधिकार संविधानले नै तोकेको छ । त्यस्तै स्थानीय पूर्वाधार तथा सेवामा निर्धारण र सङ्कलन तथा व्यवस्थापन, ट्रेकिंग र राफ्टिङ्ग शूल्क, स्थानीय राजस्व प्रवर्धनका लागि प्रोत्साहन, राजस्व सूचना तथा तथ्याङ्कको आदानप्रदान,राजस्व नियन्त्रणसम्बन्धी नीति, कानून मापदण्ड निर्धारण र नियन्त्रणका कामहरू पनि स्थानीय तहबाटै हुनेछ ।

## ५. स्थानीय सेवाको व्यवस्थापन

स्थानीय सेवाको व्यवस्थापन स्थानीय तहको महत्वपूर्ण संयन्त्र हो । यसले नीति कार्यान्वयनको साथै नीति निर्माता तथा नागरिकहरूबीच सेतुको भूमिका समेत निर्वाह गर्दछ । तसर्थ स्थानीय सेवाको व्यवस्थापन सम्बन्धमा नीति मापदण्ड र सेवाशर्त निर्धारण, योजना निर्माण, कार्यान्वयन र नियमन स्थानीय सरकारलाई नै दिएको छ । स्थानीय प्रशासनका काम कारवाहीमा पारदर्शिता र जवाफदेहिता प्रशासनिक सुशासनका लागि महत्वपूर्ण नीति नियम स्थानीय तहमै बनाउने अधिकार संविधानले दिएको छ । संविधानको धारा ३०२ लाई समेत आधार मानेर कर्मचारी समायोजनपछि वित्तीय स्रोतको अधीनमा रही आवश्यकताअनुसार स्थानीय सेवाको गठन, सञ्चालन र व्यवस्थापन स्थानीय तहको सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र कृषि विकास लगायतका काम पनि स्थानीय तहको संवैधानिक काम कर्तव्यमा पर्दछ ।

## ६. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन

स्थानीय तथ्याङ्कसम्बन्धी नीति कानून र मापदण्ड निर्धारण गर्ने कार्यभार स्थानीय तहको मातहतमा परेको छ । योजना तर्जुमा कार्यान्वयन तथा अनुगमन, तथ्याङ्क अद्यावधिक तथा संरक्षण, पञ्जिकरण व्यवस्थापन, स्थानीय तहको तथ्याङ्किय अभिलेख, सूचना तथा सञ्चार प्रविधियुक्त अभिलेख राख्ने कार्य पनि संवैधानिक स्थानीय तहलाई सुम्पेको छ ।

## ७. स्थानीय स्तरका विकास आयोजना तथा परियोजना

जबसम्म स्थानीय विकासका कदमलाई स्थानीयकरण गर्दै तीव्र बनाइँदैन तबसम्म समग्र देश विकासमा प्रभावकारी नतिजा प्राप्त हुन नसक्ने तथ्यलाई ध्यानमा राखेर संविधानले सहभागितात्मक विकासशैली अबलम्बन गर्ने नीति ल्याएको छ। संविधानले समता र सामाजिक न्यायमा आधारित सन्तुलित दिगो विकास सुनिश्चित गर्न स्थानीय तहमा सामाजिक समावेशीकरण, सामाजिक परिचालन,आदिवासी  जनजाति दलित सीमान्तकृत, उत्पीडित वर्ग एवं समुदायको क्षमता विकास र सशक्तिकरण गर्नका लागि आवश्यक आयोजना तथा परियोजना बनाउन स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको छ।

## ८. आधारभूत तथा माध्यमिक शिक्षा

स्थानीय क्षेत्रको शैक्षिक क्षेत्रमा द्रुत गतिमा विकास एवं बिस्तारको लागि आवश्यक नीति, योजना र कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन र अनुगमन गर्ने निकायका रुपमा स्थानीय तहलाई जिम्मेवारी सुम्पेको छ। प्रारम्भिक बाल शिक्षा तथा विद्यालय, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक एवं निरन्तर सिकाइ तथा विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन गर्नेदेखिका कार्यभार स्थानीय तहलाई दिइएको छ।

## ९. आधारभूत स्वास्थ्य र सरसफाई

आधारभूत स्वास्थ र सरसफाईसम्बन्धी नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन तथा नियमन गर्ने जिम्मेवार निकाय संविधानले स्थानीय तहलाई बनाएको छ। स्वास्थ्यसेवा सञ्चालन र प्रवर्धन,अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन, रक्तसञ्चार सेवा, स्थानीय तथा शहरी स्वास्थ्यसेवा सञ्चालन, तथा व्यवस्थापनको काम पनि स्थानीय तहलाई संविधानले जिम्मा दिएको छ।

## १०. स्थानीय बजार व्यवस्थापन वातावरण संरक्षण र जैविक विविधता

स्थानीय वातावरणीय नीति नियमसम्बन्धी संयन्त्रको सवलीकरण र संस्थागत क्षमता विकास गर्ने जनस्तरमा वातावरणीय सचेतना जगाउने, प्रदुषण रोकथाम, प्राकृतिक सम्पति तथा जैविक विविधताको संरक्षण गर्ने जिम्मेवारी अब स्थानीय तहलाई दिइएको छ। त्यसै गरी स्थानीय व्यापार, बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ता अधिकार एवं हितसम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन गर्ने कार्यहरू पनि यसैअन्तर्गत पर्दछ साथै स्थानीय स्तरको व्यापारिक फर्म दर्ता, अनुमति, नवीकरण र खारेजी तथा नियमन पनि स्थानीय तहबाट हुनेछ।

## ११. सडक, कृषि, सिँचाइ

स्थानीय, ग्रामीण र कृषि सडक निर्माण तथा विस्तार गर्ने, सिँचाइसम्बन्धी नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन गर्ने। सडक, कृषि, सिँचाइ, तटबन्ध, झोलुङ्गे पुल, पुलेसालगायतको निर्माण र प्रवर्धनबारे गूरुयोजना तर्जुमा, स्तरोन्नतिका आयोजना पहिचान, अध्ययन, कार्यान्वयन, मर्मतसम्भार र नियमन गर्ने। स्थानीय तहमा ट्रलीबस सञ्चालन, राष्ट्रिय रेल पूर्वाधार उपयोग गरी महानगरीय मेट्रोसिटी क्षेत्रभित्र सहरी रेलसेवा सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय र सहकार्यका काम पनि स्थानीय तहबाट हुने छन्।

## १२.गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

गाउँसभा वा नगरसभा सम्बन्धी नीति, कानून र कार्यविधि स्थानीयस्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति, सभाका समितिहरूको गठन र सञ्चालन, स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन, कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवश्यक निर्देशन, विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई निर्देशन, गाउँपालिका तथा नगरपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन, स्थानीय मेलपिलाप र मध्यस्थता, गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य पनि स्थानीय तहबाट हुने छन्।

## १३. स्थानीय अभिलेख व्यवस्थापन

स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन, जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पार्श्व चित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन, सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन, सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख, आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन, स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग, तथा स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य स्थानीय तहबाट हुने छन्।

## १४. घर जग्गा धनीपूर्जा वितरण

आधुनिक सूचना प्रविधिको उपयोग गरी भूमिसँग सम्बन्धित स्रेस्ता, नक्सा लगायतका सम्पूर्ण सूचनाहरू कम्प्युटर प्रणालीमा प्रविष्ट गराई जनतालाई भरपर्दो सरल र सहज सेवा प्रवाह गर्ने, प्रादेशिक मापदण्डबमोजिम स्थानीय घरजग्गा तथा धनीपूर्जा वितरण, लगत व्यवस्थापन, भूमिको वर्गिकरण अनुसारको लगत, जग्गाको विवादको समाधानको काम पनि स्थानीय तहवाटै हुनेछ।

## १५. कृषि तथा पशुपालन

कृषि वस्तुको बढ्दो माग परिपूर्ति गर्न उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने, साना र सीमान्त वर्गका किसानका लागि आवश्यक कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्यसम्बन्धी मापदण्ड निर्माण गर्ने। कृषि विकास र वातावरण संरक्षणबिच सन्तुलन कायम राखी दिगो कृषि विकास कार्यक्रमहरू सञ्चालन गर्ने। कृषिसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन गर्ने संवैधानिक अधिकार स्थानीय तहको हुनेछ।

## १६. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन

संविधानको धारा ४३ ले सामाजिक सुरक्षाको हक सुनिश्चत गरेको छ । जसले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने लोपोन्मुख जातिका नागरिकलाई कानूनबमोजिम समाजिक सुरक्षाको हकको व्यवस्था गरेको छ । सो नागरिक अधिकारलाई संघ, प्रदेशले निर्धारण गरेको मापदण्डबमोजिम जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन लगाएतका सामाजिक सुरक्षासम्बन्धी काम गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ ।

## १७. बेरोजगारको तथ्याङ्क सङ्कलन

संविधानको धारा ३३ ले नागरिकलाई रोजगारीको हकअन्तर्गत प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ भनी व्यवस्था गरेको छ । रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानूनबमोजिम हुनेछ भनी व्यवस्था गरिएकोले अव रोजगार र बेरोजगारको तथ्याङ्क सङ्कलन, विदेशी श्रमिकको सूचना व्यवस्थापन गर्ने कार्यभार स्थानीय तहको हुनेछ ।

## १८. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण

कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन, कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन, कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण, कृषि बिउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन, कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन, स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण, कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार, स्थानीयस्तरका स्रोत केन्द्रहरूको विकास र व्यवस्थापन, प्राङ्गारिक खेती तथा मलको प्रवर्द्धन र प्रचार प्रसार, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कार्यहरू स्थानीय तहको हुनेछ ।

## १९. खानेपानी तथा साना जलविद्युत् आयोजना, वैकल्पिक उर्जा

स्थानीय खानेपानीसम्बन्धी नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन, साना जलविद्युत् आयोजना र स्थानीय विद्युत् वितरण प्रणाली तथा सेवाको व्यवस्थापन र सञ्चालन, नियमन, खानेपानी महसुल निर्धारण र सेवा व्यवस्थापन लगायतका कामहरू पनि स्थानीय तहबाटै हुनेछ ।

## २०. विपद व्यवस्थापन

विपद् व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन । स्थानीय स्तरमा विपद् पूर्वतयारी खोज तथा उद्धार, राहत सामग्रीको पूर्ण भण्डारण र वितरणमा समन्वय गर्ने । विपद् जोखिम क्षेत्रको नक्साङ्कन, बस्तीहरूको पहिचान र स्थान्तरणलगायतका कामहरू गर्ने कामहरू पनि स्थानीय तहबाटै हुनेछ ।

## २१. जलाधार तथा वन्यजन्तु र खानी तथा खनिज पदार्थको संरक्षण

जलाधार तथा वन्यजन्तुसम्बन्धी नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन । पानीका मुहान संरक्षण, भूसंरक्षण, अनुकूलन खानी तथा खनिजको संरक्षणसम्बन्धी गर्ने काम पनि स्थानीय तहबाटै हुनेछ ।

## २२. भाषा संस्कृति र ललितकलाको संरक्षण

भाषा संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड निर्माण र योजना कार्यान्वयन र नियमन, पुरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालयको संरक्षण स्थानीय तहबाटै हुनेछ। यसरी संवैधानिक व्यवस्था अनुरुपको प्रशासनिक बन्दोवस्तीका साथै कानुनी, भौतिक, वित्तीय एवं सङ्गठन संरचनादेखि लिएर एकात्मक शासनमा चलेका कामहरूलाई पुर्नसंरचनामा ल्याऊनु चुनौती हो। तसर्थ संघ प्रदेश र स्थानीय सरकारको काम कर्तव्य र अधिकार संविधानको व्यवस्थाअनुसार कार्य विश्लेषण गरी तीनवटै तहमा कार्य जिम्मेवारी हस्तान्तरण भएमा मात्र कार्यसम्पादन शुरुबाट तथा दिगो रुपमा सुचारु हुन सक्छ। सरकारका तहहरूबीच कार्य विभाजन, तीनवटै तहको निर्वाचन, तीनवटै तहको सरकारको सङ्गठन तथा जनशक्ति व्यवस्थापन, सम्पति र दायित्वको बाँडफाँडलाई राजनैतिक दलहरू र जनताले बुझ्न अत्यावश्यक छ। स्थानीय तहमा सुशासन र समुचित विकास गर्ने मुख्य ध्येयले पुरानो संरचना विस्थापन गरेर नयाँ संरचना ल्याउनु मात्र आफैमा कायापलट हुने होइन। तसर्थ हरेक तहको शासन व्यवस्थापन तथा सञ्चालन सम्बन्धी जनतालाई सुसूचित गरी अभिमुखीकरण गर्न अत्यावश्यक छ।

## २३. न्याय सम्पादनको भूमिका

स्थानीय तह कार्यान्वयनसँगै अब सामान्य झैझगडा असहमति र मुद्दा मामिलाका विषयलाई लिएर जिल्ला अदालत जाने झन्झट अन्त्य भएको छ। अब नगरपालिकाको उपाध्यक्ष अथवा नगरपालिकाको उपप्रमुखले एक हदसम्म न्यायाधीशको भूमिका खेल्नेछन्। नयाँ संविधानको आधारमा गठन भएको स्थानीय तहको संरचनाले जिल्लाबाट मात्र मुद्दाको छिनोफानो हुने व्यवस्था खारेज गरेको छ। संविधानको धारा २१७ बमोजिम अब हरेक स्थानीय तहमा एक न्यायिक समिति गठन हुनेछ। यस्तो न्यायिक समिति स्थानीय तहको निर्वाचन पछि गाउँ\नगर सभाले गठन गर्नेछ। गाउँपालिकको उपाध्यक्षको अथवा नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा हरेक स्थानीय तहमा ३ सदस्यीय न्यायिक समिति गठन हुनेछ। उक्त समितिमा गाउँसभा अथवा नगरसभाले आफूमध्येबाट निर्वाचित गरेको २ जना सदस्यलाई न्यायिक समितिको सदस्य छनौट गर्नेछ। त्यसरी गठन हुने न्यायिक समितिले सामान्य खालका मुद्दा मामिला जग्गा जमिन अंशबण्डा विवाद जस्ता मुद्दाको टुङ्गो लगाउने छ। तर यस्तो न्यायिक समितिले हत्या, गाली बेइज्जती, सार्वजनिक अपराध जस्ता फौजदारी प्रकृतिका मुद्दाहरूको फैसला गर्न सक्दैन। न्यायिक समितिले गरेको मुद्दाको फैसलामा चित्त नबुझेमा त्यस्तो पक्षले उच्च अदालतमा पुनराबेदन दिन सक्ने व्यवस्था गरिएको छ।

# परिच्छेद - चार
# अध्ययन तथा अवलोकन

## ४.१ लेटाङ नगरपालिकाको गत आर्थिक वर्ष (२०८०।०८१) का मुख्य मुख्य उद्देश्य तथा प्राथमिकताहरू

### क) नगरपालिकाले लिएका उद्देश्यहरू

लेटाङ नगरपालिकाले यस नगरपालिकालाई दिर्घकालीन सोचमा आधारित समृद्धिको मार्ग प्रशस्त गर्न देहायबमोजिमको लक्ष्य निर्धारण गरेको छः

- लेटाङ नगरको समृद्धिको लागि आर्थिक गतिविधि एवम् विकास निर्माणका कार्यलाई तीव्रता दिने,
- आर्थिक, प्राकृतिक तथा मानवीय श्रोत साधनको अधिकतम उपयोग गरी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्दै गरिबी न्यूनिकरण गर्ने,
- मानवीय ज्ञान, सीप तथा प्राविधिक दक्षताको अभिवृद्धि गर्न क्षमता विकास कार्यक्रम संचालन गर्दै स्वरोजगार सिर्जना गर्ने,
- नगरक्षेत्रवाट प्रदान हुने सेवाहरु छिटो, छरितो, मित्तव्ययी र पारदर्शी रुपमा प्रवाह गर्दै नागरिक प्रतिको प्रतिवद्धता र जवाफदेहिता सुनिश्चित गरी सुशासन प्रवद्धन गर्ने।

### ख) प्राथमिकताहरू

- कृषि तथा पर्यटन क्षेत्रको विकास,
- गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा तथा गुणस्तरीय खानेपानीको प्रवन्ध,
- सामाजिक, आर्थिक, पूर्वाधार विकास लगायतका योजनाहरु तथा निर्माणाधीन र अधुरा आयोजनाहरुको निर्माण कार्य सम्पन्न,
- गुणस्तरीय शिक्षा, मानव संशाधन विकास र रोजगारी सिर्जना,
- आन्तरिक स्रोतको अभिवृद्धि गर्दै स्रोतको दिगो परिचालन,
- प्राकृतिक प्रकोपको जोखिम न्युनिकरण र वातावरण संरक्षण,
- उत्पादन अभिवृद्धि तथा स्वरोजगारी सिर्जना,
- सबै नागरिकमा विद्युत सेवाको पहुँच, नदी नियन्त्रणका लागि तटबन्धन तथा दिगो सिँचाई,
- लक्षित वर्ग, क्षेत्र, समुदायको क्षमता अभिवृद्धि तथा गरिवी न्यूनिकरण,
- असंगठित श्रमिकका लागि काम र रोजगारीका अवसर लक्षित समूहका लागि सामाजिक सुरक्षा,
- शासकीय क्षमताको अभिवृद्धि र सुशासन।

## ४.२ नगरपालिकाले गत आर्थिक वर्ष (२०८०।०८१)मा हासिल गरेका मुख्य मुख्य उपलब्धिहरू

लेटाङ नगरपालिका मोरङले गत आर्थिक वर्षमा सामाजिक तथा आर्थिक उपलब्धिहरू हासिल गरेको छ । नगरपालिकाभित्रका विषयगत कार्यालयहरू र गै.स.स.हरूबाट समेत सामाजिक उपलब्धी हासिल गर्न टेवा पुगेको छ । संक्षिप्त रुपमा नगरपालिकाले हासिल गरेका सामाजिक उपलब्धिहरू तल उल्लेख गरिएको छ ।

- नगर यातायात गुरुयोजना निर्माण कार्य भईरहेको छ । सडक निर्माण गर्दा asphalt Concrete प्रयोग तथा ५ लाख भन्दा माथिका उपभोक्ता समितिबाट संचालन हुने बाहेकका आयोजनाहरु E-bidding मार्फत सञ्चालन गरिएको छ । नदी नियन्त्रण, तटबन्धन, जालीमा ढुंगा भर्ने र पैनी मर्मत लगायतका काममा २०% श्रम सहभागिता अनिवार्य गरेको ।
- न्यायिक समिति इजलास, २ नम्वर वडा कार्यालय निर्माण, चिसाङ खोला घाट वडा नं. २ र ३ जस्ता महत्पुर्ण निर्माण कार्य सम्पन्न भएको ।
- कोल्ड स्टोरेज भवन समयमै सम्पन्न नगर्ने र ठेक्का प्रक्रियामा झुट्टा विवरण पेश गर्ने व्यवसायीलाई कालोसूचीमा राख्न लेखि पठाइएको ।
- जस्तापाता, तारजाली, ह्युम पाइप, डिजिटल एक्सरे, पशु औषधी, निशुल्क औषधी तथा औषधीजन्य सामग्री खरिद कार्य समयमै सम्पन्न गरी उपयोग गरिएको ।
- नगरपालिका, वडा र अस्पताल भवन निर्माण गर्न जग्गा प्राप्तिको प्रक्रिया शुरु गरी सम्वन्धित निकायमा नियमित समन्वय भईरहेको ।
- नगर पर्यटन बिकास गुरु योजना निर्माण कार्य प्रक्रिया अगाडि बढेको ।
- एउटा निर्माण व्यवसायीलाई घ बर्ग को निर्माण व्यवसाय इजाजत पत्र प्रदान गरिएको ।
- गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षा प्रदान गर्न सञ्चालित शैक्षिक कार्यक्रमहरू प्रभावकारी बनाउन विद्यालयहरूको सञ्चालन व्यवस्थापनमा आवश्यक अनुगमन र निरीक्षण भएको । विद्यालयहरू सञ्चालन व्यवस्थापनमा सृजनात्मकता सहित सुधार हुदै गएको छ भने लगानी अभावले विषयगत शिक्षक कमी, विद्यालय भवन जिर्ण हुदै गएकोले गुणस्तर सुधारमा चुनौती थपीदै गएको छ ।
- खुला प्रतियोगिताबाट प्रधानाध्यापक व्यवस्थापन गर्न नयाँ कार्यविधि लागु गरिएको ।
- नगर शिक्षा समिति, खेलकूद विकास समिति पूर्णता दिइएको ।
- नगरका युवाहरूलाई स्वयमसेवक परिचालन तालिम सञ्चालन गरी सशक्तिकरण गरिएको ।
- नगरस्तरी स्थानीय स्काउट गठन र कार्यालय स्थापना गरिएको तथा स्काउट मार्फत युवा परिचालन गर्न सुरू भएको ।

- लेटाङ अस्पताल डेङ्गि तथा महामारीजन्य रोगहरुको उपचारका लागि ट्रपिकल वार्ड/ आकस्मिक कक्ष व्यवस्थापन गरी ३७४६ जना भन्दा धैरैको परीक्षण गरी १३५४ जनाको डेङ्गी पहिचान गरिएको छ। १७८० जना डेडी लगायत आकस्मिक अवस्थाको भर्ना गरी उपचार गरिएको ।
- चुरे क्षेत्रको १ नं. वडामा ५००० चिउरीको बोट रोपिएको।
- दमकल सेवा, शववाहन सेवाहरु नियमित रुपमा संचालनमा रहेको छ। बेबारिसे मानव र लास व्यवस्थापन गर्ने गरिएको।
- मौसमजन्य बाढी, पहिरो नियन्त्रण तथा नदि तटबन्धन, सिँचाई पैनीहरुको संरक्षण तथा पैनीको मुहान उकास्ने कार्य आवश्यकता अनुसार नियमित रुपमा संचालनमा रहेको।
- चालु आम.ब. कार्यविधि १३, ऐन - २, ऐन संशोधन -५, नीति -१, निर्देशिका -१, कार्यविधि संशोधन-१ वटा निर्माण भएको तथा ८ वटा स्थनीय संस्था दर्ता भएको पाईयो।
- नागर आवधिक योजना, मध्यकालीन खर्च संरचना राजस्व सुधार कार्य योजना, नगर वस्तुनिक विवरण र लैंगिक समानता तथा समावेशीकरण वजेट परीक्षणको कार्य सम्पन्न भएको पाइएको छ।
- नियमित सार्वजनिक सुनुवाई सामाजिक परीक्षणको कार्य सम्पन्न भएको तथा नियमित कार्यापालिकाको निर्णयहरू खरिद सम्बन्धी सूचना समीक्षा प्रतिवेदन त्रैमासिक प्रगति प्रतिवेदन तया स्वतः प्रकाशन गर्नुपर्ने सूचनाहरू र अन्य दस्तावेजहरू वेभसाइटमा राखिएको पाइएको छ।
- लेटाङ बजारभित्र ट्राफिक व्यवस्थापनको कार्य, आकस्मिक सेवा तथा सूचनाका लागि एक घर एक स्टिकर टाँस्ने कार्य सम्पन्न भएको।
- नगरपालिकामा डीजिटल बडापत्र र कर्मचारी सहित हेल्पडेस्क संचालनमा आएको।
- रिक्त दरबन्दीहरूमा खुल्ला प्रतिस्पर्धा मार्फत करारबाट पदपुर्ति गरिएको साथै ०&M रिक्त दरबन्दीमा स्थायी नियुक्तीका लागि प्रदेश लोकसेवा आयोगमा कर्मचारी माग गरिएको छ। नगरपालिकाको कार्यालयमा स्थायी कर्मचारी ३३. करार कर्मचारी ३९, नगर प्रहरी ५ जाना र बोर हाजिरीमा ३० जना र स्वास्थ संस्थामा स्थायी २७ करार २९ गरी कुल १५५ कर्मचारीह कार्यरत रहेका छन्। चालु आ.व. मा १० जना कर्मचारीहरुको तहबुद्धि भएको छ।
- आ.व. ०७९।८० मा LISA तर्फ ६८.५४ र FRA मा ७७.५% अङ्क प्राप्त गरी संस्थागत क्षमतामा सुधार भएको छ।
- महालेखा परीक्षणको कार्यालयको प्रतिवेदनमा औल्याएका विगत वर्षहरूका बेरुजुलाई क्रमशः घटाउदै लगिएको अवस्था छ। अघिल्लो आ.व. ०७८।०६९ को तुलनामा चालु आ.व. २०७९।०८० मा ५४.१६५ बेरुजु कम भएको छ।

### ४.३ नगरपालिकाका यस वर्षका मुख्य मुख्य उपलब्धिहरू (आ.व. २०८१।०८२)

- स्थानीय दररेट कायम भएको पाईएको छ । स्थानीय स्तरमा उपलव्ध हुने सामाग्रीहरू (ढुङ्गा, गिट्टी, बालुवा) जिल्ला दररेट भन्दा ३० प्रतिशत मुल्य कायम ।
- E-Bidding मार्फत विभिन्न ठेक्का खुलाईएको (पशु औषधी र डेङ्गी नियन्त्रणका तथा अत्यावस्यक औषधीहरू खरिद गर्न, नगर रंगरोकन, वडा नं. ८ र ९ को प्याकेजिङ आदि ।
- योजना कार्यन्वयन तथा कार्यातालिका निर्माण सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न ।
- उपभोक्ता समितिसंग योजनाहरूको सम्झौता तथा अभिमुखीकरण वडागतरूपमा संचालनमा रहेको ।
- आ.व. २०८०।०८१ को आन्तरिक लेखा परिक्षणको काम सम्पन्न भई आ.व.२०८१।०८२ को आ.ले.प को काम सुरू भएको ।
- बेरूजु फछौंटको लागि अवस्यक प्रमाण संगलन गर्ने, सम्परिक्षण गराउने तथा सम्वन्धीत शाखाहरूलाई प्रमाण उपलव्ध गराउन पत्र लेख्ने काम भईरहेको ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको श्रम स्विकृती तथा पूनः श्रम स्वीकृति ६४ जनाको भएको ।
- आर्थिक सहायता सहजिकरण १ जनालाई गरिएको ।
- आ.व. २०८०।०८१ मा रोजगार प्राप्त ७७ जना व्यक्तिहरूको विवरण रोजगार व्यवस्थापन सुचना प्रणालीमा प्रविष्टी ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं. १ मा १ वटा योजना सम्झौता भई कार्यन्वयामा रहेको ।
- सुचिकृत बेरोजगारहरूलाई कार्यस्थलमा आधारीत सीप तालिम संचालनको लागि खरिद प्रकृया सम्पन्न ।
- सर्पदंश उपचार केन्द्र स्विकृतीका लागि पहल भई स्वास्थ्य सेवा विभागवाट स्वीकृती प्रदान भएको ।
- डेङ्गु रोगको लागि औषधी खरिद भई अस्पताललाई हस्तान्तरण भईसकेको ।
- एन्जल ईउन्डेसनको सहयोग र साना किसान कृषी सहकारीको आयोजनामा लेटाङ अस्पातालमा पाएल्स, फिटुला शिविर संचालन भएको जसमा, महिलाः- १४ र पुरुषः- १० गरि जम्मा २४ जनाले सेवा लिएको ।
- प्राथमिक उपचार सम्बन्धी १ दिने अभिमुखिकरण कार्यक्रम लेटाङ नगरपालिका वडा नं. ५ मा सम्पन्न भएको जम्मा सहभागी संख्या:- ८५ जना ।
- भिटामिन ए कार्यक्रम सम्पन्न भएको जसमा, भिटाममिन ए खुवाईएको संख्याः- २५७६ र जुकाको औषधी पाएको संख्याः- २३३४ ।
- एच. पि . भी. खोप का लागी १० देखी १५ बर्ष सम्मका किशोरी हुरुको तथ्यांक संकलन सम्पन्नः- जम्मा किशोरिको संख्याः- २७२१ ।
- साझेदार संस्था संग आँखा उपचार केन्द्र स्थापनाका लागि प्रस्ताव आवहान गर्न प्रक्रिया अगाडी वढाइएको ।

- बिपन्न नागरिक शिफारिस २० जना लाई गरिएको।
- प्रथम त्रैमासिक ( श्रावण,भदौ, असोज) को लक्षित विपन्न रोगि हरु ९१ जनाको मासिक ५०००/- का दरले जम्मा रु. १३१५०००।– भुक्तानी भएको।
- IDA Impact Survey (IIS-1) सम्पन्न।
- पशु उपचार सेवा सङ्ख्या ५२३८, रोग नियन्त्रण खोप सेवा ४९९१, कृत्रिम गर्भधारण सेवा २५२, हिउँदे घाँस बिउ वितरण (जै १९०० के.जी., बर्सिम २४५ के.जि.), पशु वन्ध्याकरण ४८६, सामुदायिक कुकुर वन्ध्याकरण १००, प्रयोगशाला सेवा ९४, बजार मुल्य संकलन ४ पटक, मासु पसल व्यावस्थापन तालिम १ पटक गरिएको।
- घर नक्सा अभिलेखिकरण कार्याविधि २०७९ बमोजिम घर नक्सा अभिलेखिकरण ०३, तला थप अभिलेखीकरण १, अभिलेखीकरण प्रकृया ०४।
- घर नक्सा पास तर्फ प्रथम चरण ईजाजत ०३, दोश्रो चरण ईजाजत ०३, निर्माण सम्पन्न् ०७, ईजाजत प्रकृयामा ०७ रहेको।
- भौतिक निर्माण तर्फ, कच्चि सडक मर्मत, २२.९६ कि.मि., भवन मर्मत/रंगरोगन २ वटा, तटबन्धन ५६७ घ.मि., पैनी मुहान मर्मत ६ वटा, सडक बत्ती मर्मत/जडान १८८ वटा, स्टेनलेस स्टील रेलिङ ११९ फिट
- नगरपालिका क्रमशः आफ्नो राजस्व वृद्धि गर्नमा प्रयासरत रहेको।

### ४.४ नगरपालिकाले आयोजना कार्यान्वयन गर्दा भोगेका समस्या तथा चुनौतिहरू

लेटाङ नगरपालिकाको स्थापना भएपश्चात लेटाङ नगरपालिकाकाले प्राप्त गरेको बजेटलाई दिगो विकासको प्रतिफल प्राप्त गर्ने योजनाहरूमा वाँडफाँड गरी योजनाहरूको कार्यान्वयन गर्ने जमर्को गरेको देखियो। नयाँ व्यवस्था नयाँ स्थानीय सरकार भए तापनि पुरानो संस्कारलाई परिवर्तन गर्न नसकी रहेको समाजमा एकैपटक परिवर्तनको आशा गर्न नसकिने र लेटाङ नगरपालिकामा पनि योजनाहरूको कार्य सम्पादनमा तिनै समस्याहरू देखापरेका कुरा अवगत भएको छ। साथै कार्यसम्पादनमा विभिन्न कुराका चुनौतीहरू पनि देखिएका छन्।

- कतिपय कनुनहरू जस्तै शिक्षा, संघीय निजामती ऐन हालसम्म नबनेकोले जनशक्तिको उत्प्रेरणा र मनोबल उच्च बनाउन समस्या रहेको छ भने व्यवस्थापनमा समस्या भैरहेको।
- वित्तीय समानीकरण, राजस्व बाँडफाड र आन्तरिक राजस्व कमी हुँदा स्रोतको कमी रहेको।
- आवधिक योजना, वार्षिक विकास आयोजना छनौट, संचालनमा समय परिपालना, गुणस्तर सुनिश्चित गर्न कठिनाइ रहेको।
- जग्गा प्राप्ति तथा श्रोत अभावले आधुनिक कार्यालय भवन र वडा कार्यालय बनाउन नसक्दा कार्यवातावरणमा सुधार गर्न नसकिएको।
- स्रोत अभावमा सन्तुलित विकासका कार्यक्रमहरू सञ्चालन गर्न कठिनाई।
- समयमै खरीद गुरू योजना तयार गरि वार्षिक खरिद योजना वनाई काम गर्न नसक्दा खरिद प्रकृयामा समस्या भईरहेको।

- कर्मचारीहरु वारम्वार परिवर्तन भईरहँदा संस्थागत संस्मरण तथा कार्य सम्पादनमा समस्या परेको ।
- उपभोक्ता समिति समयमा गठन नहुनाले समयमा योजना सम्झौता र सम्पन्न हुन कठिनाइ ।
- मेसिन (Backhoe Loader) को भाडा दर नगरपालिका द्वारा स्वीकृत दर भन्दा व्यवसायिहरुको दर उच्च भएको ।

## ४.५ लेटाङ नगरपालिकाको अवसर, सम्भावना तथा आगामी दिनमा चाल्नु पर्ने कदमहरू

- नगरपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, तोरी, तरकारी तथा खाद्यान्न र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेकाले त्यसतर्फ कार्ययोजना बनाई काम गर्ने ।
- लेटाङ नगरपालिकाको पर्यटकीय स्थलहरूको विकास र विस्तार साथै प्रचारप्रसार गरी पर्यटन विकास र विस्तार गर्ने खाद्यान्न बाली, तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यावसायिक कृषि उत्पादनलाई जोड दिनु सहज तथा उचित देखिन्छ जसको बजार क्षेत्र उर्लाबारी, पथरी, रंगेली, बिराटनगर समेत हुने देखिन्छ ।
- लेटाङ नगरपालिकाभित्र सङ्कलन हुने पटके कर लागायतका अन्य कर, सेवा शूल्कहरूलाई प्रभावकारी कार्यान्वयनमा ल्याउनुपर्ने । व्यवसाय करलाई अझ प्रभावकारी बनाउँदै उद्योगी व्यवसायीहरूसँग सहकार्य गर्दै बजार विस्तार र विविधीकरणमा भूमिका खेल्नुपर्ने ।
- उद्योग, शिक्षा, स्वास्थ्य, सञ्चार क्षेत्रमा तीब्र विकास भइरहेकाले नगरपालिकामा दक्ष जनशक्तिको उत्पादन वृद्धितर्फ विशेष कदम चाल्नुपर्ने ।
- यातायात गुरु योजनाको निर्माण गरी सोही आधारमा सडक सञ्जालहरूको विकास, विस्तार र नेटवर्क निर्माण गरी गाउँ यातायात सञ्चालन गर्न सके नगर र शहरको अन्तरसम्बन्ध गतिशील हुने साथै ग्रामीण क्षेत्रको उत्पादन, शहरी क्षेत्रको खाद्यान्नको आधार भई ग्रामीण अर्थतन्त्र चलायामान हुने देखिन्छ । यसका लागि पूर्जीं परिचालन गर्न स्थानीय सहकारीहरू लाई प्रर्वद्धन गर्नु पर्ने ।
- सहकारीहरूको समन्वयमा श्रोत परीचालनमार्फत चौतर्फी विकास गर्न सक्ने सम्भावना रहेकाले त्यसतर्फ कार्य गर्ने ।
- नगरपालिकाको आम्दानी  निर्माण गर्न पर्यटन क्षेत्रको सम्भाव्यता अध्ययन र गुरु योजना निर्माण गरी प्रचार प्रसार गर्नुपर्ने । नगरपालिकाको सौन्दर्य निमार्ण एवम् सिर्जनात्मक कामको पहल गर्नु पर्ने ।
- गाउँको फोहोरमैला व्यवस्थापन सार्वजनिक निजी साझेदारीको माध्यबाट गर्ने प्रबन्ध गर्नु पर्ने ।
- स्रोतमानै फोहोर छुट्टयाउने कार्यलाई प्रथमिकतामा राख्नु पर्ने ।
- फोहोरमैला व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन गाउँका बजार क्षेत्रमा कम्तीमा हप्तामा एक दिनका दरले सरसफाई गर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाउने ।
- लेटाङ नगरपालिकाको अर्को प्रचुर सम्भावना वनमा अधारीत उद्यम विकास भएकोले नगरले उद्यम विकास रणनितिक योजना तयार गरी सोही बमोजिम काम गर्नु अवस्यक देखिन्छ ।

## ४.६. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा (गत आर्थिक वर्षहरूमा गरिएका कामहरूवाट प्राप्त नतीजाहरूको तुलनात्मक अध्ययन।

**तालिका नं.५: सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा**

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| पाँच वर्ष मुनिका बालबालिकाको संख्या<br><br>(जम्मा जनसङ्ख्या ३८११७ मध्ये जम्मा २८१४ जना वालवालिका)<br><br>(७.३८ प्रतिशत) | ▪ पुर्ण खोप पालिका<br>▪ वृद्धि अनुगमन न्युन<br>▪ बालबालिकाको लागी पोषण युक्त आहरको चेतनामा कमी | ▪ पोषण सुधारका लागी otc को व्यवस्थापन,<br>▪ राष्ट्रिय स्वास्थ्य कार्यक्रमहरु सुरक्षित प्रसुतिसेवा खोप कार्यक्रम,<br>▪ पूर्ण खोप दिगोपना कार्यक्रम को कार्यान्वयन,<br>▪ Tyhphio, Rotaviruse, pcv भ्याक्सिन जस्ता नयाँ खोपहरूको समावेश भई रहेको,<br>▪ CBIMNCI को प्रोटोकल अनुसार उपचार तथा प्रेषण। | ▪ कुपोषित बालबालिका समयमै पहिचान भई जोखिम न्युनिकरण हुनुको साथै बालबालिकामा न्यून तौल, स्टन्टिङ र वेस्टिङको दर घटाउन सहयोग पुगेको।<br>▪ भिटामिन ए पूरकता कार्यक्रमले पाँच वर्षमुनिका बालबालिकामा कुपोषण र अन्धोपन घटाउन सहयोग पुर्‍याएको छ।<br>▪ स्तनपान प्रवर्द्धन: जन्मपश्चात शिशुलाई पहिलो ६ महिनासम्म मात्र स्तनपान गराउने प्रवृत्ति बढेको छ।<br>▪ रोग रोकथाम र उपचार गुणस्तर सेवा प्रदान भएको। |
| स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | 1031 विशेष गरी वडा नं.१ र ७ मा वर्षायाममा ४ महिना बाहेक सबै पुग्छन। | ▪ हरेक महिना गाउघर किल्निक संचाालन,<br>▪ सडक मर्मत तथा नयाँ ट्र्याक खोल्ने, कल्भर्ट बनाउने, ग्राभेल गर्ने, रिटेनिङ्ग वाल निर्माण गर्ने लगायतका कामहरू प्राथामीकताको अधारमा भैरहेको। | ▪ स्वास्थ्य सेवा अन्तर्गत सुरक्षित मतृत्व जाँच , परियार नियोजन र समान्य उपचारको लागि सेवाग्रही वृद्धि भएको।<br>▪ बिगतमा भन्दा यातायातको पहुचमा वृद्दि भएको कारण स्वास्थ्य चौकीमा नागरिकको पहुच वढेको छ। |
| खोपमा पहुँच भएको जनसंख्या (१ वर्ष मुनिका बालबालिकाको आधारमा) | ८६.४ प्रतिशत | ▪ हरेक महिन खोप संचालन,<br>▪ सरसफाई प्रबर्धन कार्यक्रम संचालन। | ▪ पुर्ण खोप पालिका।<br>▪ रोग प्रधिरोधात्मक क्षमता वृद्धि भएको।<br>▪ ४९७ जनाले यो आ.व. मा खोप सेवा लिएको। |

| | | | |
|---|---|---|---|
| ४ पटक गर्भवती जाँच गरिएको संख्या | >३५%,भौगोलिक संरचना नै अफ्ठायरो हुनुको साथै पहुँच टांडा रहेकोले सेवाग्राहिलाई सेवा लिन झन्झटिलो हुनुको साथै बच्चामा र आमा स्वास्थ्य जोखिम , धैरै प्रसुति c\s हुने हुदा सेवाप्रदायक माथि विश्वाश कम,Vedio-xray सेवा नहुनु | ▪ स्वास्थ्य आमा समुहमा सामुदय महिला स्वास्थ्य स्वंयम सेविकालाई गर्भवस्था विषय छलफल बढाउन जोड,<br>▪ Vedio-xray सेवा हरेक हप्ता २ चोटि सेवा कार्यन्वयन,<br>▪ गाम्रीण आमा सुरक्षा कार्यक्रम कार्यन्वयन,<br>▪ PNC visit कार्यक्रम कार्यन्वन। | ▪ महिलाहरूलाई गर्भावस्थाका जाँचहरूको महत्त्व, फाइदा, र प्रक्रिया सम्बन्धी जानकारी भएको।<br>▪ Vedio-xray सेवा संचालन अस्पतालमा गर्भावस्थाका जाँच वृद्धि भएको।<br>▪ स्वास्थ्य सेवा पुग्न ढिलो भई र बच्चामा र आमा हुने जोखिम न्युनिकरण भएको।<br>▪ सुत्कर्री पश्चात रक्तश्राप हुने जोखिम न्युनिकरण र आमा र बच्चाको स्वास्थ्य आवस्था सुनिश्चत गर्ने अवसर भएको। |
| प्रसुति गरिएका महिलाको संख्या | > 63 संख्या | ▪ स्वास्थ्य आमा समुहमा सामुदय महिला स्वास्थ्य स्वंयम सेविकालाई गर्भवस्था विषय छलफल बढाउन जोड,<br>▪ Vedio-xray सेवा हरेक हप्ता २ चोटि सेवा कार्यन्वयन,<br>▪ गाम्रीण आमा सुरक्षा कार्यक्रम कार्यन्वयन। | ▪ स्वास्थ्य सेवा पुग्न ढिलो भई र बच्चामा र आमा हुने जोखिम न्युनिकरण भएको। |
| भाडा पखालाबाट मृत्यु हुने बालबालिकाको संख्या | ० | ▪ Rotaviruse भ्याक्सिन जस्ता नयाँ खोपहरूको समावेश भई रहेको,<br>▪ Cbimnci को प्रोटोकल अनुसार उपचार तथा प्रेषण। | ▪ बालबालिका भाडा पखाला समयमै पहिचान भई जोखिम न्युनिकरण हुनुको।<br>▪ रोग रोकथाम र उपचार गुणस्तर सेवा प्रदान भएको। |
| कडा खालका निमोनिया भएका बालबालिका संख्या | ० | ▪ PCV भ्याक्सिन जस्ता नयाँ खोपहरूको समावेश भई रहेको<br>▪ Cbimnci को प्रोटोकल अनुसार उपचार तथा प्रेषण। | ▪ बालबालिका PCV समयमै पहिचान भई जोखिम न्युनिकरण हुनु।<br>▪ रोग रोकथाम र उपचार गुणस्तर सेवा प्रदान भएको। |
| एच.आई. भि. र एडस | रोगीको विवरण नरहेको। | ▪ बसाइसराई गरी आएका तथा वैदेशिक रोजगारीबाट फर्किएका मानिसहरूलाई विशेष ध्यान दिने गरेको। | ▪ एच.आई. भि. र एडस सम्बन्धी मानिस हरूमा सचेतना स्तर बढ्दै गएको। |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको सङ्ख्या | यकिन तथ्याङ्क नरहेको | ▪ सवै स्थानमा सहज सडक पहुच पुरयाईएको,<br>▪ बालविकास केन्द्रहरुलाई सक्रिय बनाईएको,<br>▪ पालिका मातहत जम्मा ३१ सामुदायिक विद्यालय तथा ४६ बालविकास केन्द्र, १ संस्कृत विद्यापीठ र १६ संस्थागत विद्यालय संचालनमा रहेको। | ▪ हाल ५० भन्दा कम वालवालिका मात्र आधा घण्टा भित्र प्राथमिक विद्यालय पुग्न सक्दैनन्।<br>▪ शिक्षामा पहुँच वृद्धि भएको।<br>▪ शिक्षाप्रति सचेतना बढेको। |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ८० प्रतिशत | ▪ समुदायमा ६ ECD नयाँ संचालनको लागि अनुमती दिईएको,<br>▪ स.का. तालिम,<br>▪ तथ्याङ्क सुद्धताको प्रयास,<br>▪ बिद्यार्थी भर्नाको लागि समुदायमा चेतनामुलक कार्यक्रम संचालन गरीएको कारण पूर्व प्राथमिक विद्यालयको भर्नादर बढेको। | ▪ सिकाई उपलव्धीमा सुधार।<br>▪ बाल शिक्षामा भर्नादर बढेको।<br>▪ आफ्नो घर टोल नजिकै रहेको बाल विकास केन्द्रमा भर्ना हुने क्रम बढेको।<br>▪ हाल खुद भर्ना दर ८०.२ प्रतिशत रहेको। |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका सङ्ख्या वा प्रतिशत | ०.९३ प्रतिशत | ▪ बिभिन्न सचेतनामुलक कार्यक्रम संचालन<br>▪ प्रत्येक वर्ष नयाँ शैक्षिक सत्र सुरु हुँदा भर्ना अभियान प्रभावकारी वनाईएको,<br>▪ निःशूल्क शिक्षा, छात्रवृत्ति,<br>▪ खाजा कार्यक्रम पोशाक र पाठ्यपुस्तक लगायतका सुबिधा दिने गरेको। | प्राथमिक विद्यालयमा पुगेका बालबालिका को सङ्ख्या (१०० प्रतिशत) रहेको। |

| | | | |
|---|---|---|---|
| कक्षा १ मा खुद भर्नादर छात्रछात्रा | ९५ प्रतिशत | ECD कक्षा २ वर्षको मात्र राख्ने निर्णय गरी कार्यन्वयन गरीएको, | प्रत्येक विद्यालय प्रत्येक वर्ष नयाँ शैक्षिक सत्र सुरुहुँदा भर्ना अभियान चलाएकोले भर्नादर बढेको। (९६ छात्रा प्रतिशत, ९६.१ छात्र) |
| प्राथमिक तहमा कक्षा छोडने कक्षा दोहोर्याउने र कक्षा उत्तीर्ण हुने दर | यकिन तथ्याङ्क नभेटीएको | ▪ निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षान्नती<br>▪ पठनपाठनलाई व्यवस्थित गर्न सहजिकरण सामाग्री<br>▪ छोटो अवधीको तालिम<br>▪ आमावुवा विहिन वालवालिकालाई छात्रावृत्री<br>▪ बालिका शिक्षा वचत कार्यक्रम संचालन | ▪ १.२ प्रतिशत कक्षा छोड्ने<br>▪ २.५ प्रतिशत कक्षा दोहोर्याउने<br>▪ ९२.३ प्रतिशत उत्रिण |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक सङ्ख्या | ९८ प्रतिशत | ▪ आधारभुत तालिम पढाईकै क्रममा लिएको,<br>▪ पेशागत विकास तालिम अभाव छ। (नयाँ शिक्षक थपिएको र पुरानाले अवकास पाएको हुनाले) | थप कुनै किसिमको तालिम नलिएको। |
| प्रति कक्षा कोठा विद्यार्थी सङ्ख्या | ३० जना सम्म | ▪ उच्च चाप भएको विद्यालयमा कक्षा थप गर्ने योजना,<br>▪ २ सिफ्ट कक्षा संचालन (शिक्षा विकास खेरूवा र लक्ष्मी मा.वि. फडानी),<br>▪ सेक्सन ब्रेक (शान्ति भगवती लेटाङ ४) | ▪ तराई क्षेत्रमा प्रति कक्षा कोठा विद्यार्थी सङ्ख्या अनुकुलनै रहेको।<br>▪ पहाडी क्षेत्रमा न्यून रहेको। |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा सङ्ख्या | नवनेको | संघिय सरकार र Welfare सँग समन्वय भईरहेको | प्रकृयामा रहेको। |
| गाउँपालिकाबाट निर्मित विद्यालय कोठा सङ्ख्या | नवनेको | नगरसभामा बजेट माग गरिएको, योजनामा भवन निर्माण राखिएको, | प्रकृयामा रहेको। |
| दलित बालबालिकाको शिक्षामा पहुँच | ९५ प्रतिशत | ▪ दलित छात्रबृति, विद्यालय खाजा कार्यक्रम<br>▪ दलित विद्यार्थीका अभिभावकलाई विद्यार्थी भर्ना गर्न गराउन उत्प्रेरीत गरिएको। | ९६ प्रतिशत। |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ पानी पुगेको परिवार सङ्ख्या वा प्रतिशत | निजी पाइपवाट ८४.८५%, सार्वजनीक धारावाट १०.६१%, इनार वा कुवावाट ४.०१%, मुलको पानी ०.२७%, नदि/खोला वाट ०.०६%, नढाकिएको इनार वा कुवावाट ०.२२% ले पानी पिइरहेका छन। | ▪ खानेपानीको लागि विपन्न वर्गहरुमा पाइप वितरण गरीएको,<br>▪ ओभरहेड ट्याङ्की निर्माणको लागि पहल तथा केहीको निर्माण प्रकृया अगाडि बढेको,<br>▪ स्वस्थ पानीको लागि फिल्टर को प्रयोग गर्ने गरेको । | ▪ शुद्ध पिउने पानी वितरण तर्फ नीति निर्माण भएको तथा शुद्ध खानेपानीमा पहुँच बढेको।<br>▪ वडा नं. २ मा ओभरहेड ट्याङ्की निर्माण को क्रममा रहेको। |
| शौचालय नभएको सङ्ख्या वा प्रतिशत | ०.६२ % | ▪ सरसफाईमा सम्वन्धी सचेतनामुलक कार्यक्रम संचालन गरिएको,<br>▪ चेतनास्तरमा वृद्धि भएको,<br>▪ सवै वडाहरू खुल्ला दिसामुक्त क्षेत्र घोषणा भई सकेको। | ▪ शौचालय प्रयोग गनुपर्ने चेतनाको विकास भएको।<br>▪ ८६६४ घरधुरी मध्ये ८६१० (९९.३८) घरधुरीमा शौचालय भएको।<br>▪ शौचालय वन्न वाकी परिवारको लागि पहल भईरहेको।<br>▪ १०० % विद्यालयमा शौचालय भएको। |
| सुधारिएको चुलो भएको परिवार सङ्ख्या | काठ दाउरा ५३%, ग्यास ४१%, बायो ग्यास २%, ग्यास/दाउरा ३%, | ▪ सबै वडालाई धुवामुक्त क्षेत्र घोषणा गर्ने योजना रहेको,<br>▪ स्वास्थ्यसम्वन्धी चेतना,<br>▪ विद्यार्थीहरू लाई स्कुल शिक्षामा धुवारहित सुधारीएको चुलो वा विधुतिय चुलो प्रयोग गर्न सन्देशमूलक शिक्षा प्रदान गर्ने। | ▪ धुवाँरहित सुधारिएको चुलो वा विधुतिय चुलो प्रयोग सम्वन्धमा सचेतना वृद्दि भएको।<br>▪ २४ घरधुरीमा बाँयोग्यास निर्माण कार्य सम्पन्न भएको। |

| | | | |
|---|---|---|---|
| स्रोतमा फोहोर छुट्याउने घरधुरी सख्ङ्या र प्रतिशत | ▪ एकिन तथ्याङ्क नरकेको | ▪ बजार तथा गाउँघरमा फोहोर छुट्याएर व्यवस्थापन गर्न सचेतनामुलक कार्यक्रम गरिएको<br>▪ फोहोर छुट्याएर व्यवस्थापन गर्ने तथा प्लास्टिक तथा प्लास्टिक जन्य वस्तु बोतल बाल्न नहुने बारे विभिन्न प्रकारका सचेतना कार्यक्रम सञ्चालन भइरहेको। | ▪ घर आँगन, भान्सा तथा अन्य स्थानबाट निस्कने फोहोर र सो को व्यावस्थापन बारे सचेतना वृद्धि भएको।<br>▪ फोहोर छुट्याएर व्यवस्थापन गर्ने गरेको। |
| पूर्ण सरसफाई वातावरणमैत्री भएको घर | एकिन डाटा नभएको | उत्पादन हुने फोहोरमा कुहिने र नकुहिने छुट्याएर फोहोर व्यवस्थापनको गर्न जानकारी दिएको। | सबै क्षेत्रमा फोहोर छुट्याएर व्यावस्थापन गर्ने अभ्यास सुरू भएको। |
| फोहोर प्रशोधन केन्द्रको व्यवस्थापनको अवस्था | सडक छेउमा थुपार्ने फोहोर हाल आएर कम भएको, ल्याडफिल्ड साइडको अभाव | ल्याडफिल्ड साइड निमार्णको लागि ठाँउ खोजी तथा छिमेकि पालिकाहरूसँग समन्वय भइरहेको तथा हाललाई निश्चित ठाउँमा फोहोर फाल्ने र व्यवस्थापन गर्ने गरेको। | ल्याडफिल्ड साइडको निमार्णको लागि अवस्यक पहल तथा समन्वय भईरहेको। |
| टुबेल, धारा वा पानीको मुहानमा सरसफाई प्रतिशतमा | ९५ प्रतिशत | ▪ प्राय घरधुरी निजि धारा/पाईपवाट आउने पानी प्रयोग गर्ने भएकोले स्रोतहरूमा सरसफाई गर्ने गरेको।<br>▪ स्थानीय तहका साथै विभिन्न संघ संस्थाको सहयोगमा सरसफाई बारे सचेतना कार्यक्रम सञ्चालन भइरहेको। | पानी तथा पानीजन्य रोगका कारणले हुने रोगहरूमा कमी आएको। |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | | |
| बाल बिवाहको सङख्या | बालविवाह भए पनि एकिन तथ्याङ्क नरहेका | ▪ बालविवाह सम्वन्धमा विभिन्न विद्यालयमा सचेतनामुलक कार्यक्रम संचालन गरिएको । | ▪ इलाका प्रहरी कार्यालय लेटाङको तथ्याङ्क अनुसार गत आ.व. मा वालविवाह सम्वन्धी कुनै उजुरी नपरेको । |
| सामाजिक बिकृति, विसंगती | छिटफुट मात्रामा रहेको | ▪ नगरपालिका कार्यालय, वडा कार्यालयहरू तथा प्रहरी चौकी साथै विभिन्न संघ संस्था माध्यमबाट बालविवाह, दाहेजप्रथा, श्रमशोषण, यौनजन्य दुव्र्यवहार, दुव्र्यसन तथा अन्य सामाजिक विकृति, विसंगती विरुद्ध जनचेतना बढाइएको,<br>▪ महिला हिँसा बिरुद्ध १६ दिने अभियान कार्यक्रम संचालन गरीएको । | ▪ चेतनास्तरमा सुधार हुदै गएको ।<br>▪ नगर स्तरमा दुव्र्यसन नियन्त्रणका लागि सम्वादहरू भइरहेको देखियो । |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपाङ्ग, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जाति) | उल्लेखीत बर्ग १०० प्रतशित सामाजिक सुरक्षामा समावेश रहेको । | ▪ कोही नछुटुन तथा कोही नदोरिउन भनेर कार्यक्रम सञ्चालन गरिएको<br>▪ हरेक वडाहरूबाट अपाङ्गता परिचय पत्र वितरण भएको,<br>▪ वार्षिक रुपमा तथ्याङ्क अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको विवरण वडाअनुसार प्रकाशन गरिएको,<br>▪ सुरक्षा भत्ता उपलब्ध गराउन समयमा बजेट निकासा गरिएको,<br>▪ भत्ता वितरणको प्रभावकारिताका लागि अनुगमन । | ▪ जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जातिहरूले सामाजिक सुरुक्षा भत्ता प्राप्त गरेका । |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **जनचेतना तथा गरिवि निवारण** | | | |
| बाल श्रमको अवस्था | शुन्य रहेको | ▪ बाल श्रम विरुद्धको अभियान सञ्चालन तथा बालमैत्री नगरपालिका घोषणाको लागि काम भैरहेको,<br>▪ वालश्रम विरुद्धमा जनचेतना,<br>▪ बालक्लवहरूको गठन तथा परिचालन। | ▪ बालश्रम विरुद्धमा जनचेतना र अनौपचारिक छलफल हुन थालेको।<br>▪ बालश्रमको प्रयोग गरेमा कानूनको व्यवस्था बारे सबै जानकार रहेको । |
| बाल क्लवहरूको अवस्था | नगरका ४७ वटा सामुदायिक विद्ययालयमा वाल क्लव गठन भएको। | ▪ बाल क्लबका सदस्यहरूलाई विभिन्न प्रकारका तालिम, सर सफाई अभियान, सडक नाटक जस्ता अतिरिक्त क्रियाकलापमा सहभागिता गराउने काम भइरहेको,<br>▪ बालक्लबहरूको अध्यावधीक गर्ने गरिएको। | ▪ बाल क्लबहरू ४७ वटा रहेका छन।<br>▪ बाल क्लबहरू सुदृढीकरण भएको।<br>▪ बालबालिकाहरूमा नेतृत्व गर्ने क्षमताको विकास भएको<br>▪ प्रत्योक वर्ष अध्यावधीक हुने गरेको। |
| महिला हिंसाको अवस्था | एकिन तथ्याङ्क नरहेको तर वडा, न्यायिक समिति तथा प्रहरी कार्यालयको रिपोट अनुसार महिला हिंसा रहेको र अझै पनि हिंसा सहेर बस्ने गरेको। | ▪ पालिकाका विभिन्न वडामा महिला हिंसा विरुद्धका अभियान र कार्यक्रम सञ्चालन भएको,<br>▪ न्यायिक समिति मार्फत दुई पक्षलाई झिकाई छलफल गर्ने गरिएको। | ▪ विभिन्न वडामा महिला हिंसा विरुद्धका अभियान र कार्यक्रमबाट महिला हिंसामा कमि आएको।<br>▪ गत आ.व. मा न्यायीक समितिमा घरेलु हिंसा सम्वन्धी ६ वटा मुद्धा परेकोमा ५ वटा निरुपण भएको।<br>▪ ईलाका प्रहरी कार्यालय लेटाङको तथ्याङ्क अनुसार गत आ.व.मा जबरजस्ती करणीको २ मुद्धा दर्ता भएको।<br>▪ न्यायिक समितिमा आएका मुद्धा समेत मेलमिलाप पश्चात दुवै पक्ष मिलेर बस्ने गरेको। |

| | | | |
|---|---|---|---|
| बहु विवाह र अनमेल बिवाहको स्थिति | एकिन तथ्याङ्क नरहेको | ▪ सामाजिक विकृति र विसंगतिका विरुद्धमा कार्यक्रम भएकाले बहु विवाह र अनमेल बिवाह कमी आएको,<br>▪ कानूनी रुपमा बहुबिवाह दण्डित रहेकोले कम भएको । | ईलाका प्रहरी कार्यालय लेटाङको तथ्याङ्क अनुसार गत आ.व. मा बहुविवाह सम्वन्धमा कुनै मुद्धा नपरे पनि वाल यौन दुरुपयोगको १ मुद्धा दर्ता भएको । |
| रोजगारको अवस्था | अल्पकालीन तथा दीर्घकालीन रोजगारीको खोजी तथा समन्वय | ▪ विभिन्न सीपमूलक तालिमहरू सञ्चालन,<br>▪ नगरपालिकामार्फत अल्पकालीन तथा दीर्घकालीन रोजगारीको खोजी तथा समन्वय,<br>▪ प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत १०० दिनको ७२ जनालाई रोजगारी सिर्जना,<br>▪ मेड्पा कार्यक्ममा २४ जनाले तालिम प्राप्त गरेको,<br>▪ सडक निर्माण, भवन निर्माण जस्ता योजनाहरूबाट अल्पकालीन र प्रत्यक्ष रोजगारीको सिर्जना भएको । | ▪ नगरपालिका भित्रका विभिन्न कार्यक्रम तथा आयोजनाहरूमा केही रोजगारी सृजना भए पनि दिगो र भरपर्दो रोजगारी नभएको ।<br>▪ रोजगारीमा अभिवृद्धि भएको ।<br>▪ वैदेशिक रोजगारीमा केही मात्रामा कमी आएको ।<br>▪ वैदेशिक रोजगारमा जानेहरूको कार्यदक्षतामा वृद्धि भएको । |
| गरिवी निवारणका प्रयास | गरिबी निवारणका लागि सरोकारवालाहरू सँग सहकार्य र समन्वय | नगरपालिकाले सञ्चालन गर्ने विभिन्न प्रकारका कार्यक्रम र लक्षित वर्गका कार्यक्रम मार्फत गरिबी निवारणका उपायहरू खोजिरहेको । | गरिबहरूको सङ्ख्यामा कमी ल्याउने प्रयास भएको । |
| सामाजिक परीचालन | अवसर, रोजगारी, अधिकार आदि क्षेत्रमा समावेशी तथा समान अधिकार | ▪ अति विपन्न बस्तीमा समुह गठन तथा परिचालन गरिएको,<br>▪ अति विपन्न तथा दलित परिवारहरूमा आय आर्जनका लागि जीविकोपार्जन परियोजना सञ्चालन,<br>▪ नीतिगतरुपमा सम्पूर्ण जात जाति, लिङ्ग, वर्ग, धर्महरूको समावेशिताअनुसार कार्यक्रम सञ्चालन भइरहेको,<br>▪ बिभिन्न लक्षित बर्ग लक्षित कार्यक्रम संचालन गरिएको,<br>▪ बाल अधिकार सम्वन्धी कार्यक्रम संचालन भएको । | ▪ समुह गठन तथा परिचालन मार्फत परिवार लाभान्वित ।<br>▪ सरसफाईसम्वन्धी सचेतना विकास भएको ।<br>▪ विपन्न समुदायका मानिसहरूलाई प्राथमिकता दिइएको ।<br>▪ स्वरोजगारको वृद्धि, आय आर्जनमा वृद्धि, समान अवसर आदि ।<br>▪ सेवामा सहज पहुँच वृद्धि भएको । |

| | | | |
|---|---|---|---|
| वातावरण सुधारका प्रयासहरू | ▪ वातावरण मैत्रिस्थानीय शासन घोषणाका लागि विभिन्न कार्यहरू भइरहेको।<br>▪ खुला दिशामुक्त क्षेत्र घोषणा भएको। | ▪ ध्वनि नियन्त्रणका लागि नगरपालिकाले आवस्यक निति वनाई कायन्वयर्न गरेको,<br>▪ वातावरण मैत्रि स्थानीय शासन घोषणा गर्ने कार्य को लागि विभिन्न प्रयासहरु भईरहेको,<br>▪ स्थानीय वातावरण संरक्षण नीति निर्माणको तयारी भैरहेको,<br>▪ नविकरणीय तथा वैकल्पिक उर्जा प्रयोगको लागि सचेतना वढाइएको,<br>▪ प्लाष्टिक झोला प्रयोग गर्न विस्तारै निरुत्साहीत गरीदै लगेको<br>▪ वातावरणीय प्रभाव मुल्याङ्कन गर्ने गरेको। | ▪ स्थानीय श्रोत नदिजन्य पदार्थको उत्खनन्, संरक्षण र दिगो उपयोगको लागि EIA गरी प्रतिवेदन वमोजीम काम हुने गरेको।<br>▪ मौरीपालक कृषकलाई लाभ पुर्याउने उदेश्यले सामुदायिक वनको बाझो जमीनमा चिउरीको बोट रोपिएको छ।<br>▪ खुला दिशामुक्त क्षेत्र घोषणा भएको।<br>▪ वातावरण सुधारको लागि सचेतना वृद्धि भएको छ। |
| वन संरक्षण र सुधार | वन संरक्षणसम्बन्धी कार्य भइरहेको | ▪ बृक्षा रोपण कार्यक्रम तथा सरसफाई अभियान सञ्चालन भएको,<br>▪ सुधारिएको चुलोमा तथा विधुतिय चुलामा जोड दिएको तथा सचेतना कार्यक्रम सञ्चालन भएको। | केही स्थानमा वृक्षारोपण गरीएको। |
| एच.आई. भि. र एडस | रोगीको विवरण नरहेको। | बसाइसराई गरी आएका तथा वैदेशिक रोजगारीबाट फर्किएका मानिसहरूलाई विशेष ध्यान दिने गरेको। | एच.आई. भि. र एडस सम्बन्धी मानिस हरूमा सचेतना स्तर बढ्दै गएको। |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **सेवामा पहुच** | | | |
| स्थानीय बजारको अवस्था र पुग्न लाग्ने समय | २० दृखी ३० मिनेट भित्र पैदल हिडेर पुग्ने वातावरण भएको। | ▪ सबै वडामा सडक सञ्जाल पुगेको,<br>▪ सिटीसफारी, अटो, साईकल, मोटरसाईकल तथा यातायातको साधन प्रयोग हुने भएकोले बजारमा सहज पहुच भएको,<br>▪ स्थानीय बजार सम्मको पहुँच बढाउन सडक बिस्तारमा जोड दिएकोले प्रत्येक वडामा लाग्ने साना ठुला हाट बजारमा भने पैदल हिडेर पुग्ने वातावारण भएको। | ▪ सबै वडामा सडक सञ्जालको पहुँच पुगेको।<br>▪ स्थानीय हाटबजार पुग्न लाग्ने समयमा कमी आएको। |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | प्रत्येक वडामा कृषि प्राविधिक तथा घुम्तिसेवा दिएकोले २० दृखी ३० मिनेट भित्र पैदल हिडेर पुग्ने वातावरण भएको। | ▪ कृषिको परामर्श दिने तथा बजारीकरण र स्तरोन्नतिका लागि काम भइरहेको,<br>▪ नेपाल सरकारसँग कृषि सेवा केन्द्र बिस्तारका लागि माग गरिएको। | सेवा क्रमशः विस्तार हुदै गएको। |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्तकृत वर्गको सङ्ख्या, निजहरूले पाएको सेवा तथा दिएको विशेष अवसर | विभिन्न समन्वय समितिबाट कामहरू भइरहेको। | ▪ नगरपालिकामा लक्षित वर्गहरुको आफ्नो–आफ्नो समन्वय समितिको गठन भएको,<br>▪ विभिन्न सीप विकास तालिम, रोजगारमूलक तालिम, छात्रबृत्ति वितरण र सञ्चालन आदि,<br>▪ नगरपालिकाले आन्तरिक स्रोतबाट समेत बजेट उक्त समितिहरूका लागि विनियोजन गरेको। | ▪ स्वरोजगार अभिवृद्धि।<br>▪ शिक्षामा पहुँच बढेको।<br>▪ दलित तथा आदिवासी छात्र छात्राहरूलाई छात्रवृति वितरण मार्फत विद्यालय शिक्षामा पहुच तथा सुधार।<br>▪ क्षमता अभिवृदी। |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **संस्थागत क्षमता** | | | |
| जनशक्ति | ६० जना (स्थायी कर्मचारी विभिन्न सेवा र पदका), ९५ करार गरी जम्मा १५५ जना | जनताको काम छिटो छरितो गर्ने गरेको, O&M अनुसार रिक्त दरवन्दी प्रदेश लोक सेवामा माग गरीएको । | भएको जनशक्तिले सकेसम्म राम्रोसँग काम गरेको । |
| नीतिगत कार्यक्रम | योजना तथा कार्यक्रम चरणबद्ध रुपमा टोल बस्तीदेखि नगर सभासम्म ल्याएको | तल्लो तहदेखि नगरपालिका सम्मकै योजनाहरू समावेस गर्ने प्रयास गरेको । | स्रोत साधनले भ्याए सम्म काम गर्ने प्रयास भएको । |
| भौतिक अवस्था | पुर्वाधार निर्माण प्रमुख प्राथमिकता साँथ काम भईरहेको । | ▪ नगरपालिकाको कार्यालय र ५ वटा वडा कार्यालयहरू (१,२,७,८ र ९) को भवन आफ्नै भौतिक संरचनामा रहेको, वाकी ४ वडा मध्ये २ वडाहरू (४र ५) को कार्यलय भवनको लागि जग्गा प्राप्ति अन्तिम चरणमा रहेको तथा अन्य २ वडा हरू (३ र ६) को लागि पहल भैरहेको ।<br>▪ कार्यालय भवन निर्माण सम्पन्न, विद्युतको सुधार, सडक यातायतमा सुधार गरेको,<br>▪ आवश्यकताअनुसार प्रत्येक कोठामा डेस्कटप, ल्यापटप, फोटोकपी मेसिन, प्रिन्टर, मल्टिमिडिया प्रोजेक्टर, फयाक्स, टेलिफोन, स्क्यानर, इमेलइन्टरनेटको व्यवस्था भएको,<br>▪ नगरपालिकाको कार्यालयमा गाडी, तथा मोटरसाइकल रहेको । | ▪ विभिन्न व्यक्तिगत घटंनासम्बन्धी तथ्याङ्कहरू कम्प्यूटरमा राख्ने गरेको ।<br>▪ Email & Internet को सुबिधा भएको ।<br>▪ वेवसाईट पुर्नताजगी भईरहेको ।<br>▪ वडा कार्यालय देखी स्वास्थ्य संस्था र सडक तर्फ उल्लेख्य कार्य भएको छ । |

| | | | |
|---|---|---|---|
| विधुतीय सुशासन | कार्यालयबाट गरिने सम्पूर्ण कार्यमा कम्प्युटर प्रविधिको प्रयोग। | ▪ विद्युतीय शुसासन कम्प्युटरबाटै व्यक्तिगत घटना दर्ता तथा विभिन्न प्रकारका सिफारिसहरूको काम हुने गरेको,<br>▪ सम्पूर्ण सिफारिस, दर्तासम्बन्धी तालिम, सफ्ट्वेयर र अन्य कार्य नगरपालिका वेवसाईट सञ्चालन सम्बन्धी अभिमुखीकरण हुने गरेको। | काम छिटो, छरितो सरल र स्पष्ट हुने गरेको। |
| समन्वय र सहकार्यका प्रयासहरू | निजी साझेदारी र सरकारी निकायका बीचमा सहकार्य भएको | ▪ केन्द्र सरकार, प्रदेश सरकारसँगको सहकार्यमा विकास निर्माणका काममा सहयोगको लागि आवस्यक पहल भईरहेको,<br>▪ स्थानिय राजनितिक दल, विभिन्न समुह, संगठन तथा उपभोक्ता समिति, टोल विकास समिति, सामुदायिक वन लगायत सँग समन्वयमा काम गर्ने गरिएको,<br>▪ छिमेकी पालिका तथा साझेदार संस्थासँग समन्वयमा काम भइरहेको,<br>▪ नगरपालिकासँग समन्वय गरेर मात्र विभिन्न दातृ निकायहरूले काम गर्ने व्यवस्था,<br>▪ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स.हरूसँग सहकार्य भइरहेको । | ▪ एक अर्का प्रतिको सहकार्यको भावना बढेको।<br>▪ खुला र पारदर्शिताको विषयमा हातेमालो गर्ने कार्य भएको।<br>▪ केन्द्र सरकार, प्रदेश सरकार, विभिन्न विषयगत कार्यालय, छिमेकी पालिका, अन्य सरकारी तथा गैरसरकारी कार्यालयहरूसँग सहकार्यमा सहकार्यमा काम भईरहेको हुदा सवै निकायसँग सुमधुर सम्वन्ध विकास भएको छ। |

### ४.७ बिषयगत क्षेत्र / शाखागत रूपमा गत आ.ब. का मुख्य मुख्य कार्य तथा उपलब्धिहरू

आर्थिक वर्ष २०८०/८१ मा लेटाङ नगरपालिकामा बिषायगत/शाखागत रुपमा निम्न अनुसारका सामाजिक उपलब्धिहरू देखिएका छन् । देखिएका उपलब्धिहरूलाई सामाजिक सूचकका आधारमा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

#### ४.७.१ स्वास्थ्य क्षेत्रको विवरण

##### ४.७.१.१ स्वास्थ्य क्षेत्रका मूख्य लक्ष्य तथा उद्देश्यहरू:

- आधारभूत स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गरी नगरबासीमा समतामूलक पहुँच कायम गर्न आवश्यक वित्तीय, भौतिक, मानव संसाधन, सेवा प्रवाह सूचना प्रणाली तथा नियमन एवम् व्यवस्थापकीय पक्षमा सुधार गर्दै लाने,
- स्वास्थ्य प्रतिको आम धारणामा सुधार गरी शारीरिक मानसिक सामाजिक वातावरणीय संवेगात्मक तथा आत्मिक स्वास्थ्य हासिल गर्न सम्बन्धित सबै क्षेत्रहरू शिक्षा कृषि तथा पशु विकास खानेपानी सरसफाइ महिला बालबालिका शान्ति सुरक्षा तथा व्यवस्थापकीय सरोकारवालासँग सहकार्य गरी नगरवासीलाई स्वास्थ्य प्रति सचेत सम्बदनशील तथा जिम्मेवार बनाउने,
- स्वास्थ्य समस्याका रूपमा रहेका संक्रामक रोगहरू, नसर्ने तथा दीर्घ रोगहरू, विपद, दुर्घटना तथा पोषणजन्य समस्याहरूबाट हुन सक्ने स्वास्थ्य संकटको सामना गर्न आवश्यक योजना तथा संयन्त्रको विकास र परिचालन गरी उत्थानशीलता अभिवृद्धि गर्ने,
- स्वास्थ्य प्रणाली तथा सेवाका लक्ष्यहरू हासिल गर्न सेवा प्रदायक संस्था पदाधिकारी एवम् महिला स्वास्थ्य स्वयं सेविकाहरूको जवाफदेहीता अभिवृद्धि र प्रविधि प्रयोगमा निपुण बनाउँन क्षमता विकास उत्प्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिइनेछ। सामुदायिक स्वास्थ्य स्वयं सेविका अवकाश हुँदा नगद सहित सम्मान गर्ने,
- आधारभूत स्वास्थ्य सेवालाई सबै स्वास्थ्य संस्थाहरूमा विस्तार गर्दै नगरबासीको स्वास्थ्य सुधार गर्न आवश्यकता अनुसार संघ प्रदेश अन्य स्थानीय तह साझेदार संघ संस्था निजी क्षेत्र लगायतका सरोकारवालासँग साझेदारी गर्ने,
- स्वास्थ्य सूचना प्रणाली, सर्भिलेन्स, जनस्वास्थ्य निगरानी फर्माको भिजिलेन्स, उपभोक्ता स्वास्थ जस्ता जनस्वास्थ्यका नवीन कार्यक्रमहरु सञ्चालन गर्ने,
- नगरवासीहरुको स्वास्थ्य प्रवर्द्धनका लागि विशेषज्ञ सहितको जनस्वास्थ्य स्क्रिनिङ्ग अभियान, स्वास्थ्य शिविर, जटिल र दीर्घ रोगी विपन्न नागरिक उपचार खर्च सहयोग, सामाजिक सुरक्षा स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिने,
- विपन्न तथा लक्षित समूह स्वास्थ्य विमालाई प्राथमिकताका साथ सञ्चालन गरी नियमित रुपमा वचत गर्न आम नगरवासीहरुलाई प्रोत्साहन गर्ने,

- बाल स्वास्थ्य, परिवार स्वास्थ्य, रोग निदान नियन्त्रण तथा अत्यावश्यक औषधि उपचारको पहुँचमा जोड दिदै स्वस्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड विस्तार गर्ने,
- पूर्ण खोप सुनिश्चितता र दिगोपना, बाल बचाउ, अपाङ्गता न्यूनीकरण, खोप, पोषण तथा विरामी व्यवस्थापन कार्यक्रमहरुलाई एकीकृत रुपमा कार्यक्रमहरु सञ्चालन गर्ने,
- लेटाङ नगर अस्पतालबाट प्रदान गरिने सेवा विस्तार गर्दै इमर्जेन्सी सेवा सञ्चालनका गरी अक्सिजन आपूर्तिमा उपभोक्ता कार्ड बनाई व्यवस्थित बनाउने,
- लेटाङ नगरपालिका क्षेत्र भित्रका कर्मचारी, शिक्षक, जनप्रतिनिधि र उनीहरुका परिवार विरामी हुँदा लेटाङ अस्पतालमा उपचार गर्न प्रोत्साहित गर्ने,
- स्वास्थ्यका लागि बहुक्षेत्रीय पोषण, मातृ तथा नवशिशु स्वास्थ्य सुधार, ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्ययक्रम, परिवार योजना, प्रजनन रुग्णता कार्यक्रम, रोग नियन्त्रण सेवाहरु क्रमशः बडास्तरसम्म विस्तार गरी पहुँच तथा गुणस्तर सुधार गर्ने,
- प्रेषण संयन्त्र विकास गरी विपन्न महिलाहरुलाई प्रजनन स्वास्थ्यका लागि थप उपचारमा सहजीकरण गर्ने,
- नागरिक आरोग्य केन्द्र सञ्चालन, योग, ध्यान, आयुर्वेद उपचार पध्दतिलाई प्राथमिकता दिई आरोग्यता तथा स्वास्थ्य प्रवर्धनका कृयाकलापहरु सञ्चालन गर्ने,
- समुदायमा आधारित नसर्ने रोग नियन्त्रण कार्यक्रम (मधुमेह र उच्च रक्तचापको जाँच तथा लेखाजोखा) लाईआवश्यक सुधार गरी निरन्तरता दिइनेछ, एकीकृत रोग नियन्त्रण तथा स्वास्थ्य प्रवर्धन कार्यक्रम तर्जुमा गर्ने,
- जङ्गली जनवारतथा कुकुरको टोकाई एवम् सर्पदंश उपचार सेवाको सुदृढिकरण तथा सञ्चालनको लागि आवश्यक समन्वय गरी प्रभावकारी बनाउने,
- आङ खस्ने रोग लागेका विपन्न महिलाहरूलाई उपचारको लागि सिविर सञ्चालन तथा आर्थिक सहायता गर्ने व्यवस्था गर्ने,
- नियमित रूपमा समुदायस्तरमै मधुमेह र उच्च रक्तचापको जाँच तथा लेखाजोखा गर्ने,
- आकस्मिक स्वास्थ्य संकट तथा विपद्को सामाना गर्ने संयन्त्रको व्यवस्था गरी विपद् सामनाको तयारी गर्ने,

### ४.७.१.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरुः

- महामारी व्यवस्थापन महामारीका रुपमा रहेको डेङ्गी नियन्त्रणका लागि खोज र नष्ट गर्ने (Search and Destroy) अभियान, स्प्रेइड, फगिङ, सरोकारवाला अभिमुखीकरण, जनचेतना तथा माइकिङ साथै सबै विद्यालयहरुमा डेडी सचेतना कार्यक्रम सम्पन्न।
- लेटाङ अस्पताल डेड्डी तथा महामारीजन्य रोगहरुको उपचारका लागि ट्रपिकल वार्ड/ आकस्मिक कक्ष व्यवस्थापन गरी ३७४६ जना भन्दा धेरैको परीक्षण गरी १३५४ जनाको डेङ्गी पहिचान। १७८० जना डेडी लगायत आकस्मिक अवस्थाको भर्ना गरी उपचार भएको।
- बडा सिफारिसको आधारमा २०५ जनालाई मासिक ५००० का दरले उपचार खर्च भुक्तानी भएको।
- बालबालिकाहरूलाई नियमित रुपमा दादुरा रुबेला, पोलियो बिरुद्धको खोप, आइपिभी खोप सञ्चालन भएको।
- महिलाहरूको लागि पाठेघरको मुखको क्यान्सर पहिचान, गर्भवती महिलाको अल्ट्रासाउण्ड, लामो अवधिको परिवार नियोजन सेवा, ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्यक्रम, पोषण सम्वन्धी कार्यक्रम संचालनमा रहेको।
- लेटाङ अस्पतालको निदान क्षमता अभिवृद्धिका लागि प्रयोगशाला, डिजिटल एक्सरे तथा विशेषज्ञ सेवा विस्तार भएको।
- जाँते स्वास्थ्य चौकीको प्रयोगशाला सुदृढिकरण गरिएको।
- आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा नं. २ मा ल्याव सेवा विस्तार भएको।
- निःशुल्क रुपमा उपलब्ध हुने औषधी आपुर्तिको व्यवस्थापन भएको।

### ४.७.१.३ स्वास्थ्य क्षेत्रमा गत आर्थिक वर्षमा सञ्चालित विकास योजना तथा कार्यक्रमको विवरणः

**तालिका नं.६: स्वास्थ्य क्षेत्रको कार्य सम्पादनको लेखाजोखा**

| योजनाको नाम | लक्ष्य | उपलब्धि |
|---|---|---|
| **एकिकृत प्रजनन तथा महिला स्वास्थ्य** | महिला सामूदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम सञ्चालन गर्ने। | क) सुरक्षित सुत्केरी गराउने आमाहरूको सङ्ख्या बढेको। ख) स्थानीय तहमा जनसङ्ख्याको व्यवस्थापन सम्बन्धी कार्यक्रम स्वास्थ्य संस्थाका इन्चार्जहरूलाई लैँङ्गिक हिंसा र समावेशीकरण सम्बन्धी तालिमप्रदान गर्न स्वास्थ्य संस्थाका इन्चार्जहरूलाई लैँङ्गिक हिंसा र समावेशीकरण सम्बन्धी तालिम प्रदान गरिएको। |
| **खोप कार्यक्रम** | स्वास्थ्य चौकी, आधार भूत स्वास्थ्य केन्द्र, अस्पताल मार्फत खोप सेवा प्रदान गर्ने। | नियमित खोप सेवा सञ्चालन गरेको र अभियानमासमेत काम गरेको। |
| **परिवार नियोजन** | स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, अस्पताल मार्फत परिवार नियोजनको स्थायी र अस्थायी साधनको बारेमा सेवाग्राहीलाई जानकारी दिने। | परिवार नियोजनको स्थायी र अस्थायी साधनको बारेमा जानकारी भई परिवार नियोजनका साधनहरूको प्रयोगमा वृद्धि भई अनिच्छुक गर्भ रहने दरमा कमी आएको। |
| **ओपिडि सेवा** | अस्पताल, स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रमार्फत नियमित आएका बिरामीहरूलाई स्वास्थ्य परिक्षण र औषधी वितरण गर्ने। | लेटाङ अस्पताल, स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रमार्फत स्वास्थ्यका बारेमा जानकारी लिन आउने सेवाग्राहीको सङ्ख्यामा वृद्धि भएको। |
| **नि;शूल्क औषधि वितरण** | अस्पताल, स्वास्थ्य चौकी र आधार भूत स्वास्थ्य केन्द्रमार्फत सरकारले घोषणा गरेका विभिन्न प्रकारका औषधीहरू निशूल्क प्रदान गर्ने। | लेटाङ अस्पताल, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमार्फतबाट औषधिहरू निःशूल्क प्रदान गर्ने भएकोले विपन्न परिवारको पनि पहुँच बढेको। |

### ४.७.१.४ स्वास्थ्य क्षेत्रमा सामाजिक जिम्मेवारी बहन गर्ने क्षमताः

**तालिका नं.७: स्वास्थ्य क्षेत्रमा सामाजिक जिम्मेवारी बहन**

| सामाजिक विकासको क्षेत्र सूचकसहितको कामको विवरण | सामाजिक जिम्मेवारिको क्षेत्र | २०८० अषाढ मसान्तसम्मका प्रयासहरू |
|---|---|---|
| **एकीकृत प्रजनन् र महिला स्वास्थ्य** | एकीकृत प्रजनन् तथा महिला स्वास्थ्य सबै | एकीकृत प्रजनन् तथा महिला स्वास्थ्यका लागि स्वास्थकर्मी थपिएको र स्वयम् सेविकाको माध्यमबाट प्रचार। |
| **खोप कार्यक्रम** | खोप कार्यक्रम सबै वडामा | खोप कार्यक्रमका लागि गाउँघर क्लिनिक, खोप क्लिनिक तथा महिला स्वंयम् सेविकाको माध्यमबाट प्रचार। |
| **परिवार नियोजन** | परिवार नियोजन सबै | परिवार नियोजनका साधनहरूको प्रयोग सम्वन्धी जनचेतना। |
| **ओपीडि सेवा** | ओपीडि सेवा नियमित | ओपीडि सेवा नियमित सेवा प्रवाह गरिएको। |
| **नि:शुल्क औषधी वितरण** | निःशूल्क औषधि वितरण नियमित | सरकारले तोकेको निःशूल्क औषधि वितरण भएको। |

### ४.७.१.५ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- आवस्यकता बमोजिम बजेट, जनशक्ति, औजार उपकरणको व्यवस्था नहुनु।
- नेपाल सरकारले निर्धारण गरे अनुसारको आधारभूत स्वास्थ्य सेवा लिनको लागि स्थानीय स्तरमा चेतनामूलक कार्यक्रमलाई पूर्ण प्रभावकारी बनाउन नसकिएको।
- नगरपालिका भित्रका स्वास्थ्य संस्थामा शल्यक्रियाद्वारा प्रसूति गराउने सेवा नभएको।
- नगरपालिकाको जनसङ्ख्यालाई हेर्दा नगरपालिकामा विशेसज्ञ सहित सुविधा सम्पन्न अस्पताल नभएको कारण नगर अस्पताल, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमा भन्दा सामान्य रोग लाग्दा पनि नगरपालिका बासीहरू उपचार गराउन नगर वाहिरका निजी अस्पतालहरूमा जाने गरेको।

### ४.७.१.६ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- समयमै बजेट, जनशक्ति, औजार उपकरणको आवश्यक मात्रामा व्यवस्थापन गर्नुपर्ने।
- लक्ष्य प्राप्त गर्न कार्ययोजना तथा रणनीति तयार गरी कार्यान्वयन गर्नुपर्ने।
- सरकारी तथा निजी सबै स्वास्थ्य संस्थाहरूको तर्फबाट उपलब्ध गराएका स्वास्थ्य सेवाहरूलाई समयमै एकीकृत गरी विवरण अध्यावधिक गरी राख्नुपर्ने।

- समयमै सडक मर्मत तथा कार्यक्रम र सेवाको विस्तार भएबमोजिम जनशक्ति, औजार उपकरणको आवश्यक मात्रामा व्यवस्थापन गर्नुका साथै अवकाश भएका कर्मचारीहरूको स्थान समयमै पदस्थापना वा भर्ना गरिनुपर्ने।
- नगरपालिकाका अस्पतालमा विषेश पहल गरी दक्ष चिकित्सकद्वारा शल्यक्रिया र प्रसूति गराउनुका साथै दक्ष बिशेसज्ञ जनशक्तिको व्यवस्था गर्नुपर्ने।
- स्वास्थ्य सेवा लिन तथा सरकारले तोकेको आधारभूत सेवा लिनका लागि स्थानीय स्तरमा प्रचारात्मक कार्यलाई थप प्रभावकारी बनाई सामाजिक सहजीकरणमा प्राथमिकता दिनुपर्ने।
- कार्यक्रम र सेवा विस्तारको दाँजोमा थप जनशक्तिको व्यवस्था गर्नुपर्ने।
- कर्मचारीको कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कारको प्रवन्ध गर्न सक्ने कानुनी व्यवस्था गर्नुपर्ने।
- जनसङ्ख्या अनुसार लक्ष्य निर्धारण गरिनुपर्ने।
- कार्यक्रम र सेवा विस्तारको दाँजोमा जनशक्ति न्यून भए (देखिए) आवश्यक जाँचबुझ गरी सेवा करारमा कर्मचारी नियुक्ति गरी सेवा प्रवाह चुस्त दुरूस्त बनाउनुपर्ने।

### ४.७.१.७ अवलोकनको क्रममा भेटिएका तथ्यहरू

- स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रम तथा निःशूल्क औषधि वितरण कार्यक्रम वडा वडामा पुर्याएको देखियो।
- नगर अस्पताल, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमा प्रभावकारी ढङ्गले सेवा दिन कर्मचारीहरूको अभाव देखियो।
- प्रत्येक वडामा स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रले सेवा दिएको पाइयो।
- स्वास्थ्य सेवाप्रति नगरबासीहरूको सकारात्मक प्रतिक्रिया पाइयो।
- औषधि र उपचार गर्ने अन्य उपकरणहरू नगरपालिकाले समयमैं खरिद गरी उपलब्ध गराएको पाइयो।
- स्वास्थ्य सम्बन्धी चेतनामूलक सामग्रीहरू गाँउघरमा पुर्याएको देखियो।
- नगरले सिमित स्रोतसाधन वावजुत बेलावेला स्वास्थ शिविरको आयोजना गरि नगरिकलाई सेवा दिदै अएको पाईयो।

### ४.७.१.८ नगरपालिकामा स्वास्थ्यसेवा प्रदान गरिरहेका सेवा प्रदायक कार्यालयहरू:

तालिका नं.८: स्वास्थ्यसेवा प्रदान गरिरहेका सेवा प्रदायक कार्यालयहरूको विवरण

| क्र.सं. | संस्थाहरूको विवरण | सङ्ख्या | क्र.सं. | संस्थाहरूको विवरण | सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | अस्पताल | १ | ८ | सुरक्षित गर्भपतन साइड | १ |
| २ | स्वास्थ्य चौकी | ३ | ९ | DOTS सेन्टर DR Sub सेन्टर | ५ |
| ३ | आयूर्वेद औषधालय | ० | १० | सहरी स्वास्थ्य किल्निक | १ |
| ४ | आधारभूत स्वास्थ्य केन्द्र | ५ | ११ | प्रयोगशाला सेवा | ३ |
| ५ | बर्थिङ् सेन्टर | १ | १२ | गाउँघर क्लिनिक | ८ |
| ६ | क्षयरोग माइक्रोसकोपी सेन्टर | १ | १३ | खोप क्लिनिक | १८ |
| ७ | OTC सेन्टर | २ | १४ | महिला स्वास्थ्य स्वयमं सेविका (LLG) | ३३ |

### ४.७.२ शिक्षा क्षेत्रको विवरण

#### ४.७.२.१ शिक्षा क्षेत्रका मुख्य लक्ष्य तथा उद्देश्यहरू

- गुणस्तरीय शिक्षा र जनशक्तिको क्षमता विकासका लागि विधालयहरुको भौतिक पूर्वाधार विकास, मर्मत संभार र प्रविधिमैत्री बनाउँदै लाने,
- विधालयहरुलाई आवश्यकता र औचित्यको आधारमा मर्ज गरी शिक्षक दरबन्दी मिलान र समायोजन गर्ने,
- सामुदायिक विधालयहरुको अनुगमन प्रणालीलाई प्रविधिमैत्री बनाइ प्रभावकारी र नतिजामुलक बनाउने। पुरस्कार र दण्ड प्रणालीलाई कडाइका साथ कार्यान्वयन गर्ने,
- विद्यालयको व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन तथा शैक्षिक गुणस्तर कायम गर्न सामुदायिक विधालयहरुमा खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापक छनौट गर्ने,
- शिक्षकहरुलाई आफ्नो पेशागत हक हितका संघ संस्थाहरु बाहेक अन्य संघ संस्थाको जिम्मेवारीबाट अलग गर्ने,
- लेटाङ क्याम्पसको संस्थागत सुदृढीकरण गरी विधार्थीको विषय छनौटको आधारमा प्राविधिक विषयहरु थप गरी आत्मनिर्भर बनाउदै लाने र MOU गरी दिने संस्थागत अनुदानलाई निरन्तरता दिने,
- सामुदायिक विद्यालयहरूलाई विद्यार्थी र अभिभावकको पहिलो रोजाइको रूपमा विकास गर्न सिकाइ क्रियाकलाप र परीक्षालाई स्तरीय बनाई समग्र शैक्षिक गुणस्तर सुधार कार्यक्रमहरू सञ्चालन गर्ने,
- नगरस्तरीय परीक्षालाई कक्षा स्तरोन्नती गर्ने आधार बनाउने,
- भौगोलिक रूपमा विकट क्षेत्रका आधारभूत तह उतीर्ण विद्यार्थीहरुलाई नजिक पर्ने माध्यामिक विद्यालयसम्म यातायात सेवा सञ्चालन गर्न पहल गर्ने तथा यातायात सेवा सञ्चालन नहुने स्थानका विद्यालयहरूमा क्रमशः आवासीय छात्राबासको व्यवस्था गर्दै लग्ने,
- प्राविधिक विषयतर्फ नगरपालिकाले उपलब्ध गराएको छात्रवृत्तिमा उच्च शिक्षा हासिल गरेका विधार्थीलाई सामुदायिक शैक्षिक संस्था वा नगरपालिकामा अनिवार्य रुपमा २ वर्ष सेवा गर्ने गरी परिचालन गर्ने,
- जनप्रतिनिधि र कर्मचारीका सन्ततीहरू सामुदायिक विद्यालयमा पढाउन प्रोत्साहित गर्ने,
- शैक्षिक संस्थाहरुलाई आन्तरिक सक्षमता, गुणस्तर एवं उच्च कार्य सम्पादनका आधारमा प्रोत्साहन गर्ने,
- विद्यालयमा शुद्ध खानेपानी, शौचालय, फ्यान, सरसफाई, घेराबारा एवं बिजुली बत्तीको दिगो व्यवस्थापन गरी विद्यालयलाई प्रविधिमैत्री, अपाङ्गतामैत्री, बालमैत्री बनाउने नीतिलाई निरन्तरता दिने,
- विद्यालय व्यवस्थापन समितिले अनुगमन कार्य तालिका बनाई विद्यालय अनुगमन गर्ने व्यवस्था मिलाउने,
- शैक्षिक क्रियाकलापमा विविधता ल्याउन विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप तथा खेलकुद प्रतियोगिता सञ्चालनको व्यवस्था मिलाउने,

- विद्यालयमा स्वास्थ्य, पोषण तथा सचेतनामूलक कार्यक्रमलाई प्रभावकारी बनाउन समुदाय, स्वयंसेवी संस्था र गैर सरकारी सस्थाहरु समेतलाई पहिचान र परिचालन गर्ने,
- बालबालिकाको स्वास्थ्यलाई नकरात्मक असर गर्ने खाजा विद्यालयमा निषेध गर्ने नीति कडाइका साथ कार्यन्वयन गर्ने,
- गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई माध्यमिक शिक्षा (कक्षा ११-१२), प्राविधिक तथा विज्ञान बिषय र उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिने,
- छात्रासँग उपमेयर, आमाबाबु विहिन बालबालिकाका लागि निःशुल्क शिक्षा र बालिका शिक्षा बचत कार्यक्रमलाई निरन्तरता दिने,
- शान्ति भगवति माध्यिमक विद्यालयमा व्यवस्थित पूर्वाधार सहित छात्रावास निर्माण सम्पन्न गरी छात्राबास सञ्चालन गर्ने,
- सिकाइमा गुणस्तरीय अवसरहरुकालागि सिकाइ सामग्री, विषयगत प्रयोगशाला विकास, शिक्षक व्यवस्थापन तथा विषयगत कार्यशालाहरू सञ्चालन गरी सुसंस्कृत, शिक्षित र सक्षम मानव संशाधनको विकास गर्न जोड दिने,
- नेपाल सरकारले घोषणा गरेको बालबालिकालाई विद्यालयमा "ल्याउने, सिकाउने र टिकाउने" एवम् "पढ्दै कमाउदै" व्यवस्थापन गर्न कार्यक्रम पहिचान गरी सञ्चालन गर्ने,
- विद्यालय शिक्षामा आधारभूत कानूनी शिक्षालाई अनिवार्य समावेश गर्ने,
- विद्यालय, मन्टेस्वीरी, कोचिङ कक्षा र तयारी कक्षाहरू विदा स्वीकृति सञ्चालन गर्न बन्देज लगाउने,
- नगरपालिका क्षेत्र भित्र सञ्चालित माध्यमिक विद्यालयहरुलाई मापदण्ड पूरा गरी आएमा उच्च मावि सञ्चालन गर्न अनुमती प्रदान गर्न सहजिकरण गरी आवश्यक सहयोग उपलब्ध गराउने,

### ४.७.२.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षा प्रदान गर्न सञ्चालित शैक्षिक कार्यक्रमहरू प्रभावकारी बनाउन विद्यालयहरूको सञ्चालन व्यवस्थापनमा आवश्यक अनुगमन र निरीक्षण भएको ।
- विद्यालयहरू सञ्चालन व्यवस्थापनमा सृजनात्मकता सहित सुधार हुदै गएको तथा लगानी अभावले विषयगत शिक्षक कमी, विद्यालय भवन जिर्ण हुदै गएकोले गुणस्तर सुधारमा चुनौती थपीदै गएको पाईएको छ ।
- नगरका ६ वटा विद्यालयहरूको कक्षा थप गरी माथिल्लो कक्षा सञ्चालन गर्ने व्यवस्था गरिएको ।

- बालविकास केन्द्रको अनुभव सहित विद्यालय भर्ना हुने वालवालिकाको सङ्ख्या बृद्धि भई ९० प्रतिशत भन्दा बढी पुगेको ।
- शिक्षक व्यवस्थापन गर्दा आयोगको करार सूचीलाई प्राथमिकता दिई व्यवस्थापन गर्ने अभ्यास गरिएको ।
- वडा नं १ र ७ का ८ वटा विद्यालयहरूमा स्वयंसेवक शिक्षक मार्फत शिक्षक सेवा प्रदान भईरहेको ।
- खुला प्रतियोगिताबाट प्रधानाध्यापक व्यवस्थापन गर्न नयाँ कार्यविधि लागु भएको ।
- नगर शिक्षा समिति, खेलकूद विकास समितिले पूर्णता पाएको ।
- पाँच वटा विद्यालयहरूको जिर्ण जस्ताको छानो फेरिएको ।
- जति मा. वि. र श्री मा. वि. को घेरावारमा आवश्यक सुधार गरिएको ।
- विद्यालयमा शौक्षिक सामग्री व्यवस्थापन र मूल्याङ्कनलाई सिकाइका लागि उपयोग गर्न सबै विद्यालयमा आर्थिक र प्राविधिक सहयोग गरिएको ।
- गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति मार्फत उच्च शिक्षा अध्ययनमा सहयोग गरिएको ।
- लेटाङ क्याम्पसको सञ्चालन र व्यवस्थापन गर्न नियमित अनुदान प्रदान गरिएको ।
- बालिकाहरूलाई विद्यालय र समुदायमा विभेद, असमानता हिसाबाट मुक्त गर्न सचेतना र सशक्तिकरण गार्न निःशुल्क सेनीटरी प्याड वितरण, छात्रासँग उपमेयर कार्यक्रमबाट सबै विद्यालयका बालिकासँग प्रत्यक्ष कार्यक्रम संचालनमा रहेको ।
- सबै विद्यालयमा इन्टरनेट सुविधा सुनिश्चित गरी अनलाईनबाट प्रशासनिक र प्राविधिक काम गर्न सकिने व्यवस्था गरिएको ।
- शान्ति भगवती मा. वि. मा एकताले छात्रावास भवन तयार भएको ।
- आमाबावु विहीन ३ जना बालाबालिकालाई कक्षा १२ सम्मको निःशुल्क शिक्षा छात्रवृत्ति प्रदान गरिएको ।
- बालिका शिक्षा बचत कार्यक्रमबाट २३ जना बालिकाहरूलाई दोस्रो र १० जना बालिकालाई प्रथम किस्ता गरी जम्मा ४२ जना बालिकाहरू बचतमा सहभागि गराईएको ।
- नगरस्तरीय कक्षा ८ उत्तीर्ण परीक्षा, माध्यमिक शिक्षा परीक्षा स्वच्छ र मर्यादित रूपमा संचालन गर्न आवश्यक सुधार सहित तोकिएको समयमा सम्पन्न भएको ।
- नतिजाका आधारमा २ माध्यमिक विद्यालय र सामुदायिक र संस्थागत विद्यालयका ४/४ जना छात्र/छात्रालाई पुरस्कृत गरिएको ।
- विद्यालयहरूले नियमित रूपमा अतिरिक्त क्रियाकलाप सञ्चालन र विद्यार्थीको सिकाइ प्रगति सार्वजनिकीकरण कार्यक्रम, वार्षिक उत्सव, सामाजिक परीक्षण र विशेष भेला मार्फत विद्यालयमा अभिभावकको चासो र सहभागिता बढ्दै गएको ।

- सबै विद्यालयको सुधार योजना अध्यावधिक गरि कार्यान्वयनमा रहेको छ यसले विद्यालय सुशासन र जवाफदेहितामा सुधार भएको। यस्ता कार्यमा वड़ा तथा स्थानीय गैर सरकारी संस्थाको सहयोग समेत महत्वपूर्ण रहेको छ।
- विद्यालय तहका विद्यार्थीहरूको लागि राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन गरी जिल्ला स्तरको प्रतियोगितामा नगरको सहभागिता गराइएको पाईएकोछ।
- लिम्बु भाषाको पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्न कक्षा २ सम्म लागू भएको।
- स्थानीय पाठयक्रममार्फत स्थानीय महत्वपूर्ण स्थान, ऐतिहासिक तथा धार्मिक सम्पदाहरुको पठनपाठन गराइएको छ।
- मठ मन्दिर, माङहिम, ग्रामथान, गुम्बा, चर्च निर्माण, जात्रा र पर्वहरु संरक्षण र विकास गर्न आवश्यकता अनुसार बजेट विनियोजन गरी धार्मिक सहिष्णुता विकासका कार्यहरू गरिएको।

### ४.७.२.३ गत आर्थिक वर्षमा सञ्चालित विकास योजना तथा कार्यक्रमको विवरण

**तालिका नं.९: विकास योजना तथा कार्यक्रमको विवरण**

| आयोजनाको नाम | लक्ष्य | उपलब्धि |
|---|---|---|
| विद्यालय क्षेत्र सुधार योजना | लैङ्गिक अनुपात अनुकूल हुनेछ। विद्यालय छोड्ने दर शून्य हुनेछ वा न्यून हुनेछ । सिकाइ पद्धतिलाई समायानुकूल सुधार गरिने छ । शिक्षकहरूलाई तालिमको व्यवस्था गरिने छ। अनुसाशित र लगनशील जनशक्ति तयार गरिने छ । | खुला प्रतियोगिताबाट प्रधानाध्यापक व्यवस्थापन गर्ने नयाँ कार्यविधि लागु भएको, शिक्षण प्रक्रियामा सुधार भएको, व्यवस्थापन समितिको काम कारबाही प्रभावकारी भएको, पूर्वाधार निमार्णमा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको समन्वयमा विद्यालय पूर्वाधार निर्माणको लागि पहल भईरहेको, विद्यालय छोड्ने दर न्यून रहेको, लैङ्गिकता मैत्री शौचालय निमार्ण भएको, छात्रावृत्ति प्रदान गरेको, शिक्षण सिकाइ प्रक्रिया व्यवहारिक बनाऊने कार्य भइरहेको। |
| वार्षिक छात्रबृत्ति प्रदान गर्ने। | दलित, जेहेन्दार तथा अन्य छात्र, छात्राहरूलाई छात्रावृत्ति प्रदान गर्ने । | दलित, जेहेन्दार तथा अन्य छात्र, छात्राहरूलाई छात्रावृत्ति प्रदान गर्ने तथा शिक्षाप्रतिको बुझाइले बालबालिकाको शिक्षाप्रति आकर्षण बढेको। |
| निःशूल्क पाठ्यपुस्तक वितरण गर्ने, | सबै विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गर्ने। | निःशूल्क पाठ्यपुस्तक पाउने भएकाले सबै बालबालिकाले पढ्न पाउने भएका। |

| आयोजनाको नाम | लक्ष्य | उपलब्धि |
| --- | --- | --- |
| ५ वर्ष मुनिका बालबालिका लाई शिशुमा भर्ना गर्ने, | २.५ वर्षदेखि ५ वर्षमुनिकालाई बालविकास केन्द्रमा ल्याउने। | प्रा.वि. तहमा शिक्षामा प्रवेश र जग बलियो पार्ने काम भएको। |
| विद्यालय भर्ना अभियान | विद्यालयबाहिर रहेकालाई शिक्षामा पहुँच बढाउने। | शिक्षाको प्रचार प्रसार भएको र विद्यालयमा पहुँच बढाउने भएको। |
| मूल्याङ्कन परिक्षा | विद्यालयमा पढाएको विषय र शिक्षाको स्तर मापन गर्ने। | कक्षा टेष्ट, त्रैमासिक, अर्धवार्षिक परीक्षा दिँदै आएको र शिक्षकले विद्यार्थीलाई पृष्ठपोषण दिँदै आएको। |
| शिक्षामा समावेशिकरण | सबैलाई समान अवसर प्रदान गर्ने। | कोही कसैले भेदभावको महसुस विद्यालयमा नगरेको। |

### ४.७.२.४ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- पूर्ण साक्षर, अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षा सुनिश्चित गर्न व्यवहारिक रुपमा नसकिएको तथा आधुनिक सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसङ्ख्यक विद्यालययरू वञ्चित हुनु।
- राजनीतिक पार्टीहरूले शिक्षकहरूको सङ्गठन मार्फत शिक्षकलाई आफ्नो पार्टीस्वार्थ पूरा गर्न साधनको रूपमा पर्योग गर्नुका साथै विद्यालयका कार्यक्रम सञ्चालन गर्न विभिन्न निकाय तथा राजनीतिक र सामाजिक सहयोगको वातावरण सिर्जना नभएको।
- शिक्षक, विद्यार्थीहरू विद्यालयप्रति चनाखो नहुनु तथा आर्थिक रुपले विद्यालयहरू कमजोर हुनु।
- बालबालिकाको क्षेत्रमा छुट्टाइएको बजेट तोकिएको क्षेत्रमा तथा समयमा खर्च नहुनु।
- मानवीय श्रोत साधन परिचालनमा कठिनाइ भएकाले बालविकास केन्द्रमा धेरै व्यक्तिले रोजगार पाउन सक्ने सम्भावना भएको तर बजारमा यो विषयमा दक्ष व्यक्तिको अभाव रहेको।
- नतिजामा आधारित दण्ड र पुरस्कार प्रणाली लागु नहुँदा शिक्षा क्षेत्रमा स्वाच्छन्दता मौलाएको।
- शिक्षक विद्यार्थी अनुपात र भौतिक पूर्वाधारको अवस्था बीच तालमेल नहुँदा कतिपय विद्यालयमा विद्यार्थी अत्यन्त न्यून हुनु। कतिपय विद्यालयमा अत्यन्त धेरै हुनु।
- मध्यम तथा उच्च वर्गका छोरा, छोरीलाई सामूदायिक विद्यालयमा आकर्षण गर्न नसक्नु।

### ४.७.२.५ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- विद्यालयहरूमा अवस्यक पूर्वाधार विकास गरी शिक्षण सिकाइका लागि उपयूक्त् वातावरण वनाउन पर्ने।
- व्यवस्थापन समितिलाई राजनीतिक प्रभावबाट मुक्त तथा विद्यालयमाथि स्थानीय सहयोग, सहकार्य, अनुगमन र मूल्याङ्कन गर्नुपर्ने।
- बार्षिक रूपमा विद्यालय भर्ना अभियान संचालन गर्ने।
- उत्कृष्ट शिक्षक र विद्यार्थिलाई पुरस्कारको व्यावस्था गरि उत्प्रेरणा जगाउने व्यवस्था गर्ने।
- विद्यालयलाई एकआपसमा आवश्यकता, औचित्यता तथा विद्यार्थी शिक्षक अनुपातका आधारमा मर्ज गर्दै लैजानुपर्ने।
- पहुँच वृद्धिका लागि छात्रवृत्ति लगायतका कार्यक्रमहरू अझ सशक्त बनाउँदै सञ्चान गर्नुपर्ने।
- गुणस्तरीय पठन पाठनका लागि सरोकारवालाहरूसँग सहयोग र सहकार्य गर्नुपर्ने।
- नगरपालिका, शिक्षा अधिकृत तथा जिल्ला शिक्षा समन्वय अधिकारीबाट समय समयमा विद्यालयको अनुगमन गर्नुपर्ने।
- विद्यालय व्यवस्थापन तथा शिक्षक अभिभावक संघको प्रभावकारी व्यवस्थापन तथा परिचालनका लागि प्रभावकारी प्रयास हुनुपर्ने।
- विद्यालय सुधार योजनामा आधारित शैक्षिक कार्यक्रमहरूको सञ्चालनमा जोड दिनुपर्ने।
- समुदायमा विद्यालय व्यवस्थापनका लागि आवश्यक प्रचार प्रसार तथा छलफलको निरन्तरता दिनुपर्ने।
- विद्यालयको भौतिक वातावरण विकासका लागि विद्यालय भवन निर्माण,बाहिरी वातावरण विकास तथा विद्यालय मर्मत सम्भारको कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन हुनुपर्ने।
- दरबन्दीअनुसारका विषगत शिक्षकहरू विद्यालयहरूमा हुनुपर्ने।
- विद्यालयहरूमा पूर्वाधार निर्माण गर्दा र निर्माण गरिएका विद्यालयहरू अपाङ्ग मैत्री र बाल मैत्री हुनुपर्ने।
- विद्यालयको कामको आधारमा विद्यालयलाई प्रोत्साहन तथा सहयोगका कार्यक्रमरु सञ्चालन हुनुपर्ने।
- कक्षा छाड्ने र दोहोर्याउने प्रवृत्तिका कारण पत्ता लगाइ कक्षा छाड्ने र दोहोर्याउने प्रवृत्ति घटाउनुपर्ने।
- स्थानीय तह, गै.स.स.सँगको सहकार्यमा शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने।
- वैकल्पिक शिक्षा तथा अनौपचारिक शिक्षा, समाहित शिक्षाको व्यवस्था एंव सुदृढीकरण गरी सबैमा शिक्षाको पहूँच पुर्याउने।
- बाल विकास केन्द्रहरूको विस्तार र सुदृढीकरणमा जोड दिने।
- माध्यमिक शिक्षाका लागि वैकल्पिक कार्यक्रम तथा अनौपचारिक शिक्षा तथा राष्ट्रिय साक्षरता कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- बालबालिकाहरू, दलित, पिछडिएका वर्ग, जनजाति तथा विशेष आवश्यकता भएका बालबालिकाहरूलाई (प्राथमिक शिक्षाको) शिक्षाको मूल प्रवाहमा समाहित गर्ने।
- विद्यालयको व्यवस्थापकीय एंव भौतिक पक्षको सुधार गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने।

### ४.७.३ महिला, बालबालिका, समाज कल्याण, लक्षित बर्ग तथा सामाजिक संघ संस्था र गैर सरकारी संस्था परिचाल समवन्धि क्षेत्रको विवरण

#### ४.७.३.१ मूख्य लक्ष्य तथा उद्देश्यहरू:

- महिलाहरुलाई स्रोत, साधन, अवसर तथा लाभमा समान पहुँच सुनिश्चित गर्न प्रयास गर्ने ।
- लैङ्गिक हिसां पिडित तथा जुनसुकै हिंसा प्रभावित व्यक्तिका लागि प्रदान गरिने मनोसामाजिक परामर्श सेवा गुणस्तरीय बनाउने ।
- लेटाङ नगरपालिकालाई लैङ्गिक र जातीय भेदभावमुक्त नगरपालिका बनाउने ।
- नीतिगत पैरवीका लागि उपमेयरसँग महिला मञ्च कार्यक्रम सञ्चालन गर्ने ।
- जेष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाइ अग्रजको अनुभव नयाँ पुस्तामा रूपान्तरण कार्यक्रमहरू संचालन गर्ने ।
- जेष्ठ नागरिकहरु दिवा भेला केन्द्रहरु संचालन गर्न सहयोग गर्ने ।
- नगरस्तरीय वृद्धाश्रम निमार्णका लागि पूर्वाधार निर्माण गर्ने प्रक्रिया क्रमशः अगाडि बढाइनेछ । अपाङ्गता भएका व्यक्ति र परिवारको क्षमता विकासका लागि तालिम र सहायताका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- सार्वजनिक सेवालाई अपाङ्गतामैत्री बनाउदै लगिनेछ । अपाङ्गता सहायक सामाग्री वितरणलाई निरन्तरता दिइनेछ ।
- बालबालिका र किशोरकिशोरी हिंसा तथा जोखिम न्युनिकरणका लागि जीवनोपयोगी शिक्षा एवं सीपमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- सबै प्रकारको हिंसामा सुन्य सहनशीलताको नीति लिने ।
- बालविवाह मुक्त नगरपालिका घोषणा र दिगोपनाका लागि समुदाय र विद्यालय स्तरमा थप सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने नीतिलाई निरन्तरता दिने ।
- विपन्न नागरिक, आर्थिक अवस्था दयनीय भएका वर्गहरूका लागि जीवन सहयोगी कार्यक्रमहरू सञ्चालन गर्ने ।
- गाँस, बाँस र कपास जस्ता आधारभुत आवश्यकताबाट कसैलाई पनि बञ्चित नगर्ने ।
- गरिबसँग मेयर कार्यक्रमलाई निरन्तरता दिने ।
- बिभिन्न जात जाति वर्ण तथा समुदायको पहिचान स्थापित गर्न तथा हकहितका लागि आवश्यक कार्यक्रमहरू संचालन गर्ने ।
- नगरपालिकाको नीति तथा कार्यक्रम अनुरूप आफ्ना कार्यक्रमहरू तय गर्न सामाजिक संघ संस्थाहरूलाई प्रेरित गर्ने ।

- लेटाङ नगर क्षेत्रभित्र कार्यरत गैरसरकारी संस्थाले आफ्नो योजना तथा कार्यक्रम तय गर्दा नगरपलिकाको आवश्यकताका आधारमा दोहोरो नपर्ने गरी नगरपलिकासँग समन्वय गरी कार्यक्रम/ परियोजना छनौट गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने।
- गैर सरकारी संस्थाले गरेका कामको सघन अनुगमन गरी राम्रो काम गर्ने संस्थालाई मात्र कार्यक्रम/ परियोजना संचालन/कार्यान्वयनको अनुमति/नविकरण गर्दै लाने।
- गैर सरकारी संस्थाले सञ्चालन गरेका योजना तथा कार्यक्रमहरुको प्रगति प्रतिवेदन अनिवार्य रुपमा नगरपालिकामा पेश गर्ने व्यवस्था मिलाउने।
- विकास साझेदार संस्थाले नगर क्षेत्रभित्र योजना कार्यक्रम छनौट गर्दा नगरपालिकाले स्वीकृत गरेका आयोजना बैंकबाट छनौट गरी सञ्चालन गर्ने,
- नगरपालिकाले स्वीकृत गरेका बाहेक अन्य आयोजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने गैरसरकारी संस्थालाई कारबाही गर्ने।
- नगरपालिकासँगको साझेदारीमा गरिने विकास साझेदार संस्था बाहेक अन्य संस्थाले आफ्नो मात्र लगानीमा आयोजना तथा कार्यक्रम संचालन गर्दा अनिवार्य रुपमा नगरपालिकामा सूचीकृत हुनुपर्ने व्यवस्था मिलाउने। त्यस्ता संस्थाले सूचिकृत हुदाँ लाग्ने दस्तुर समेत बुझाउने व्यवस्था गर्ने।

### ४.७.३.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- लैङिक हिंसा विरूद्ध १६ दिने अभियान तथा विभिन्न दिवसहरू संचालन गरीएको ।
- जेष्ठ नागरिक पुष्तान्तरण कार्यक्रम मार्फत दश कक्षामा अध्यनरत विद्यार्थीहरूलाई अघिल्लो पुस्ताका परम्परा संस्कृति रितिरीवाज तथा रहनसहन अहिलेका पुस्तालाई ज्येष्ठ नागरीकवाट आफ्ना अनुभव प्रदान गरिएको तथा जेष्ठ नागरिक दिवस समेत संचालन गरीएको ।
- बालविवाह अन्त्यका लागि सशक्तिकरण कार्यक्रम संचालन भएको।
- लेटाङ नगरपालिकाको सम्पूर्ण वडाहरूमा बालक्लब सञ्जाल समेत गठन भएको ।
- ९ वटा शिविर मार्फत ६२ जनालाई अपाङ्गता परिचयपत्र वितरण भएको।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि १५ थान ह्विल चियर, ६ थान वैशाखी, ९ थान लट्ठी, रु१० हजारका दरले ७ जना स्वास्थ्य उपचार सहयोग, ५ दिने दालमोठ भुजिया अन्य चिप्स बनाउने तालिम सञ्चालन गरेको पाईएको छ।
- अपाङ्गता भएका व्यक्तिहरू समूहका लागि बिउपुँजी कोषको स्थापना र परिचालन साथै मिलिजुली समूहका पदाधिकारीहरूलाई क्षमता विकास तालिम संचालन गरिएको पाईएको छ।

- लक्षित वर्गका लागि हलुका सवारी चालक प्रशिक्षण तथा लक्षित महिलाहरुका लागि स्यानिटरी प्याड बनाउने तथा व्यवसायीकरण तालिम संचालन भएको।
- प्रहरी कार्यालयको रेकर्ड अनुसार बालवालिका तथा महिलाहरूको अपहरण, जवरजस्ती करणी, आत्महत्या, भवितब्य घटना तथा मानव बेचबिखन र कर्तव्य ज्यान मुद्दामा कमी आएको तथा तुलनात्मक रुपमा महिला हिंसाका बारेमा महिलाहरू सचेत भएको देखियो। यसका लागि नगरपालिका स्तरमा दुर्व्यसन नियन्त्रणका लागि समय समयमा कार्यक्रम तथा संवादहरू भइरहेको देखियो।
- बाल श्रम विरुद्धको अभियान सञ्चालन गर्दा बाल श्रममा कमी आएको।
- गैर सरकारी संस्था सामुदायिक विकास मन्त्र CDF, पहाडी ग्रामीण विकास संस्था उत्तरी मोरङ हर्डन र महिला पुनर्स्थापना केन्द्र (ओरेक) सँग साझेदारी विभिन्न कार्यक्रम सम्पन्न गरिएको।
- भाषणकला सम्वन्धि तालिम संचालन भएको।
- लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि स्विकृत भई हिंसामा परेका व्याक्तिहरूले सो कोषवाट अर्थिक सहायता पाउदै गरेको।

### ४.७.३.३ महिला, बालबालिका, समाज कल्याण, लक्षित बर्ग तथा सामाजिक संघ संस्था र गैर सरकारी संस्था परिचाल तर्फ गत आर्थिक वर्षमा सञ्चालित विकास योजना तथा कार्यक्रमहरूको विवरणः

**तालिका नं.१०: विकास योजना तथा कार्यक्रमको विवरण**

| क्र स | कार्यक्रमको नाम | सञ्चालित क्रियाकलाप |
|---|---|---|
| १ | अपाङ्गता परिचयपत्र वितरण समन्वय समितिको बैठक भत्ता तथा विभिन्न ठाँउमा अपाङ्गत परिचय वितरण शिविर सञ्चालन | अपाङ्गता परिचयपत्रका लागि माग निवेदन वमोजिम चेक जाँच गरि ९ पटक सिविर संचालन गरि ६२ जनालाई अपाङ्गता परिचयपत्र वितरण। |
| २ | महिला हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम | महिला हिंसा विरुद्ध विभिन्न सचेतनामुलक कार्यक्रम। |
| ३ | जेष्ठ नागरिकद्धारा पुस्तान्तरण कार्यक्रम | श्री शान्ति भगवती मा वि मा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुलाई अघिल्लो पुस्ताका परम्परा सस्कृति रितिरीवाज तथा रहनसहन अहिलेका पुस्तालाई ज्येष्ठ नागरिकहरुद्धारा आफ्ना अनुभव प्रदान गरियो। |
| ४ | जेष्ठ नागरिक दिवस | जेष्ठ नागरिकहरुलाई स्वास्थ्य रहने उपायको जानकारी तथा छ जना उमेरले सवै भन्दा जेष्ठ नागरिकहरुलाई दोसल्ला प्रमाणपत्र तथा नगद सहित सम्मान कार्यक्रम। |

| क्र स | कार्यक्रमको नाम | सञ्चालित क्रियाकलाप |
|---|---|---|
| ५ | बालविवाह अन्त्यका लागि सशक्तिकरण कार्यक्रम | श्री महेन्द्र मा वि लेटाङ ७ वारङ्गीमा वालबिवाह न्युनिकरणको लागि सचेतनामुलक कार्यक्रम भएको |
| ६ | अपाङ्गता हेल्पडेक्स सञ्चालनका लागि तलव भत्ता र पोषाक | अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा सहयोग तथा सहजिकरण गर्नका लागि लेटाङ नगरपालिकामा अपाङ्गता हेल्पडेक्स सञ्चालन भएको। |
| ७ | अपाङ्गता भएका व्यक्तिको संस्था सुदृढिकरण तथा अपाङ्गता सशक्तिकरण कार्यक्रम | अपाङ्गता भएको व्यक्तिको संस्था (Organazation of person with Disability-OPD) मार्फत अपाङ्गता भएका व्यक्तिहरुलाई प्रत्येक वडाका अपाङ्गता भएका व्यक्तिहरलाई शसक्तिकरणका कार्यक्रम सञ्चालन। |
| ८ | अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्रीको वितरण | लेटाङ नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरलाई निशुल्क ह्वील चियर १५ थान बैशाखी ६ थान र लठ्ठी ९ थान वितरण गरेको |
| ९ | अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य उपचारमा सहयोग | अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य उपचार सहयोग प्रति व्यक्ति दश हजारको दरले ७ जनालाई सहयोग गरियो। |
| १० | अपाङ्गता समन्वय समितिको बैठक | अपाङ्गता परिचयपत्र वितरण समन्वय समितिको बैठक ९ पटक वसेको। |
| ११ | अपाङ्गता भएका व्यक्तिहरुका लागि बिउँ पूँजी कोष स्थापना र परिचालन | प्रत्येक वडाका एघार हजारका दरले जना मिलिजुली समूहलाई विउँपूजी कोष स्थापनाका लागि ११ हजारका दरका प्रदान गरियो। |
| १२ | अपाङ्गता भएका व्यक्तिहरुको वडा स्तरीय मिलिजुली समूहलाई बैठक खर्च | अपाङ्गता भएका व्यक्तिहरुको मिलिजुली समूलाई बैठक खर्च प्रदान गरिएको। |
| १३ | Organization of person with disability -OPD का पदाधिकारीहरुलाई क्षमता विकास तालिम | OPD का पदाधिकारीका लागि ३० जना लाई क्षमता विकास सम्वन्धि तालिम। |
| १४ | मिलिजुली समूहहरुका पदाधिकारीहरुका लागि नेतृत्व तथा क्षमता बिकास तालिम | अपाङ्गता भएका व्यक्तिको वडास्तरीय मिलिजुली समुहका पदाधिकारीहरु २७० जनालाई क्षमता विकास तालिम। |
| १५ | अन्तराष्ट्रिय अपाङ्गता दिवस कार्यक्रम | अन्तराष्ट्रिय अपाङ्गता दिवसको अवसरमा अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्री वितरण तथा अपाङ्गता रोकथाम तथा पुनस्थापना सम्वन्धि अभिमुखिकरण तथा अपाङ्गता भएर पनि आफैले व्यवसाय गरि अरुलाई पनि रोगजार दिने २ जना अपाङ्ग भएका व्यक्तिलाई सम्मान गरियो। |

| क्र स | कार्यक्रमको नाम | सञ्चालित क्रियाकलाप |
|---|---|---|
| १६ | अपाङ्गता भएका व्यक्तिहरुको पहिचान तथ्याङ्क संङ्कलन र अध्वावधिक साथै अनुगमन | प्रत्येक वडामा गएर अपाङ्गता तथ्याङ्क संकलन साथै अध्वाधिक तथा अपाङ्गता भएका व्यक्तिहरुको वडास्तरीय मिलिजुली समूहको अनुगमन तथा निरीक्षण। |
| १७ | अपाङ्गता भएका व्यक्ति व्यक्ति तथा परिवारका सदस्यहरुलाई सिपमुलक तालिम | प्रत्येक वडा अपाङ्गता भएका व्यक्ति तथा परिवारका सदस्यहरुलाई सिप विकास तालिम अन्तर्गत ५ दिने दालमोठ भुजियाँ तथा चिप्सहरु बनाउने सम्वन्धी तालिम सञ्चालन। |
| १८ | वडा वालक्लव सञ्जाल गठन | लेटाङ नगरपालिकाको सम्पूर्ण वडामा बाल क्लव सञ्जाल गठन। |

### ४.७.३.४ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्याहरू

- बजेट कम हुनु सहभागि धेरै हुनु।
- तालिममा लक्षित वर्गको मानिसहरूभन्दा बेलवाला र पहुँच वालाको उपस्थिति बढी हुनु।
- बजार स्तरमा कार्यक्रम बढी सञ्चालग हुनु गाउँस्तरमा कम कार्यक्रम सञ्चालन हुनु।
- वालक्लव तथा वाल संरक्षण समितिहरूमा उल्लेख्य वृद्धि नहुनु।
- हिंसामा परेका महिलाले आफू हिंसामा परेको कुरा नभन्नु तथा महिलाहरूमा हिंसाविरुद्ध चेतना अभिवृद्धि आवश्यक समन्वय र सहयोगको वातावरण सिर्जना गर्नु।
- विभिन्न सीपमूलक तथा रोजगारीमूलक तालिमहरू समयमै सञ्चालन नहुनु।
- विपन्न परिवारका लागि विभिन्न प्याकेज कार्यक्रम र छात्रवृतिको व्यवस्था यथोचित नहुनु तथा गरिबी घटाउन नीतिगत व्यवस्था नगरिनु।
- सामाजिक परिचालनअन्तर्गत अति विपन्न, गरिब, दलित तथा लक्षित परिवारहरूमा आय आर्जनका लागि जीविकोपार्जन परियोजना कार्यक्रमहरू पालिका र गैर सरकारी संस्थाबीच समन्वय नहुनु।
- नीतिगतरुपमा सम्पूर्ण जात जाति, लिङ्ग, वर्ग, धर्म, हरूको समावेशी, अवसर, रोजगारी सर्जना भएजस्तो देखिए पनि यथार्थमा त्यस्तो ब्यवस्था नहुनु।
- वातावरण सुधार, ध्वनि नियन्त्रण, घर तथा उद्योगहरूबाट निस्कने धूवाँ नियन्त्रणमा नहुनु।

### ४.७.३.५ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव:

- समयमै बजेटको व्यवस्था गर्नु तथा बजेट कम हुन नदिनुपर्ने।
- तालिममा लक्षित वर्गको मानिसहरूलाई प्रथमिकताका साथ उपस्थिति गराउनुपर्ने।
- बजार स्तरमा भन्दा गाउँस्तरमा कार्यक्रम बढी सञ्चालन गर्नुपर्ने।

- बालक्लव तथा वाल संरक्षण समितिहरूमा वृद्धि गर्दै लैजानु तथा बाल क्लबहरूको सुदृढीकरणमा जोड दिँदै बालबालिकाहरूमा नेतृत्व गर्ने सक्ने क्षमताको विकास गराउनुपर्ने ।
- हिंसामा परेका महिलालाई हिंसा न्यूनीकरण गर्न दुबै पक्षलाई झिकाई छलफल तथा मिलापत्र गराउने वातावरण सृजना गर्नुपर्ने ।
- विभिन्न सीपमूलक  तथा रोजगारीमूलक तालिमहरू समयमै पाठ्यक्रमअनुसार सञ्चालन गर्नुपर्ने ।
- विपन्न परिवारका लागि विभिन्न प्याकेज कार्यक्रम र छात्रवृतिको व्यवस्था गरी गरिबी घटाउन विभिन्न संघसंस्थाहरू सँग नगरपालिकाले आवश्यक समन्वय र सहकार्य गरेर कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।
- सामाजिक परिचालनअन्तर्गत अति विपन्न तथा दलित परिवारहरूमा आय आर्जनका लागि जीविकोपार्जन परियोजनाअन्तर्गत नागरिक सचेतना कार्यक्रम सञ्चालन गराउनपर्ने ।
- नीतिगतरुपमा सम्पूर्ण जात जाति, लिङ्ग, वर्ग, धर्महरूको समावेशी, अवसर, रोजगारी, अधिकारको ब्यवस्था गर्नुपर्ने ।
- वातावरण सुधारका लागि घर तथा उद्योगहरूबाट निस्कने धूवाँ तथा ध्वनि नियन्त्रणका लागि सम्बन्धित निकायहरू पत्राचारमार्फत जानकारी गरानु र तत्काल त्यस्तो कार्य कम गराउनुपर्ने ।
- एच आइ भी एड्सको निरन्तर अनुगमन, न्यूनीकरणको लागि योजना बनाई, बसाइ सराई गरी आएका तथा वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरूलाई विशेष ध्यान दिने तथा गाउँ वडा समन्वय समितिलाई परिचालन गराउनुपर्ने ।
- विभिन्न नीति तथा कार्यक्रमबाट विकासमा समान सहभागितामा सुनिश्चितता गराउनु तथा बाल सञ्जाल, महिला सञ्जाल, समन्वय समिति, अन्य लक्षित वर्गका समितिहरू मार्फत सहभागिता सुनिश्चित गराउनुपर्ने ।

### ४.७.४ सिचाई, भौतिक पूर्वाधार, विधुत तथा लागत सहभिगता क्षेत्रको विवरण

#### ४.७.४.१ लक्ष्य तथा उद्देश्यहरू:

- कृषि भूमिलाई सिंचित गर्नका लागि चिसाङ, भुवा, तेली र मोरडी खोलाहरुको पानीको स्रोत संरक्षण गरी स्थायी रुपमा पक्की कुलो निर्माणमा जोड दिइनेछ । सिपेज पानीको सम्भाव्यता अध्ययन गरी सिचाई सुविधा विस्तार गर्ने,
- सिचाइ सुविधालाई दिगो बनाउन पैनीहरुको एकीकृत मुहान व्यवस्थापन गरी नियमित मर्मत संभार गर्ने,
- वीतिस्रोत अभाव तथा देशमा देखिएको आर्थिक मन्दीका कारण यस आर्थिक वर्षमा सम्पन्न हुन नसकेका अधुरा आयोजना, बहुवर्षीय कार्यक्रम तथा आयोजनाहरुलाई बजेट सुनिश्चित गरी अन्य आयोजना तथा कार्यक्रममा बजेट विनियोजन गर्ने,
- सडक कालोपत्रे, पुल, सार्वजनिक भवन, बक्स कल्भर्ट निर्माण कार्य अनिवार्य टेण्डर प्रक्रियाबाट सञ्चालन गर्ने,

- टेण्डर प्रक्रियाबाट सञ्चालन हुने ५ लाख भन्दा माथिका आयोजनाहरुको E-Bidding मार्फत बोलपत्र आह्वान गर्ने। विपद्को अवस्थामा बाहेक खुल्ला दरभाउपत्र माग गरी निर्माण कार्य नगर्ने,
- नगरपालिका भित्र ठूला आयोजना लगायत अन्य प्रयोजनमा समेत प्रयोग गरिने ह्यभी इक्युपमेण्ट अनिवार्य रुपमा नगरपालिकामा सूचिकृत हुने व्यवस्था मिलाउने,
- उपभोक्ता समितिले योजना सम्झौता गरी पेटी ठेक्कामा लगाउने कार्यलाई पूर्णरुपमा निरुत्साहित गर्ने, यदि ठेक्कामा लगाएको पाइएमा कानून अनुसार उपभोक्ता समितिलाई कालो सूचीमा राखी कारबाही गर्ने,
- वडा सेवा केन्द्रदेखि नगरपालिकाको केन्द्रसम्म बाह्रै महिना आवात जावत गर्न सक्ने गरी सडक सञ्जाललाई दिगो र भरपर्दो बनाउदै लाने,
- सडकको दिगोपना कायम गर्न कच्ची सडकको दायाँबायाँ ड्रेन बनाइ सडक स्तरोन्नती गर्दै लाने,
- पहाडी क्षेत्रमा खोलिएका नयाँ ट्र्याकका कारण बाढी, पहिरो तथा भू-क्षयको जोखिम देखिएकोले अत्याबस्यक अवस्थामा बाहेक अन्य स्थानहरुमा नयाँ ट्र्याक खोल्न कार्यहरु बन्द गर्ने,
- २ वर्षभित्र सबै वडा कार्यालय भवन निर्माण गरी सकिनेछ। वडा कार्यालयहरुको भवन मर्मत गरी सेवाग्राहीमैत्री बनाउने,
- नगरपालिकाको भवन साँगुरो भई सवारी साधन पार्किङ्ग र कार्य वातावरण समेत सेवाग्राहीमैत्री बन्न नसकेकोले नगरपालिका भवन निर्माणको लागि जग्गा व्यवस्थापन गरी नयाँ प्रशासकीय भवन निर्माण गर्ने प्रक्रिया अगाडि बढाउने,
- कर्मचारीको मनोवल वृद्धि गर्न थप स्रोतको खोजी गरी कर्मचारी आवासीय भवन निर्माण गर्ने,
- पूर्वाधारका योजनाहरु संचालन गर्दा वातावरण विनास हुन नदिई पुर्वाधारको दिगोपना कायम गरी पर्यावरण संरक्षण गर्ने,
- नगर तथा वडा स्तरीय ठूला पूर्वाधारका आयोजनाहरुमा केन्द्र र प्रदेश सरकारसँग साझेदारीमा समपुरक कोष राखी अनुदान माग गरी कार्यान्वयन गर्ने,
- सन्तुलित विकासको अवधारणालाई सार्थक तुल्याउन वडागत सन्तुलनलाई ध्यानमा राखी विकास आयोजनाहरु छनौट गरी कार्यान्यिन गर्ने,
- नगरपालिकाको समथर क्षेत्रका बस्तीलाइ जोड्ने गरी नगर घुम्ति सडक निर्माणको (रिङ्गरोडको) सम्भाव्यता अध्ययन गर्ने। नगर यातायात गुरुयोजनालाई परिमार्जन गरी कार्यान्वयन गर्ने,
- नगरपालिकाबाट सञ्चालन भएका ५ लाख भन्दा माथिका सडक निर्माण कार्यक्रमको भुक्तानी हुँदा भुक्तानी रकमको २ प्रतिशत अनिवार्य रुपमा मर्मत सम्भार कोषमा जम्मा गर्ने,
- पहाडसँग जोड्न उत्तरदक्षिण सडकहरुको स्तरोन्नती तथा मर्मत सम्भार गर्ने,

- सबै वडाहरुमा व्यवस्थित हाटबजारका लागि संरचना निर्माण गर्ने । वडा नं. ४ मा हाटबजार प्रयोजनको लागि निर्मित संरचनामा कम्पाउण्ड वाल लगाउने,
- वार्षिक खरिद योजना तथा योजना कार्यान्वयन कार्ययोजना बनाई सोही आधारमा योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने,
- उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना पौष मसान्त भित्र सम्झौता गर्ने,
- पौष मसान्तभित्र सम्झौता हुन नसकेका आयोजना कटौती गर्ने र टेण्डर प्रक्रियाबाट सञ्चालन हुने आयोजना कार्तिक मसान्त भित्र E-Bidding मार्फत बोलपत्र/ शिलबन्दी दरभाउपत्र आह्वान गरी सक्ने व्यवस्था मिलाउने,
- प्रत्येक वडामा १५ लाख माथिको क्रमागत योजना छनौट गरी कार्यान्वयन गर्ने,
- वडाबाट संचालन हुने योजनाहरू मध्ये उपभोक्ता समितिबाट सम्पन्न गर्न नसकिने भएमा कात्तिक मसान्तसम्म टेन्डर प्रक्रियामा लानका लागि नगरपालिकामा अनिवार्य रूपमा सिफारिस गरी पठाउने,
- शैक्षिक संस्थाहरुको पूर्वाधार निर्माण तथा मर्मत संभार कार्य व्यवस्थापन समिति मार्फत मात्र गर्ने व्यावस्था मलाउने,
- समयमै काम नगर्ने निर्माण व्यवसायीलाई कालो सूचिमा राख्ने प्रक्रिया अगाडि बढाउने । समयमै कार्य सम्पन्न गर्नेहरूलाई प्रोत्साहन गर्ने,
- सडक निर्माण सम्बन्धी कार्य सञ्चालन गर्नु पूर्व सडकको क्षेत्राधिकार (राइट अफ वे) कायम गर्न लगत कट्टा गर्ने प्रक्रिया अगाडि बढाउने,
- सडक कालोपत्रे गर्दा Asphalt Concrete गर्ने । कालोपत्रे कार्य गर्दा 30 mm भन्दा तल नगर्ने,
- सार्वजनिक निकाय र संघ संस्थाहरुलाई भवन निर्माणको योजना माग गर्दा जग्गाको सुनिश्चितता, भवनको नक्सा सहितको लागत अनुमान र आवश्यकता अनुसार डिपिआर तयार गरेको हुनुपर्ने,
- धार्मिक, एतिहासिक, सांस्कृतीक र पुरातत्वीक स्थलहरुको भौतिक निर्माणमा स्थानीय निर्माण सामाग्री र सिपलाई प्रोत्साहन गर्ने,
- हेभी इक्युपमेन्ट प्रयोग हुने आयोजनाहरु उपभोक्ता समितिबाट सञ्चालन गरिनेछैन । उपभोक्ताबाट सञ्चालन गरिने आयोजनामा अनिवार्य १०% लागत सहभागिता सञ्चित कोषमा जम्मा गरे पश्चात मात्र आयोजना सम्झौता गर्ने ।
- टोल विकास संस्थाहरुको क्षमता अभिबृद्दी मार्फत आफ्नो टोलमा सञ्चालन हुने विकास निर्माणमा सक्रीय सहभागीता बढाउने ।

### ४.७.४.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- नगर यातायात गुरुयोजना निर्माण कार्य भईरहेको।
- सडक निर्माण गर्दा asphalt Concrete प्रयोग तथा ५ लाख भन्दा माथिका उपभोक्ता समितिबाट संचालन हुने बाहेकका आयोजनाहरु E-bidding मार्फत सञ्चालन गरिएको।
- नदी नियन्त्रण, तटबन्धन, जालीमा ढुंगा भर्ने र पैनी मर्मत लगायतका काममा २०% श्रम सहभागिता अनिवार्य गरिएको।
- यस अवधिमा जम्मा ६२११ मिटर कालोपत्रे, ४८६८ मिटर सडक ग्राभेल, ६४१० मिटर नयाँ ट्रयाक, ८२२५५ मिटर बाटो मर्मत सम्भार, ६ वटा कल्भर्ट निर्माण, ६६१ मिटर ड्रेन निर्माण, लाइनिङ, पेभिङ ब्लक ९५० घन मीटर, १०८२ मीटर रोड एजिङ निर्माण, ५००० मिटर क्यानल, ५ वटा भवन निर्माण, १६ वटा भवन मर्मत तथा रंगरोगन र ३३७३ क्युविक मिटर तटबन्धन निर्माणको कार्य सम्पन्न भएको ।
- गत आ.व.देखिको क्रमागत योजनाहरुमा शान्ती भगवती मा.वि. मा १ तलाको छात्रावास निर्माण, चिसाङ खोला घाट निर्माण वडा नं २ र ३, न्यायिक समितिको इजलास निर्माण, २ नं वडा कार्यालयको भवन निर्माण, ज्योती आधारभूत विद्यालयको भवन निर्माण, डाँडा गाउँ शिवालय सडक कालोपत्रे, घुम्ती लामिटार सडक कालोपत्रे, लेटाङ कानेपोखरी सडक मर्मत र विस्तार, त्रिवेणी सितल मार्ग, स्वर्गद्वारी मार्ग, गुवावारी भुवाखोला सडक स्तरउन्नती र लक्ष्मी सेवा समाजको भवन, सम्पन्न भएको छ भने समला खानेपानी आयोजना यसै आ.व. मा सम्पन्न गर्ने लक्ष्य रहेको।
- श्रोत अभाव लगायतका कारण राजारानी ताल सौन्दर्यकरण योजना र दश शैय्या अस्पताल निर्माणको कार्य सम्पन्न समेत केही समय पछाडी सर्ने देखिन्छ।
- त्यसैगरी कोल्ड स्टोरेज भवन समयमै सम्पन्न नगर्ने र ठेक्का प्रक्रियामा झुट्टा विवरण पेश गर्ने व्यवसायीलाई कालोसूचीमा राख्न लेखि पठाइएको।
- जस्तापाता, तारजाली, ह्युम पाइप, डिजिटल एक्सरे, पशु औषधी, निशुल्क औषधी तथा औषधीजन्य सामग्री खरिद कार्य समयमै सम्पन्न गरी उपयोग गरिएको।
- लेटाङ नपा ४ को हाटबजारको मर्मत सम्भारको कार्य सम्पन्न भएको।
- शिक्षा बिकास मार्ग कालोपत्रे, सडक बोर्डको साझेदारीमा संचालित विभिन्न सडक कालोपत्रे र वडा नं २ र ९ को कार्यालयको कम्पाउण्ड वाल निर्माण यस आर्थिक बर्ष सम्म सम्पन्न गर्ने लक्ष्य लिइएको।
- बहुवर्षीय आयोजनाको रुपमा अन्तरधार्मिक शान्तिपार्क निर्माण र मूर्चुङ्गी खोला पक्की पुल निर्माणको कार्य सुचारु अवस्थामा रहेको।
- त्रिपक्षीय साझेदारीमा २४ घर धुरीमा बायोग्यास निर्माण सम्पन्न भएको छ भने सानातिना बाटो मर्मत, सरसफाई, बिद्युत पोल बत्ती मर्मत, सिसी क्यामेरा मर्मतका कार्यहरु भएको।

### ४.७.४.३ गत आर्थिक वर्षमा भौतिक पूर्वाधारतर्फ भएका क्रियाकलाप तथा उपलब्धिहरू

### क) आ.ब. ०८०।०८१ मा पालिकाको लगानीमा निर्माण गरिएका सडकतर्फको प्रगति विवरण

**तालिका नं.११: सडक तर्फको प्रगति विवरण**

| आ.ब. ०८०।०८१ मा सडक निमार्ण सम्पन्न भएको | | | |
|---|---|---|---|
| **मर्मत सम्भार** | **नयाँ ट्र्याँक** | **ग्राबेल सडक** | **कालोपत्रे सडक** |
| ८२२५५ मि. | ६४१० मि. | ४८६८ मि. | ६२११ मि. |

### ख) आ.ब. ०८०।०८१ मा नगरपालिकाको लगानीमा सम्पन्न गरिएका भवन संरचनाहरू

**तालिका नं.१२: भवन निर्माण तर्फको प्रगति विवरण**

| आ.ब. ०८०।०८१ सम्ममा भवन निमार्ण सम्पन्न भएको | | |
|---|---|---|
| **निमार्ण सम्पन्न** | **बहुवर्षीय भवनहरू** | **स्तर उन्नती भएका** |
| ५ | | १६ |

### ग) आ.ब. ०८०।०८१ मा पालिकाको लगानीमा सम्पन्न भएका पुल/कल्भर्ट तथा ड्रन लगायत

**तालिका नं.१३: पुल कल्भर्ट तर्फको प्रगति विवरण**

| ड्रन | पेभिङ ब्लक | एजिङ | निमार्ण सम्पन्न | क्यानल लाईनिङ | तटवन्धन |
|---|---|---|---|---|---|
| ६६१ मि. | ९५० घ.मी. | १०८२ मि. | ६ | ५००० मि. | ३३७३ क्यू.मि. |

### ४.७.४.४ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- केही निर्माण सामग्री हरुको हकमा स्वीकृत स्थानीय दररेट र बजारको दरमा भिन्नता हुन आएको कारण वास्तविक बिल भरपाइ प्राप्त नहुने।
- अधिकांश निर्माण व्यवसायीले सम्झौताको म्याद भित्र काम सम्पन्न नगर्ने।
- केही उपभोक्ता समितबाट संचालन हुने योजनाहरुमा सम्बन्धित प्राविधिक सँग समन्वय नगरी काम गर्ने गरेको कारण भुक्तानीमा समस्या हुने।
- केही बोलपत्रदाताहरुले गलत मनसायका साथ अनाधिकृत कागजात पेश गरी कार्यालयलाइ समस्यामा पार्ने।
- केही व्यक्तीको व्यक्तिगत स्वार्थको लागि कार्यालय/कर्मचारी लाइ समस्यामा पार्ने।
- कुनै कुनै निर्माण सामग्रीको कर विजक उपलब्ध नहुनु (माटो) उपलब्ध भए पनि स्वीकृत दरमा उपलब्ध नहुनु (ढुंगा गिट्टी)।

- निर्माण व्यवसायी वा उपभोक्ता समितिको कारण काम समयमा सम्पन्न नभए पनि शाखाको कमजोरी देखिनु।
- केही प्राविधिकहरुको बदमासीको कारण सवै प्राविधिकहरुलाइ गलत नजरले हेरिनु।
- कुनै योजनाहरुको (प्रदेश र संघको श्रोतबाट सञ्चालित) समयमा भुक्तानी गर्न नसकिने कारण निर्माण व्यवसायीलाइ समयमै काम सम्पन्न गर्न कठिनाइ हुने।
- कुनै निर्माण सामग्री स्थानीय स्तरमा उपलब्ध नहुने र उक्त सामग्री उपलब्ध हुने ठाउँको पहिचान गर्दा र ढुवानी गर्दा व्यवसायीहरुलाइ कठिनाइ हुने।

#### ४.७.४.५ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावः

- उपभोक्ता समितिका पदाधिकारीहरुलाइ निर्माण कार्य सम्बन्धी ज्ञानको कमी हुने र हर समय प्राविधिकको उपलब्धता नहुने भएको कारण जनप्रतिधिहरुलाइ तालिम दिइ जिम्मेवार बनाउने।
- उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाहरुको लागत अनुमान सकेसम्म नेपाली भाषामा तयार गर्ने।
- वार्षिक खरिद योजना बनाइ सो अनुरुप कडाइका साथ योजनाहरु कार्यान्वियन गर्ने र सोको लागि आवश्यक श्रोत साधन तथा मानव सम्साधनको पर्याप्ततामा जोड दिने।
- निर्माण व्यवसायीहरुलाइ अभिमुखिकरण गराइ योजना सञ्चालनमा जिम्मेवार बनाउने।
- निर्माण कार्यमा सकेसम्म स्थानीय स्तरमा उपलब्ध सामग्रीहरु समावेश गर्ने।
- नगरपालिकाबाट सञ्चालित योजनाहरूको सङ्ख्या छनोट गर्दा आजश्यकता र प्राथमिकताको आधारमा छनोट गर्ने।
- लागत सहभागितालाई बैग्यानिक बनाउने तथा लागत सहभागिता उठाउन नसक्ने परिवारका लागि नगरपालिकाले यथोचित प्रवन्ध गर्ने, मिलाउने।
- ढुङ्गा, गीट्टी र वालुवा वर्षातको समयमा उत्खनन्न गर्न नमिल्ने भएकाले योजना समयमै सम्झैता गरी सञ्चालन सम्पन्न गर्नुपर्ने।

### ४.७.५ घर नक्सा तथा बस्ती विकास सम्बन्धी क्षेत्रको विवरण

#### ४.७.५.१ लक्ष्य तथा उद्देश्यहरूः

- व्यक्तिगत तथा सामुदायिक भवन र अन्य सार्वजनिक स्थलहरु निर्माण गर्दा भुकम्पीय सुरक्षायुक्त संरचना निर्माण गरी सम्भावित जोखिमलाई कम गर्दै लाने,
- नगर क्षेत्रभित्रका डकर्मीहरुको क्षमता अभिवृद्धिको लागि सिप विकास तालिम सञ्चालन गरी भवन निर्माण गर्दा तालिम प्राप्त डकर्मीबाट मात्र भवन निर्माण कार्य गर्ने पद्धतीको विकास गर्दै लाने,

- नगरपालिका क्षेत्र भित्र पक्की भवन निर्माण गर्दा अनिवार्य रुपमा घरनक्सा पास गरेर मात्र निर्माण कार्य अगाडी वढाउने व्यवस्था गर्ने,
- सार्वजनिक भवन निर्माण गर्दा अपाङ्गतामैत्री हुने गरी निर्माण गर्ने,
- नगर क्षेत्रका अति विपन्न, दलित, लोपोन्मुख सिमान्तकृत जनजाति समुदायलाई सुरक्षित आवास निर्माणमा आवश्यक सहयोग उपलब्ध गराउने,
- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापनको लागि भूमि आयोग मार्फत सञ्चालन भइरहेको कार्यलाई सम्वन्धित नियकायसँग आवश्यक समन्वय गरी जग्गा धनीपूर्जा वितरण गर्ने,
- भू-उपयोगको योजना कार्यान्वयन गरी भूमिको वर्गीकरणलाई पारदर्शी र यथार्थपरक बनाउने,
- भवन निर्माण आचार संहिताको कडाइका साथ पालना गर्ने,

### ४.७.५.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- नगरपालिकाको भू-उपयोग योजना सम्पन्न भई पुन भु-उपयोग योजना वर्गीकरणको लागि २६ निवेदन परेकोमा २३ वटा सम्पन्न भएको छ। जग्गा नापजाँच ४५, सार्वजनिक जग्गा नापी ४ र २ वटा बाटो सर्भेको कार्य सम्पन्न भएको।
- घर नक्सा अभिलेखिकरण कार्यविधि २०७९ बमोजिम १४ निवेदन दर्ता, १६ घर नक्सा अभिलेखीकरण भएको तथा नयाँ  घर नक्सा पास तर्फ निवेदन दर्ता २४, प्रथम चरण इजाजत लिनेको संख्या २१, दोश्रो चरण इजाजत लिनेको संख्या २१ रहेको छ भने नयाँ घर निर्माण सम्पन्नको प्रमाणपत्र लिने घर संख्या २२ रहेको।
- नगरपालिका, वडा र अस्पताल भवन निर्माण गर्न जग्गा प्राप्तिको प्रक्रिया शुरु गरी सम्वन्धित निकायमा नियमित समन्वय भईरहेको।
- १७७ भुमिहीन दलित, ६२१ भुमिहीन सुकुम्बासी र ३५७३ अव्यवस्थित बसोबासीहरूको कम्प्युटर इन्ट्री गरी निस्सा बितरण गरिएको।
- भुमिहीन दलित, भुमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको निकट भविष्यमा हुने जग्गा नापजाँच प्रयोजनार्थ हाल बसोबास गरिरहेको क्षेत्र पहिचान, रेकी प्रतिवेदन वडा नं. ७ बाहेकको प्राप्त भएको।

### ४.७.५.३ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- सेवाग्राहीमा घर नक्सा पास गर्ने प्रक्रिया पालना नगर्ने प्रवृत्ति।
- भवन निर्माण आचारसंहिताको उल्लंघन।
- अपाङ्गतामैत्री भवन निर्माणमा मापदण्ड नपुग्ने।

- भू-उपयोग योजनाको वर्गीकरण र कित्ताकाट कार्यमा जटिलता।
- भूमिहीन, सुकुम्बासी, र अव्यवस्थित बसोबासी व्यवस्थापन प्रक्रियामा समन्वयको कमी।
- जग्गा नापजाँच र धनीपूर्जा वितरणमा प्राविधिक र कानूनी समस्या।
- भवन निर्माणका लागि दक्ष डकर्मीहरूको अभाव।
- भवन निर्माण आचारसंहिताबारे जनचेतनाको कमी।
- घरनक्सा पास गर्नुपर्छ भन्ने कानूनी जानकार भए पनि प्रकृयामा नआउनु।

### ४.७.५.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावः

- घरनक्सा पास गर्ने अनिवार्यता कार्यान्वयनका लागि कानूनी कार्यवाही थप कडाइ गर्ने।
- भवन निर्माण आचारसंहिताको पालना सुनिश्चित गर्न निरीक्षण प्रणाली सुदृढ गर्ने।
- सार्वजनिक भवनहरूमा अपाङ्गतामैत्री मापदण्ड लागू गर्ने।
- भूमिहीन र सुकुम्बासीहरूको व्यवस्थित पुनःस्थापनाका लागि केन्द्र सरकारसँग समन्वय गर्ने।
- जग्गा नापजाँच, कम्प्युटर इन्ट्री, र धनीपूर्जा वितरण कार्यलाई प्रभावकारी बनाउने।
- डकर्मीहरूका लागि नियमित सिप विकास तालिम आयोजना गर्ने।
- भवन निर्माण आचारसंहिताबारे जनचेतना कार्यक्रम सञ्चालन।
- तालिम प्राप्त डकर्मीहरूद्वारा मात्र भवन निर्माण सुनिश्चित गर्ने प्रणाली लागू गर्ने।
- भू-उपयोग योजनाको कार्यान्वयनका लागि स्रोत साधन र प्राविधिक जनशक्ति परिचालन तथा थप गर्ने।
- घर नक्सा अभिलेखिकरण र प्रमाणपत्र वितरण प्रक्रिया छरितो बनाउने।
- विपन्न र सिमान्तकृत समुदायलाई आवास निर्माणका लागि अनुदान र सहुलियत दिने।
- स्थानीय तह र समुदायबीच समन्वय गरी समस्याको दिगो समाधान खोज्ने।

### ४.७.६ कृषि क्षेत्रको विवरण

#### ४.७.६.१ लक्ष्य तथा उद्देश्यहरू:

- लेटाङ नगरपालिकाको प्रमुख संभावना बोकेको कृषि नगदे बालीलाई व्यवसायीकरण, यान्त्रिकीकरण र बजारीकरण गरी कृषकहरुको आय आर्जनमा वृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने,
- नगदेवालीहरु अम्लिसो, सुपारी, तेजपत्ता, अलैचि, सुन्तला, कफि अदुवा जस्ता कृषिजन्य वस्तुको उत्पादन क्षेत्र पहिचान गरी पकेट क्षेत्रको रुपमा विस्तार गर्दै लगिनेछ,
- जग्गाको चक्लाबन्दी गरी सामुहिक खेती गर्न प्रोत्साहित गर्ने,
- थोरै जमिन हुनेहरूको समूह निर्माण गरी मागमा आधारित कृषि कार्यक्रम सञ्चालन गर्ने,
- एक घर बराबर ५ वटा फलफूलका बोटबिरुवा रोप्नुपर्ने नीति बनाइ र्कायान्यन गर्ने,
- मौलिक हकको रुपमा रहेको खाद्य सुरक्षामा जोड दिँदै खाद्यबस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित बनाउने,
- पत्रु खाना (जंक फुड) लाई निरुत्साहित गर्दै खाद्यको गुणस्तर कायम गर्न जोड दिने,
- कृषि पेशालाई थप सम्मानित र आकर्षक बनाउन उत्कृष्ट किसान पुरस्कार प्रदान गर्ने,
- नगरपालिका भित्र रहेको बाँझो जमिनलाई कानूनी मापदण्ड बनाइ करार र सामुहिक खेती प्रणालीको विकास गर्न प्रोत्साहित गर्ने,
- किसानहरुलाई जैविक मल तथा जैविक विषादी उत्पादन गर्न प्रोत्साहन गर्ने,
- जलवायु परिवर्तन र प्राकृतिक प्रकोपबाट कृषि क्षेत्रमा पर्ने नकारात्मकं असरहरुको अध्ययन गरी विकल्पहरुको खोजी गर्ने,
- जलवायु परिवर्तन तथा अन्य कारणले बालिहरुमा लाग्ने रोग किराहरु र प्राकृतिक प्रकोपबाट हुने क्षतिको प्रभाव कम गर्न प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने,
- निर्माणाधीन कृषि उपज भण्डारण (शीत भण्डार) निर्माण कार्य सम्पन्न गरी किसानहरुलाई भण्डारण सेवा उपलब्ध गराउने,
- जमिनको संरक्षण र उत्पादकत्व वृद्धिका लागि बहुउपयोगी र नगदे बाली सहितको कृषि वनको प्रवर्द्धन गर्ने,
- कृषकहरुलाई बजार सम्म पहुँच बढाउन कृषि उपज संकलन केन्द्र कृषि उपज बजार तथा विज भण्डारण सिड बैंक स्थापना गरी संचालन गर्ने,
- सुख्खा ग्रस्त क्षेत्रमा पानी संकलन पोखरी निर्माण र त्यसबाट थोपा सिचाई विस्तार गरी तरकारी उत्पादन गरी सिमान्तकृत तथा गरिव परिवारको आम्दानी वृद्धि गर्ने,
- वास्तविक किसानको पहिचान गर्ने कार्य सम्पन्न गरी किसान परिचयपत्र वितरण गर्ने,

- आय आर्जन र रोजगारीको अवशर श्रृजना गर्ने क्षेत्र कृषि नै भएकोले स्वदेशमै रहेका युवाहरु र बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई कृषिमा आकर्षण बढाउने खालका कार्यक्रम अघि बढाउने,
- कृषकहरुको उत्पादनमा गरेको लगानी सुरक्षित बनाउन थप अध्ययन गरी कृषि बिमा लागु गर्ने,
- पुष्प खेतीलाई व्यावसायिक रुपमा संचालन गर्न प्रोत्साहित गर्ने,
- कृषि क्षेत्रमा अध्ययन अनुसंधान गर्न चाहने विधार्थी तथा विज्ञलाई प्रोत्साहन गर्ने नीति तथा कार्यक्रम निर्माण गर्ने,
- जग्गा जमिन नभएको तथा खेति गर्न चाहानेहरूका लागि कार्यविधि बनाई सरकारी तथा सामूदायिक वनक्षेत्रको बाँझो जग्गा उपलब्ध गराई खेती गर्ने व्यवस्था मिलाउने,
- बजार क्षेत्रमा करेशावारी तथा कौशी खेतीलाई प्रोत्साहन गर्ने,
- सबै किसानहरुलाई कृषि समूह तथा कृषि सहकारीमा आवद्ध गराउने अभियान सञ्चालन गर्ने,

### ४.७.६.२ गत आ.ब. मा सञ्चालन विकास आयोजना तथा कार्यक्रमहरूको विवरणः

**तालिका नं.१४: विकास आयोजना तथा कार्यक्रमहरूको विवरण**

| आयोजना/ कार्यक्रम | लक्ष्य | उपलब्धि | कै. |
|---|---|---|---|
| प्राविधिक सेवा उपलब्ध गराउने | प्याकेजिङ, प्रशोधन तथा यान्त्रीकरण, धान, मकै, गहुँ , तोरी र बेमौसमी तरकारी आदि | प्राविधिक सेवा उपलव्ध गराएको । कृषिमा व्यवसायिक रुपमा प्रवर्द्धन हुँदै गएको । प्याकेजिङ, प्रशोधन तथा यान्त्रीकरणमा सहयोग गरीएको । प्रविधिमा अधारित तालिम उपलव्ध गराईएको, | |
| घुम्ती तालिम सञ्चालन | घुम्ती तालिम सञ्चालन गर्ने, | नयाँ खेति प्रविधि तथा बाली संरक्षण सम्वन्धि घुम्ती तालिम सञ्चालन भएको । | |
| कृषि विमा | कृषि विमाका लागि अनुगमन गरी सिफारिस गर्ने | कृषि विमा गर्नेको सङ्ख्या दिन प्रतिदिन बढ्दै गएको । | |
| अनुदान लक्षित कार्यक्रम | कृषकसँग मेयर कार्यक्रम, कृषकको लागि सिंचाई मिटरको विधुत महसुल भुक्तानी, बिउविजन, विभिन्न यन्त्र उपकरण वितरण | कृषकसँग मेयर कार्यक्रम अन्तर्गत विभिन्न यन्त्रउपकरण वितरण गरिएको, सिचाईको लागि बोरिङ सामाग्री वितरण गरीएको, ईलेक्ट्रीक स्प्रेयर बितरण गरीएको, ईलेक्ट्रीक मोटर बितरण गरीएको, विभिन्न बिउविजन वितरण गरीएको, आकास्मिक बालि संरक्षणको लागि वनस्पतिक, जैविक, रासायिनक विसादि तथा फ़ोरमेन ट्र्याप सहयोग गरीएको । | |

| आयोजना/ कार्यक्रम | लक्ष्य | उपलब्धि | कै. |
|---|---|---|---|
| कृषक समूह गठन | कृषकहरूलाई सङ्गठित गर्ने, कृषिमा एकद्वार प्रणाली लागु गर्ने, | कृषिकहरूको सक्रियतामा हाल सम्म ११८ कृषक समूह गठन भएको। नगरपालिकामा ४७ कृषि फर्म दर्ता तथा कृषि सहकारी संस्थाहरूसँग आबद्व रहेको। कृषिमा आएका कार्यक्रम एकद्वार प्रणालीमार्फत गर्ने गरेको। | कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकिकरण, र हणय निकाय सँग समन्वय र सहकार्य |

### ४.७.६.३ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरु

- कृषक समुह गठन तथा अध्यावधिक साथै उन्नत बिउको मिनिकिट वितरण गरीएकोमा जम्मा ११२ पुरूष र ८८ महिला गरि जम्मा २०० जना लाभान्वित भएको।
- बाली संरक्षण सेवा कार्यक्रम तथा शिविर संचालन गरिएको जसमा ६१० पुरूष र ४६५ महिला गरि जम्मा १०७५ लाभान्वित।
- ५० प्रतिशत अनुदानमा ३१७ जनालाई वर्षे तरकारी विउ, १२५ जनालाई टमाटार हाइब्रिड विउ, ३७ जनालाई धानको विउ वितरण गरिएको।
- २७२५ पुरूष र २६६४ महिला गरि ५३८९ कृषकहरुको किसान सूचीकरण गरिएको।
- निजहरुलाई किसान परिचय पत्र प्रदान गर्ने कार्य सुरू गरिएको।
- मकै तथा च्याउ बालीको साना व्यावसायिक उत्पादन केन्द्र पकेट विकास कार्यक्रम संचालन गरिएको जम्मा लाभान्वित सङ्ख्या ८० जना।
- सेतो भटमास विस्तार तथा उत्पादन कार्यक्रम प्रदेश सरकारको सहयोगमा संचालन गरिएको २४५ जना लाभान्वित।
- समला, सिमाना, सारमा र वडा नं. २ क्षेत्रको ४४० नमुना माटो परीक्षण गरी ८० प्रतिशत अम्लीयपन देखिएको ठाउँमा सुधारका लागि ३०० केजी चुन बितरण गरिएको ।
- कृषि तथा पशु पन्छीहरुको तथ्याङ्क संकलन कार्य भइरहेको।
- मकैबाली, च्याउबाली पकेट विकास कार्यक्रम, वाली संरक्षण सेवा कार्यक्रम, (५० प्रतिशत अनुदानमा बर्षे तरकारी, टमाटरको हाइब्रिड, धानको बीउ बितरण) कार्य सम्पन्न भएको।

- रबर नर्सरी घर निर्माण सम्पन्न भएको छ भने रैथाने बाली उत्पादन प्रवर्द्वन गर्न ब्रान्डिङ र प्याकेजिङको कार्य चलिरहेको ।

### ४.७.६.४ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्याहरू

- प्राविधिक जनशक्तिको कमी, श्रोत साधनको कमी,
- कृषि पेशामा नगरपालिकाबासीको प्राथमिकतामा नपरेको,
- पालिकाभित्र भइरहेको अव्यवस्थित शहरीकरणले गर्दा कृषि योग्य जमिन घट्दै गइरहेको
- स्थलगत अध्ययन अवलोकनको क्रममा यस नगरपालिकाको अधिकांश मानिसहरू परम्परागत कृषिमा आश्रित देखियो ।
- कृषि शाखाले कृषकहरूको मागलाई केहीमात्रामा सम्बोधन गर्न नसकेको ।
- कृषकहरूले प्राविधिक तथा व्यवसायिक तालिमहरू सोचेअनुसार नपाएको ।
- कृषि योग्य जमिनमा पर्याप्त सिँचाइको सुविधा नभएको ।
- उत्पादित कृषि वस्तु, अन्न तथा पशुपंक्षी र तरकारीको बेचविखन गर्न  कृषि बजारको आवश्यकता देखियो ।
- भौगोलिक रूपमा विकटता भएको हुनाले कृषि शाखामाका कर्मचारीहरूले सेवा दिन केही ढिलाई हुने गरेको देखियो ।

### ४.७.६.५ कृषि क्षेत्रका अल्पकालीन उद्देश्यहरू

- कृषि प्रणाली तथा विचारमा परिवर्तन ल्याउने ।
- कृषक समक्ष नयाँ नयाँ उत्पादनका प्रविधि, ज्ञान, सीप तथा साधनसम्बन्धी जानकारी पुर्याउने ।
- कृषि  उत्पादन र उत्पादकत्वमा वृद्दि गर्ने ।
- कृषक समूहमाफर्त कृषिका सम्पूर्ण  कार्यक्रमहरू  प्रभावकारी  ढङ्गले सञ्चालन गर्ने ।
- कृषक समूहहरूलाई सहकारी संस्थामा परिणत गर्दै लैजान प्रचार प्रसार तथा अभिप्रेरित गर्ने ।
- कृषि  अनुसन्धानबाट पत्ता लगाईएका उन्नत प्रविधिहरू कृषक समक्ष पुर्याउन र कृषकको प्रतिक्रिया अनुसन्धान समक्ष पुर्याउने ।
- सम्भाव्यताको आधारमा पकेट क्षेत्र छनौट गरी खाद्यान्न, तरकारी, फलफूल र नगदेबालीका व्यावसायिक कार्यक्रमहरूलाई प्रोत्साहन दिने ।
- ग्रामीण कृषि कार्यकर्ताहरूलाई स्थानीय स्थरमा  कृषिको नेतत्वृ गर्नसक्ने गतिशील अगुवा कृषक तयार गर्ने ।
- साना सिँचाइको माध्यमबाट प्रति इकाई क्षेत्रफलको उत्पादकत्व बढाउनुका साथै बाली सघनतामा वृद्धि गर्नु ।

### ४.७.६.६ कृषि क्षेत्रका दीर्घकालीन उद्देश्यहरूः

- खाद्य वस्तुको बढ्दो आन्तिरक माग पूरा गर्न कृषि प्रसारको माध्यमबाट उत्पादन र उत्पादकत्व बढाइ आत्मानिर्भर बनाउने ।
- निम्न आय भएका वहसुंख्यक साना किसानहरूका लागि कृषि क्षेत्रका आयमूलक उत्पादनशील र स्वरोजगारका अवसरहरू वृद्धि गर्ने ।
- कृषिजन्य उत्पादनको संरक्षण, संशोधन तथा उपयक्तु बजार व्यवस्था, वितरण प्रणालीको सुधार गर्ने ।
- वातावरणीय सन्तलनु कायम राख्दै कृषक वर्गको तुलनात्मक लाभ र न्यायोचित वितरणको आधारमा दिगो कृषि विकासको कार्यमा सहयोग पुर्याउने ।
- निवार्हमूखी कृषि पद्धतिलाई व्यवसायीकरणतर्फ उन्मुख गराउने ।
- पौष्टिक खाद्य वस्तुको उत्पादन र सन्तुलित उपयोगमा वृद्धि ल्याई जनताको स्वास्थ्यमा सुधार ल्याउने ।

### ४.७.६.७ कृषि क्षेत्रका भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू

- खाद्यान्न गोदाम, प्रशोधन केन्द्र, र शीत भण्डारको स्थापना गरी नगरपालिकाको विभिन्न ठाउँहरूमा विस्तार गरी उत्पादित फलफूल तथा तरकारीहरू विक्री वितरणमा कृषकलाई सघाउ पुर्याउने ।
- कृषि विमालाई सरल र सहज रुपमा अनिवार्य गर्नु ।
- रसायनिक मलको आपुर्ति समयमा सहज हुनु पर्ने तथा रसायनिक मलको विकल्पमा कम्पोष्ट मलको प्रयोग र उत्पादनमा आवश्यक तालिमका दिनुपर्ने ।
- कृषकहरूलाई उन्नत प्रविधि तथा बीउ विजन र तालीमको व्यवस्था हुनु पर्ने ।
- नगरपालिका भित्रको सार्वजनिक जग्गाको लगत सङ्कलन गरी त्यसलाई कृषिका लागि निःशूल्क वा न्यूनतम मूल्यमा समुदाय वा सहकारीलाई दिई कृषि उत्पादनमा वृद्धि गर्नुपर्ने ।

### ४.७.७ पशु विकास क्षेत्रको विवरणः

#### ४.७.७.१ लक्ष्य तथा उद्देश्यहरूः

- वास्तविक कृषक/पशुपालकको पहिचान गरी उनीहरुको मागमा आधारित पशु सम्बन्धी अनुदान मापदण्ड परिमार्जन गरी अनुदान बढाउँदै लगिनेछ।
- व्यवसायिक ब्राखापालन पकेट क्षेत्र पहिचान गरी त्यस्ता क्षेत्रमा अनुदान वृद्धि गर्ने। आफ्नो उत्पादनको कम्तिमा ३०% वस्तु निर्यात गर्ने व्यवसायीलाई मात्र नगरपालिकाबाट अनुदान दिने व्यवस्था मिलाइनेछ। दूध, तरकारी, मासुजन्य पदार्थ उत्पादनमा वृद्धि गराइ आत्मनिर्भर बनाउने।
- पशुपन्छीको महामारी नियन्त्रणका लागि खोप कार्यक्रम, कृत्रिम गर्भाधान सेवा विस्तारमा जोड दिइनेछ । पशुपन्छीको उपचार गर्न विशेषज्ञ सहितको पशु घुम्ती शिविर संचालन गर्ने।
- लेटाङ नगरपालिका क्षेत्र भित्र स्थापना भएको भेटनरी अस्पतालबाट गुणस्तरीय सेवा उपलब्ध गराइनेछ।
- पशुपालनलाई प्रोत्साहन गर्नको लागि उन्नत जातका पशुहरुको नश्ल सुधार कार्यक्रम संचालन गर्ने।
- नगर पशु अस्पताललाई थप व्यवस्थित, सक्षम र प्रभावकारी रूपमा संचालन गर्न आवश्यक सामाग्री तथा औषधी थप गर्ने।
- पशु हाट बजारलाई क्रेता र विक्रेता मैत्री बनाइ निधित स्थानमा व्यवस्थित रूपमा संचालनमा ल्याइनेछ।
- पशु पन्छीमा आउने महमारीको नियन्त्रणका लागि भ्याक्सिनेशन कार्यक्रम संचालन गर्ने । उत्कृष्ठ पशुपालक व्यवसायिकको पहिचान तथा पुरस्कारको व्यवस्था मिलाइनेछ। दुग्ध उत्पादक निकायहरु सँगको लागत साझेदारीमा दुध भण्डारण, प्रसोधन र बिक्री वितरणमा सहयोग पुरयाउने कार्यक्रमहरु संचालन गरिने छ।
- पशु बधशालाको निर्माणका लागि संघ तथा प्रदेश सरकारसँग सहकार्य गर्ने।
- सामुदायिक कुकुर संरक्षण तथा व्यावस्थापनका लागि कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने।
- निम्न आय भएका इच्छुक व्यक्तिहरूलाई पशुपालन सम्बन्धी तालिम दिई पशुपालनमा प्रोत्साहन गर्ने।
- खुला रुपमा मासु बेचविखन गर्न बन्देज गरिदै लगिनेछ।
- लेटाङ १ र लेटाङ ७ मा एक एक जना पशु प्राविधिकको व्यावस्था गर्ने।
- पशुपन्छी विकासको क्षेत्रमा थप अध्ययन अनुसन्धान गर्न विद्यार्थी तथा विज्ञहरुलाई प्रोत्साहित गरिने छ।
- पशुपंक्षी विकासको क्षेत्रमा अध्ययन अनुसन्धानलाई प्रोत्साहन तथा यस क्षेत्रको स्थानीय बिज्ञहरूको अभिलेख व्यवस्थित गर्ने।

### ४.७.७.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरुः

- पशु उपचार सेवा ३४६१, बाख्राको खोप २३२००, खोरेत ११८००, लम्फी खोप ६०२५, सुँगुर स्वाइन फिवर भ्याक्सीन १०,०००, रेबिज भ्याक्सीन ८८०,
- पशुहरूको नस्ल सुधार गाइ ५१३, नस्ल सुधार भैसी १२८, पशु बन्ध्याकरण ८८३,
- हिउँदे बर्षे घाँस १५/१५ हेक्टरका लागि बीउ बितरण,
- प्रयोगशालामा गोबर परीक्षण १६५ गोटा, CMT Test ११, , CBC Test ०३
- १७ वटा बाख्रापालन समूह गठन भएको छ।
- पशु स्वास्थ्य शिविर र पशु बिमा कार्यक्रम संचालनमा रहेका छन्।
- ईपिडिमोलोजिकल रिपोर्टीङ् निरन्तर रूपमा भएको पाईएको छ।
- बजारमुल्य संकलन कार्य निरन्तर रूपमा भएको छ।

### ४.७.७.३ आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा भोगेका समस्याहरू

- सीमित साधन र असिमित मागको बीचमा तालमेल नभए पनि काम गर्नुपर्ने बाध्यता रहेको छ।
- पशु विमालाई तल्लो तहसम्म पुर्याउने सदस्य, औजार, उपकरण तथा स्रोत साधनको समस्या रहेको।
- पशुपालनलाई आधुनिकीकरण र व्यवसायीकरण गर्न नसक्नु।
- नगरपालिका भित्र पशुपालनलाई कम महत्व दिनु।
- पशुहाटबजार तथा बिक्रिकेन्द्र नहुनु।

### ४.७.७.४ भावी कार्यक्रम सञ्चालनका लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- पशुक्षेत्र विकासका लागि स्थानीय तहले पूर्ण नेतृत्त्व लिनुपर्ने।
- अनुदानको दायरा सरल, सजह, मितव्ययी र फराकिलो बनाउनुपर्ने।
- पशुपालनको व्यवसायीकरण गर्न पशु पालक किसानलाई ऋण अनुदान र सहुलियतको व्यवस्था गर्नुपर्ने,
- पशु विमालाई अभियानको रुपमा सञ्चालन गर्नुपर्ने।
- निःशूल्क औषधि, बन्ध्याकरण र कृत्रिम गर्भाधानलाई प्रभावकारी बनाउनुपर्ने।
- पशुजन्य उत्पादनको बजारीकरणका लागि सरकारी संयन्त्रबाट सहयोग र न्यूनतम मूल्य तोक्ने काम हुनुपर्ने।
- मासु, अण्डा र छिटो प्रतिफलदिने पशु पंक्षीहरूको अध्ययन तथा अनुसन्धान गरी त्यस्तो व्यवसाय गराउन प्रोत्साहन गर्नुपर्ने।
- माछा तथा माछापालन गर्ने स्थानको अध्ययन तथा अनुसन्धान गरी माछा व्यवसाय गराउन प्रोत्साहन गर्नुपर्ने।

### ४.७.८ प्रधानमन्त्री रोजगार क्षेत्रको विवरण

#### ४.७.८.१ उद्देश्य

- बेरोजगार व्यक्तिहरूलाई रोजगारीको सिर्जना गर्ने,
- सरल र सहज तरिकाले श्रम स्वीकृति प्रदान गर्ने,

#### ४.७.८.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरुः

- विनियोजित वजेट अनुसार कार्यायोजना बनाई समयमानै योजनाहरू सन्चालन गरी सम्पन्न भएको पाईएको छ। जसमा, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत बेरोजगार संख्या ६१० रहेको छ। नगरपालिका समेतको साझेदारीमा वडा नं १,५,७ र ९ मा मोटरबाटो मर्मत, ड्रेन निर्माण, कल्भट निर्माण, बाटो सोलिङ, तारजाली लगाउने, बिद्यालय भवन मर्मत जस्ता जम्मा २६ कार्यक्रमको रु. ४९,७६,५६४।०० गरी जम्मा ७५,१४,५६४।०० बराबरको कार्य सम्पन्न भएको आयोजनाहरु संचालन भएका छन्। नगरपालिकाको बजेट रु.२५,३८,०००।- र प्रधानमन्त्री रोजगार कार्यक्रमको रू ४९,७६,५६४ गरी जम्मा ७५,१४,५६४ बरावरको कार्य सम्पन्न भएको छ भने २५१ जनाले रोजगारी प्राप्त गरेको।
- विनियोजित वजेट अनुरूप बेरोजगार व्यक्तिहरूलाई रोजगारमा संलग्न गराईएको पाईयो। जम्मा ११६ जना श्रमीक सूचीकरण गरिएको।
- रोजगार सेवा केन्द्रवाट वैदेसिक रोजगारीमा व्याक्तीहरूको लागि व्याक्तिगत तथा पुनः श्रम स्विकृति सम्वन्धि अनलाईन अवेदन सेवा प्रभावकारी रूपमा संचालन भएको पाईयो । बैदेशिक रोजगारीका लागि नयाँ श्रम स्विकृतिका लागि अनलाईन आवेदन दिनेको सङ्ख्या १४ र पुनः श्रम स्वीकृतिका लागि आवेदन दिने संख्या २१४ गरी जम्मा २२८ रहेको।
- आर्थिक सहायताको लागि सहजिकरण सङ्ख्या ५ जना रहेको।
- २०७ महिला र ४०३ पुरूष गरी जम्मा ५४९ जना बेरोजगार सुचीकरण गरिएको।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा जनस्तरमा अभिमुखिकरण गराई लक्षित वर्गमा पहुँच स्थापना गर्न सफल भएको पाईयो।

#### ४.७.८.३ कार्यक्रम सञ्चालनका क्रममा देखिएका समस्या तथा कमजोरीहरू

- बेरोजगार मानिसहरूका लागि निरन्तर सञ्चालन हुने रोजगारीको खोजी र समन्वय हुन नसक्नु।
- सीप विकास तालिम सञ्चालन गर्दा सहभागिको आवश्यकता, बजार माग र कच्चा पदार्थको उपलब्धताको आधारमा तालिम सञ्चालन गर्न अन्य शाखाहरूसँग समेत समन्वय हुन नसक्नु।
- कार्यस्थलमा आधारीत तालिम तथा अन्य जिवन उपयोगी सिपहरू समेत प्रदान गर्ने व्यवस्था नहुनु।

- शिक्षिक तथा दक्ष वेरोजगारहरूलाई उनिहरूको क्षमता अनुसार कार्या मिलान गर्न सरोकारवाला नकायहरूसँग समन्वय तथा करीयर काउन्सीलीङका लागि विभिन्न कार्यक्रमहरू आयोजना नहुनु ।

### ४.७.८.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- सूचीकृत बेरोजगार सङ्ख्या जम्मा ६३७ जना रहेकोमा ७२ जनाले मात्र रोजगारी प्राप्त गरेकोले अन्य व्यक्तिहरू के कारणले पाउन सकेन्न पत्ता लगाई आउँदा दिनमा रोजगारी सङ्ख्या बढाउनु पर्ने देखियो ।
- बेरोजगार मानिसहरूका लागि निरन्तर सञ्चालन हुने रोजगारीको खोजी र समन्वय गरिदिनुपर्ने ।
- सीप विकास तालिम सञ्चालन गर्दा सहभागिको आवश्यकता, बजार माग र कच्चा पदार्थको उपलब्धताको आधारमा तालिम सञ्चालन गर्न अन्य शाखाहरूसँग समेत समन्वय गरी अगाडी वढ्नपर्ने अवस्यकता देखीयो ।
- कार्यस्थलमा आधारीत तालिम तथा अन्य जिवन उपयोगी सिपहरू समेत प्रदान गर्नुपर्ने अवस्यकता देखीयो ।
- शिक्षिक तथा दक्ष वेरोजगारहरूलाई उनिहरूको क्षमता अनुसार कार्या मिलान गर्न सरोकारवाला नकायहरूसँग समन्वय तथा करीयर काउन्सीलीङका लागि विभिन्न कार्यक्रमहरू आयोजना गर्नुपर्ने देखीन्छ ।
- ५ बर्षे स्थानीय रोजगार रणनिती तयार गरी काम गर्नुपर्ने अवस्यकता देखीन्छ ।

## ४.७.९ सामाजिक सुरक्षा तथा पन्जिकरण क्षेत्रको विवरण

### ४.७.९.१ उद्देश्य

- सामाजिक न्यायको हक कार्यान्वयनमा नगरको श्रोत साधनलाई न्यायोचित वितरणको व्यवस्था गर्ने नीति लिईनेछ
- नगरक्षेत्रका वृद्धवृद्धा, अशक्त, अपांगता, कडा रोगले पीडित भएका मानिसहरुलाई सामाजिक सुरक्षा र संरक्षणको कार्यक्रम मार्फत आवश्यक सहयोगको व्यवस्था मिलाइनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरणलाई सहज बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।
- व्यक्तिगत घटना दर्तालाई सहज बनाउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।
- नगरपालिकाले आमाबावु विहीन टुहुरा बालवालिकाहरुको अभिभावकत्व ग्रहण गरी निःशुल्क शिक्षाको व्यवस्था मिलाईनेछ ।
- सामाजिक सुरक्षा, संरक्षण, सशक्तिकरण एवं समतामूलक न्याय मार्फत सामाजिक न्याय प्रवर्द्धन हुने कार्यक्रमहरु सञ्चालन गर्ने ।
- गरिवी निवारण एवं समावेशी विकास गर्न गरिब घरपरिवार पहिचान, सहायता र संरक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- बालविवाह मुक्त नगरपालिका घोषणा र दिगोपनाका लागि समुदाय र विद्यालयस्तरमा थप सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- बालबालिकाको हक अधिकार सुनिश्चित गर्न पूर्वाधार तयार गरी बालमैत्री नगरपालिका घोषणा गर्न पहल गर्ने ।

- मौलिक हकको रुपमा रहेको सामाजिक न्यायको हक कार्यान्वयनमा नगरको श्रोत साधनलाई न्यायोचित वितरणको व्यवस्था गर्ने नीति लिईनेछ।
- नगरक्षेत्र भित्र रहेका वृद्धवृद्धा, अशक्त, अपांगता, कडा रोगले पीडित भएका मानिसहरुलाई सामाजिक सुरक्षा र संरक्षणको कार्यक्रम मार्फत आवश्यक भौतिक तथा आर्थिक सहयोग गर्ने।
- बैंकको सहज पहुँच नभएका वडा नं. १ र वडा नं. ७ का वडाहरुमा बैंकसँग समन्वय गरी सामाजिक सुरक्षा भत्ता वडा कार्यालयबाटै वितरण गर्ने व्यवस्था मिलाइनेछ।
- व्यक्तिगत घटना दर्तालाई सहज बनाउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने।
- सामाजिक सुरक्षा, संरक्षण, सशक्तिकरण एवं समतामूलक न्याय मार्फत सामाजिक न्याय प्रवर्द्धन हुने कार्यक्रमहरु सञ्चालन गर्ने।
- गरिवी निवारण एवं समावेशी विकास गर्न गरिब घरपरिवार पहिचान, सहायता र संरक्षणको नीतिलाई निरन्तरता दिइनेछ।
- विपद् वाट प्रभावित व्यक्ति, परिवारको सामाजिक सुरक्षा र संरक्षणको आवश्यक प्रवन्ध गर्ने।

### ४.७.९.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

गत आर्थिक वर्षमा यस नगरपालिकाबाट तपिशल सङ्ख्यामा नागरिकलाई भत्ता विवरण गरिएको पाईयो। जसलाई तल देखाइएको छ।

**तालिका नं.१५: भत्ता वितरण विवरण**

| भत्ता प्राप्त लाभ ग्राही | आ.व. २०७९।०८० सम्ममा कायम सङ्ख्या | आ.व. २०८०।०८१ सम्ममा कायम सङ्ख्या |
|---|---|---|
| अन्य जेष्ठ नागरिक | २३२० | २४१२ |
| जेष्ठ नागरिक दलित | १५० | १५३ |
| जेष्ठ ना.एकल म. | ३२६ | ३०७ |
| विधवा महिला | ५४३ | ५११ |
| पुर्ण अपाङ भत्ता | १३९ | १४० |
| अति अशक्त भत्ता | २१२ | २१९ |
| दलित वालबालिका | २३५ | २०६ |
| **जम्मा** | **३९२५** | **४०२८** |

**घटना दर्ताको विवरण अध्ययन तथा विश्लेषणः**

व्यक्तिगत घटना तर्फ चालु आ.व.मा जन्म दर्ता ६५१, मृत्यु दर्ता ३१७, सम्वन्ध विच्छेद ७६, बसाईसराई आएको संख्या २०८ र बसाइ सरी गएको संख्या १५० रहेको छ।

### ४.७.९.३ कार्यक्रम सञ्चालगका क्रममा देखिएका समस्या तथा कमजोरीहरूः

- व्यक्तिगत घटना दर्तालाई हेर्दा यस नगरपालिकामा सबै वडाहरूमा अनलाइन प्रक्रियाद्धारा घटना दर्ता सञ्चालन भइरहे पनि  इन्टरनेटको समस्याले काममा ढिलो हुँदा सेवाग्राहीको असन्तुष्टि रहने गरेकोले इन्टरनेटमा सुधार गर्नुपर्ने देखियो।
- व्यक्तिगत घटना दर्ता गर्न अझै पनि मानिसहरू ३५ दिनभित्र नआउने देखिएकोले घटना दर्तासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने देखियो।
- फिल्डमा गएर अध्ययन गर्दा केही मानिसहरू विवाह गरेको लामो समयसम्म पनि विवाह दर्ता गर्न नआएको र बच्चा भएपश्चात बच्चाको जन्म दर्ता गराउन आउँदा विवाह दर्ता नभएकोले समस्या भएको देखियो।
- यस नगरपालिकामा बसाँइ सरी जानेभन्दा आउनेक्रम बढी देखिए पनि नगरपालिका भित्रकै पहाडी वडाहरूबाट तराईका वडाहरूमा बसाँइसराई आउने क्रम बढी देखिएकोले पहाडी क्षेत्रको बसाँइसराई रोक्न नगरपालिकाले उपयुक्त कदम चाल्नुपर्ने देखियो।
- नगरपालिकाको घटना दर्तालाई अध्ययन गर्दा गत आ.ब. मा मात्र ७६ जनाले सम्बन्द विच्छेद गरेको देखिएकोले सम्वन्ध विच्छेद गर्नुको कारण पत्ता लगाई सम्बन्ध विच्छेदसम्बन्धी सचेतना तथा आवश्यक अन्य कार्यक्रम सञ्चालन गर्नुपर्ने देखियो।

### ४.७.९.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- हरेक काम अनलाइनबाट हुने भएकाले इन्टरनेटलाई सरल, सहज र जुणस्तरयुक्त बगाउने।
- व्यक्तिगत घटना दर्ता सप्ताहा शसक्त प्रभावकारी तथा घर घरसम्म पुर्याउनका साथै समय समयमा घटना दर्तासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- स्वास्थ्य, शिक्षा, रोजगारी, यातायातलाई सर्वशुलभ र सबैको पहुँच योग्य बनाउने तथा बसाई सरी जानुका कारण पत्ता लगाई त्यससम्बन्धी गर्नुपर्ने कार्य नीतिगत रुपमै व्यवस्था गरी सञ्चालन गर्ने।
- सम्बन्द विच्छेद हुनुका कारण पत्ता लगाई त्यससम्बन्धी कार्य गर्ने।

### ४.७.१० खानेपानी,सरसफाई तथा फोहोरमैला व्यवस्थापन क्षेत्रको विवरण

#### ४.७.१०.१ मूख्य लक्ष्य तथा उद्देश्यहरूः

- नगरवासीहरुलाई स्वच्छ खानेपानीको दीगो व्यवस्थापन गर्न नयाँ खानेपानी आयोजनाहरुको सम्भाव्यता अध्ययन र संचालनमा आएका आयोजनाहरुको मुहान संरक्षण, नियमित मर्मत संभार गरी उपभोक्ताको पहुँच वृद्धि गर्ने व्यवस्था मिलाईनेछ।
- नगरपालिका भित्रका सवै खानेपानीका मुहान सुचिकृत गर्ने।
- "लेटाङको खानेपानीको आधारः चुरेको जलाधार" भन्ने मुल नारा सहित नगर भित्रका सबै खानेपानी मुहानको संरक्षण गर्ने।
- नगरबासीमा सुद्ध खानेपानीको लागि गुणस्तर परीक्षण गर्ने व्यवस्था मिलाउदै लगिनेछ। खानेपानीको मूहान संरक्षण गर्न मापदण्ड बनाइ कार्यान्वयन गर्ने।
- पानीको स्रोत र मुहान संरक्षण गर्न समुदाय सचेतना र परिचालन कार्यक्रमहरू सञ्चालन गर्ने।
- मेरो फोहोर मेरो जिम्मेवारी, फोहोरलाई मोहोर बनाउँ भन्ने नाराका साथ घरेलु फोहोर व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने। सोको लागि वडा कार्यालयको समन्वयमा टोल विकास संस्थाहरुलाई जिम्मेवार बनाउने।
- नीजि सार्वजनिक साझेदारीमा अत्याधुनिक सार्वजनिक शौचालय निर्माण गर्न पहल गर्ने। फोहोर मैला व्यवस्थापनका लागि नीजि क्षेत्रसँग सहकार्य गर्ने।
- स्वास्थ्य संस्थाबाट निस्कने फोहोर स्वास्थ्य संस्था स्वयंले व्यवस्थापन गर्नुपर्ने नीति लिइनेछ। नियमित फोहोरमैला कर तिर्ने घरधुरी र व्यवसायीहरूको मात्र फोहोर संकलन गर्ने।
- सार्वजनिक स्थानमा फोहोर फाल्नेलाई कानूनमा भए बमोजिम दण्ड जरिवानको व्यवस्था गर्ने।
- फोहोरमैला व्यवस्थापनमा नगरको नारा अनुरूप कार्य गर्ने उत्कृष्ट टोल विकास संस्था र वडालाई सम्मान गर्ने।
- सार्वजनिक स्थानमा फोहोर फाल्ने गरेको स-प्रमाण सूचना प्रदान गरेमा उचित नगद पुरस्कारको व्यवस्था गर्ने।

#### ४.७.१०.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- जम्मा घर धुरी सङ्ख्या ८६६४( १०० प्रतिशत ) मध्ये ५४ घरघुरी (०.६२) प्रतिशत शौचालय नभएको सङ्ख्या वा ९९.३८ प्रतिशत परिवारले आधुनिक शौचालय बनाएका छन्। शौचालय भएका परिवार मध्ये १०० प्रतिशतले शौचालयको प्रयोग।
- खानेपानी तथा सरसफाई प्रवर्धनका लागि नगरपालिकाको कार्यालय गै.स.स.हरूसँग साझेदारी को लागि पहल भैरहेको ।

- काठको दाउरा ईन्धनको रूपमा प्रयोग गर्ने घरधुरी ५३ प्रतिशत र एल.पि. ग्यास प्रयोग गर्ने घरधुरी ४१ प्रतिशत रहेतापनि नगरले विधुतिय चुलो प्रयोगको लागि सचेतना वढाउने प्रयास गरेको देखिन्छ ।

### ४.७.१०.३ कार्यक्रम सञ्चालगका क्रममा देखिएका समस्या तथा कमजोरीहरू

- हालसम्म नगरपालिका बासिका हरेक घरमा स्वच्छ खानेपानी पुर्याउन नसक्नु ।
- नगरपालिकाको बजेटको प्राथमिकतामा खानेपानी तथा सरसफाईका योजना नपर्नु ।
- फोहोरमैला उचित व्यवस्थापन तथा फोहोरमैला व्यवस्थापनका लागि ल्यान्डफिल्ड साइडको व्यवस्था नहुनु ।

### ४.७.१०.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- नगरपालिका बासीका स्वच्छ खानेपानी पुर्याउनका लागि नीति र योजनासहित कार्य गर्नुपर्ने देखिन्छ ।
- नगरपालिकाले खानेपानी तथा सरसफाईसम्बन्धी कामलाई प्राथमिकता दिनु ।
- फोहोरमैला वर्गीकरण गरी छुट्याउने  उचित व्यवस्थापन गर्न नगरपालिका बासीमा सचेतना जगाउनु ।
- फोहोरमैला उचित व्यवस्थापनको लागि चाँडै ल्यान्डफिल्ड साइडको व्यवस्था गर्नुपर्ने ।

### ४.७.११  नगरपालिकाको न्याय कानुन तथा मानव अधिकार क्षेत्रको विवरण;

### ४.७.११.१ मूख्य लक्ष्य तथा उद्देश्यहरू:

- न्यायिक समिति तथा मेलमिलापकर्ताको क्षमता विकास गर्दै न्यायमा सबैको पहुँच स्थापित गर्न “बेलैमा गरौं मिलाप, नगरौ बिलाप” भन्ने नारालाई साकार पारिनेछ ।
- न्यायिक सम्पादनलाई अझ व्यवस्थित मर्यादित गरेर अघि बढाउन सुरु गरिएको इजलास भवनलाई सम्पन्न गरी सेवा सुचारू गर्ने ।
- 'वडामा अवस्थित मेलमिलाप केन्द्र तथा मेलमिलाप कर्ताको क्षमता विकास गरी मेलमिलाप केन्द्रहरूको सेवा प्रवाहलाई थप ब्यवस्थित गर्दै लगिनेछ ।
- न्यायिक समितिबाट सम्पादन गरिने कार्यहरूलाई सफ्टवेयरको माध्यमबाट संचालन गरी सेवा प्रवाहलाई चुस्त दुरूष्त तथा पारदर्शी बनाउने ।
- कानुनी सचेतना सम्बन्धी अभिमुखिकरण अभियानको रूपमा समुदायस्तरमा संचालन गर्ने ।

### ४.७.११.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- नेपालको संविधान धारा २१७ बमोजिम प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरिएको।
- दर्ता भएका १२४ विवाद मध्ये ११२ मेलमिलापको माध्यमवाट निरूपण गरिएको।
- आ.व. २०८१।०८२ को लागि ७७ जना मेलमिलापकर्ता सुचिकृत भएको।
- कुनैपनि विवाद अदालत पठाउन नपरेको।
- न्यायिक समिति र मेलमिलाप कर्ताको क्षमता विकासका लागि तालिम प्रदान गरिएको,

**तालिका नं.१६: न्यायिक प्रक्रियाद्वारा न्याय सम्पादन गरिएका कार्यहरू**

| क्रसं | कार्य विवरण | जम्मा विवाद | निरूपण भएको | निरूपण हुन वाकी | कैफियत |
|---|---|---|---|---|---|
| १. | रकम असुल उपर गराई पाँउ | १६ | १५ | १ | प्रतिउतर ढिला आएको |
| २. | जग्गा विवाद | ३६ | ३४ | २ | दोस्रो पक्ष सम्पर्कमा नआएको |
| ३. | छलफल गराई पाँउ | १३ | ११ | २ | पक्षले आफ्नो अडान नछाडेको |
| ४. | घरेलु हिंसा | ६ | ५ | १ | समयमा सम्पर्कमा नआएको |
| ५. | पतिपत्नि विवाद | ११ | ११ | ० | |
| ६. | सम्वन्ध विच्छेदको लागि छलपफल गराई पाँउ | २ | २ | ० | |
| ७. | लेनदेन सम्वन्धमा | १७ | १५ | २ | दोस्रो पक्ष सम्पर्कमा नआएको |
| ८. | घर खालि गराई पाँउ | १ | १ | ० | |
| ९. | घरभाडा वापतको रकम असुलउपर गरिपाँउ | १ | १ | ० | |
| १०. | गालि गलौच सम्वन्धमा | ४ | ४ | ० | |
| ११. | विवाह दतार् गराई पाँउ | १ | १ | ० | |
| १२. | अन्य | १६ | १२ | ४ | पक्षले तारेख छाडेको, छलफलमा उपस्थित नभएको |
| | **जम्मा** | **१२४** | **११२** | **१२** | |

### ४.७.११.३ कार्यक्रम सञ्चालगका क्रममा देखिएका समस्या तथा कमजोरीहरू

- मेलमिलाप केन्द्र र न्यायिक समितिका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक वित्तीय र मानव संसाधनको कमी।
- कानूनी प्रक्रियाबारे जनमानसमा पर्याप्त जानकारीको अभावले मेलमिलाप र न्यायिक समितिका सेवाको उपयोग गर्न नागरिकहरूमा अनिच्छा।
- मेलमिलापकर्ताको पर्याप्त क्षमता र तालिमको कमी जसले विवाद समाधानमा प्रभावकारिता घटाउन सक्छ।
- सफ्टवेयर र डिजिटल प्रणालीको सही प्रयोग नगर्नु वा सूचना प्रवाहमा समस्या हुनु जसले सेवाको पारदर्शिता र प्रभावकारिता घटाउन सक्छ।
- पक्षहरूको सहयोगको अभाव, जसका कारण मेलमिलाप प्रक्रियामा ढिलाइ र विवादको समाधान असम्भव हुन सक्छ।

### ४.७.११.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- मेलमिलाप केन्द्र र न्यायिक समितिका कार्यहरूको लागि पर्याप्त बजेट र स्रोतहरूको व्यवस्था गर्ने।
- कानूनी प्रक्रियाबारे जनचेतनाका लागि अभियानहरू सञ्चालन गर्ने, जस्तै सूचना पत्रिकाहरू, रेडियो र टेलिभिजन कार्यक्रमहरू र सामुदायिक बैठकहरू।
- न्यायिक समिति र मेलमिलाप केन्द्रको कार्यप्रणालीलाई सुधार्न नियमित अनुगमन र रिपोर्टिङको व्यवस्था गर्ने।
- मेलमिलापकर्ताहरूको लागि नियमित तालिम र कार्यशाला आयोजना गर्ने, जसले उनीहरूको क्षमता र निर्णयक्षमता अभिवृद्धि गर्दछ।
- समितिको कामको प्रक्रिया र कार्यक्षमता अभिवृद्धिका लागि वार्षिक कार्ययोजना तयार गर्ने।
- मेलमिलाप केन्द्र र न्यायिक समितिहरू बीचमा नियमित बैठक र समन्वय गर्दै कामको प्रगति र समस्याहरूका बारेमा छलफल गर्ने।
- विवादमा संलग्न पक्षहरूलाई सहकार्य र समझदारीका लागि प्रेरित गर्ने, र मेलमिलाप प्रक्रिया अपनाउन प्रोत्साहित गर्ने।
- पक्षहरूको सहयोग प्राप्त गर्न आवश्यक प्रोत्साहन र पुरस्कार व्यवस्था गर्ने।
- सबै कानूनी कागजातलाई डिजिटाइज गरेर सुरक्षित र पहुँचयोग्य बनाउने।

### ४.७.१२ यूवा, खेलकुद, सामाजिक परिचालन, सम्वन्धि क्षेत्रको विवरण

#### ४.७.१२.१ लक्ष्य तथा उद्देश्यहरू:

- खेल मैदान निर्माण तथा स्तरोन्नती गरी खेलकुदको विकास गर्दै लगिनेछ। राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडी र अन्तर नगरपालिकास्तरीय खेलका बिजेता खेलाडीलाई पुरस्कृत गर्ने व्यवस्था गर्ने।
- टोल विकास संस्थाको क्षमता विकास गर्दै लगिनेछ । प्रत्येक वडाबाट टोल विकास संस्थासँग परियोजना माग गरी प्रत्येक वडाको उत्कृष्ट परियोजना पेश गर्ने एउटा टोल विकास संस्थालाई परियोजना सञ्चालन गर्न बजेट व्यवस्था गर्ने । दुर्व्यसनी नियन्त्रका लागि कार्यविधि बनाइ कार्यान्वयन गर्ने।
- युवाहरुलाई दुर्व्यसनीबाट बचाउन चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने । युवाहरुलाई टोल विकास लगायतको रचनात्मक काममा परिचालन गर्ने ।
- दलित, आदिवासी जनजाति, महिला, बिपन्न, पिछडा वर्ग, सिमान्तकृत र अन्य समुदायका ईच्छुक युवाहरुलाई लोक सेवा आयोग, शिक्षक सेवा आयोग लगायत प्रतियोगितात्मक परीक्षा तयारी कक्षा संचालन गरी सशक्तिकरण गर्ने नीति लिईनेछ ।
- युवाहरुलाई रोजगारीका अवसर सृजना गर्ने कार्यक्रमको छनौट गरी खेलकुद युवा शसक्तिकरण लगायतमा जोड दिइ वैदेशिक रोजगारमा जाने कार्य निरुत्साहित गर्दै लगिनेछ ।
- युवाहरुलाई शिक्षा, परामर्श र खेलकुद गतिविधिको माध्यमबाट गुणस्तरीय मानव पूँजीको रुपमा विकास गर्न प्रतियोगिताहरू सञ्चालनको व्यवस्था मिलाईनेछ ।
- विपद् जोखिम न्यूनिकरणको लागि पूर्व तयारी लगायतका क्रियाकलापहरुको व्यवस्थित कार्ययोजना बनाई वातावरण मैत्री स्थानीय शासन अवलम्वन गर्न टोल विकास संस्थाहरु तथा अन्य सामाजिक संस्थाहरुलाई परिचालन गर्ने ।
- लागुऔषध दुर्व्यसन न्यून गर्न सचेतना तथा नियन्त्रणका लागि विद्यालय तथा समुदायस्तरमा कार्यक्रमहरु संचालन गर्ने ।
- यूवाहरूका लागि प्राविधिक तथा व्यावसायिक सीप विकासमा पहुँच, गुणस्तर सुधार र सीप परीक्षण सम्वन्धी सचेतना र सहयोग कार्यक्रमहरू संचालन गर्ने ।

#### ४.७.१२.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- नगरका युवाहरूलाई स्वयमसेवक परिचालन तालिम सञ्चालन गरी सशक्तिकरण गरिएको ।
- नगरस्तरी स्थानीय स्काउट गठन र कार्यालय स्थापना गरिएको छ । स्काउट मार्फत युवा परिचालन गर्न सुरू गरिएको ।

- नगरको सबै वडाको महिला टीमको सहभागितामा प्रथम नगर महिला भलिबल प्रतियोगिता सम्पन्न भएको ।
- स्थानीय खेल क्लव र टीमहरूको क्षमता विकास हुदै गएको ।
- लोकप्रिय क्रिकेट खेललाई नगरमा क्रमश विस्तार गर्न प्रथम मेयरकप प्रतियोगिता सम्पन्न भएको ।
- वडा तथा नगरका विभिन्न स्थानमा रहेको खेल मैदानहरू समुदाय स्तर र नगरबाट आवश्यक संरक्षण र विकास गरिएको ।
- क्लबहरुलाई खेलकुद सामग्री प्रदान गरिएको तथा खेलकुदलाई व्यवस्थित गर्न सुधारका कामहरू सुरूवात गरिएको ।

### ४.७.१२.३ कार्यक्रम सञ्चालगका क्रममा देखिएका समस्या तथा कमजोरीहरू

- कम बजेटमा तालिम संचालन गर्नुपर्ने भएको हुदा तालिमहरू प्रभावकारी रूपमा संचालन हुन नसकेको,
- तालिम पश्चात प्रशिक्षार्थीहरूलाई निरन्तर व्यावसायिक परामर्श तथा सहयोग गर्न नसकेको,
- लक्षित समुदायलाई समेटी कार्यक्रम संचालन गर्दा पुरा समय दिन नसक्दा सिकाई प्रभावकारी हुन नसकेको,
- शिप विकास तालिम मात्र लिएका प्रशिक्षार्थीलाई तालिम पश्चात के गर्ने, कसरी गर्ने जस्ता निर्णय लिन गारो भएको ।

### ४.७.१२.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- पर्याप्त बजेट व्यावस्थापन गरी नेपाल सरकारको स्विकृत पाठ्यक्रम बमोजिम तालिम दिन पर्ने,
- लक्षित समुदायका सहभागिलाई यातायात स्वरूप खर्चको व्यवस्था गर्नपर्ने,
- उद्यम विकासका सम्पुर्ण चरण पुरा गरी कार्यक्रम संचालन गरेमा कार्यक्रमले दिगेपना पानउसक्दछ ।
- तालिम समापन पस्चात समेत निरन्तर अनुगमन तथा परामर्श सहयोग गर्नुपर्ने ।

### ४.७.१३ पर्यटन तथा सहकारी विकास सम्वन्धि क्षेत्रको विवरण

### ४.७.१३.१ लक्ष्य तथा उद्देश्यहरू:

- नगरको पहिचान बोकेका राजारानी ताल, राजारानी मन्दिर, छोरी ताल, सुकेपोखरी, गुराँसे डाडाँ, ऐतिहासिक धिमाल दरबार, झाक्री गुफा झाक्री पार्क, तिनकुने पार्क, जोरकुप बिमिरे कुप, पाथिभरा माता मंदिर क्षेत्र, अन्तरधार्मिक शान्ति पार्क, किसे झरना, ताक्चुवा झरना, वाराजी मन्दिर, कोलुङ झरना, आरुवोटे डाँडा, वडा नं. ७ को समला तथा थामचुली डाँडा, लेटाङ ९ को धार्मिक चौक जाँते जस्ता क्षेत्रहरुमा पर्यटक आकर्षित गर्नको लागि पर्यटन पुर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ ।
- लेटाङको टुक्रे राष्ट्रिय वन क्षेत्रलाई पर्यापर्यटन सामुदायिक वनको निर्माणको रूपमा प्रक्रिया अगाडि बढाइनेछ ।

- जैविक विविधता भएको राजारानी ताल क्षेत्रलाई अध्ययन अनुसन्धान केन्द्रको रुपमा गर्ने ।
- पर्यटकहरुलाई आकर्षित गर्न सड़क तथा शहरी सौन्दर्यकरणको कार्यलाई निरन्तरता दिइनेछ।
- आरुवोटे डाँडा, सारमा, पञ्चमी डाँडा र समला जस्ता क्षेत्रमा होमस्टेको प्रवर्द्धनद्वारा स्थानीय अर्थतन्त्रमा योगदान पुरयाउने कार्यक्रमहरु सञ्चालन गर्ने ।
- पर्यटन क्षेत्रमा लगानी गर्न निजी क्षेत्रलाई समेत प्रोत्साहन गर्ने ।
- शैक्षिक पर्यटन, खेलकुद पर्यटन, धार्मिक पर्यटन, साहसिक पर्यटन, स्वास्थ्य पर्यटन तथा हाइकिङ (पैदल मार्ग) को प्रवर्द्धन गर्दै लगिनेछ ।
- रैथाने उत्पादन र सिपमा आधारीत वस्तुहरुको उत्पादन, उपभोग र बिक्रीको लागी प्रोत्साहन गर्ने ।
- पर्यटकीय क्षेत्र बिकास गर्न संभाव्यता अध्ययन गरी पर्यटन विकास गुरूयोजना निर्माण गर्ने ।

**सहकारी तर्फः**

- सहकारी संस्थाहरुको नियमित र सघन अनुगमन गरी संस्थागत सुशासन कायम गरी जनसंख्याका आधारमा सहकारी एकीकरण गर्ने आवश्यकताका आधारमा संस्था दर्ता तथा खारेजी गर्ने प्रकृया अगाडि बनाउने। समुदाय र सदस्यप्रति थप उत्तरदायी र जवाफदेही बनाउन सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्दै लगिनेछ ।
- अनौपचारिक रुपमा समूह बनाई वचत तथा ऋण कारोबार गर्ने समूहलाई अनिवार्य रुपमा दर्ता प्रक्रियामा ल्याइनेछ।
- सहकारीको माध्यमबाट रोजगारी सिर्जना, गरिवी न्युनिकरण, उद्यमशिलता प्रवर्द्धन र सामुदायिक सशक्तिकरण गर्ने। सामाजिक उत्तरदायित्व सहितको सहकारी र सदस्य केन्द्रित संस्था निर्माणका लागि आवश्यक पहल गर्ने ।
- प्रत्येक सहकारीले व्यवस्थापन गर्नुपर्ने सामाजिक दायित्व अन्तर्गतको रकम परिचालन गर्दा नगरपालिकासँगको समन्वयमा सञ्चालन गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।
- सहकारी क्षेत्रको बचतलाई उधम विकास तथा रोजगारी सृजना हुने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने ।
- सहकारी समन्वय समिति मार्फत सबै सहकारीहरूसँग नगरको समन्वयलाई अगि बढाइनेछ ।

### ४.७.१३.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- २२ वटा सहकारीहरूले नियमित रूपमा नविकरण, सभा तथा लेखापरीक्षणको प्रतिवेदन सम्पन्न गरेका ।
- २ वटाको बिनियम पुनर्लेखन र २ वटाको विनियम संशोधन गरिएको पाईएको छ ।
- १८ वटा सहकारीको अनुगमन गरिएकोमा नियमित रुपमा संचालन तथा व्यवस्थापन गर्न सहकारीहरुले गरेको प्रयास सकारात्मक रहेको ।
- नगर पर्यटन बिकास गुरु योजना निर्माण कार्य प्रक्रिया अगाडि बढेको छ ।

### ४.७.१३.३ कार्यक्रम सञ्चालगका क्रममा देखिएका समस्या तथा कमजोरीहरू

- पर्यटकीय स्थलहरूको आधारभूत संरचना (सडक, आवास, जलवायु अनुकूलता, पानी आपूर्ति, आदि) पर्याप्त नहुनु।
- पर्यटकीय पूर्वाधारको विकास र सहकारी क्षेत्रका लागि आवश्यक वित्तीय स्रोतहरूको अभाव।
- निजी क्षेत्रको सहभागिता कम रहेकोले पर्यटन र सहकारी परियोजनामा लगानीको कमी हुनु।
- पर्यटन र सहकारी क्षेत्रका लाभ र अवसरहरूको बारेमा स्थानीय समुदायको साचो जानकारी र जागरूकताको कमी।
- सहकारीका सदस्यहरूलाई वित्तीय व्यवस्थापन, उद्यमशीलता र नेतृत्व सम्बन्धी सीपको अभाव हुनु

### ४.७.१३.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- पर्यटन स्थलहरूको आधारभूत संरचना )सडक, आवास, जलवायु अनुकूलता, पानी आपूर्ति (को सुधार गर्न प्राथमिकता दिनुपर्ने। स्थानीय सरकार र निजी क्षेत्रको सहकार्यमा पूर्वाधारको निर्माण र सुधार कार्य शुरू गर्नुपर्ने।
- पर्यटन र सहकारी क्षेत्रमा लगानीको लागि निजी क्षेत्रलाई आकर्षित गर्न सब्सिडी, कर छुट, र अन्य प्रोत्साहन योजनाहरू ल्याउनुपर्ने।
- पर्यटन र सहकारी क्षेत्रका लागि सरकारी र गैर-सरकारी निकायबाट वित्तीय सहयोग सुनिश्चित गर्न नीति बनाउनुपर्ने।
- पर्यटन क्षेत्रको विस्तार र सहकारी परियोजनाका लागि बाह्य लगानी आकर्षित गर्न पहल गर्नुपर्ने।
- पर्यटन र सहकारी क्षेत्रका फाइदाहरू र अवसरहरूको बारेमा स्थानीय समुदायलाई सचेत पार्न अभियान सञ्चालन गर्नुपर्ने।
- पर्यटन र सहकारी क्षेत्रमा समान अवसरको वितरण गर्न, विशेष गरी गरिब र भेदभाव गरिएका समुदायका लागि योजनाहरू बनाउनुपर्ने।
- सहकारी संस्थाका सदस्य र पर्यटन क्षेत्रका कर्मचारीहरूको तालिमका लागि कार्यक्रमहरू आयोजना गर्नु, विशेष गरी वित्तीय व्यवस्थापन, उद्यमशीलता र नेतृत्व क्षमतामा।
- सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्न विशेष तालिम र कार्यशालाहरू सञ्चालन गर्नु, ताकि संस्थाहरू अधिक प्रभावकारी ढंगले सञ्चालन हुन सकून्।

### ४.७.१४ उद्योग, श्रम तथा रोजगार सम्वन्धि क्षेत्रको विवरण

#### ४.७.१४.१ लक्ष्य तथा उद्देश्यहरू:

- स्थानीय कच्चा पदार्थ, प्रविधि र सीपको संरक्षण र प्रवर्द्धन गर्न लघु तथा घरेलु उद्योग र परम्परागत सीपमा आधारित उद्योगहरुलाई प्राथमिकता दिइ प्रविधिमा सहयोग गर्ने ।
- नगर क्षेत्रभित्र स्थानीय उत्पादनलाई विविधिकरण र बजारीकरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- गरिव परिवारको पहिचान गर्न वडा कार्यालय, टोलविकास संस्था तथा सरोकारवाला निकायहरुलाई परिचालन गर्ने। गरिबी निवारणका लागि आवश्यकताको आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम सञ्चालन गर्ने ।
- लघु, घरेलु तथा साना उधोगको संरक्षण तथा प्रवर्द्धन गर्ने ।
- सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्न कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण गर्ने । नयाँ लघु उद्यमी सिर्जना गर्न कार्यक्रम सञ्चालन गर्ने ।
- वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई लक्षित गरी उनिहरुले विदेशमा आर्जन गरेको सीप र क्षमताको उपयोग हुने गरी मागमा आधारित दिगो आयआर्जनका कार्यक्रमहरु संचालन गर्ने ।
- लेटाङ नगरपालिका क्षेत्र भित्र रहेका श्रमिकहरुको लागि श्रमिक हित कोषको स्थापना गरी श्रमिकहरुको सुरक्षा तथा संरक्षण गर्ने ।
- श्रम डेस्क स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत उत्पादकत्व वृद्धि गर्ने, दिगोपना कायम हुने, स्थानीय श्रोत साधनको प्रयोग र परिचालन हुने खालका आयोजना तथा कार्यक्रम छनौट गरी रोजगारी प्रदान गर्ने ।
- रोजगार सेवा केन्द्रमार्फत बेरोजगार व्यक्तिहरुको अभिलेखीकरण र न्यूनतम रोजगारको प्रवन्ध गर्न कार्यक्रम सञ्चालन गर्ने ।

#### ४.७.१४.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमी सिर्जनाको काम भईरहेको ।
- गत आ.व. मा २ वटा समुहका १६ जना उद्यमीलाई प्रविधिमा सहयोग भएको ।
- नयाँ उद्यमीतर्फ २४ जना उद्यमी सिर्जनाको काम भएको ।
- ३३ जना पुराना उद्यमीलाई थप एड्भान्स सिप विकास तालिम संचालन गरिएको ।

- ➢ जुत्ता वनाउने, कृष्टलका गहना वनाउने, बाँसको मुढा बनाउने, बाख्रापालन जस्ता शिप विकास तालिम संचालन भएको ।
- ➢ उद्यमी, व्यावसायिको लागि वजारिकरण सम्वन्धी काम भएको ।

### ४.७.१४.३ कार्यक्रम सञ्चालगका क्रममा देखिएका समस्या तथा कमजोरीहरू

- ➢ कार्यक्रम सञ्चालनका लागि पर्याप्त वित्तीय र भौतिक स्रोतको अभाव ।
- ➢ तालीमहरू समयमै आयोजना र सञ्चालन गर्न कठिनाइ ।
- ➢ गरिब परिवार र लक्षित वर्ग पहिचान प्रक्रियामा समय र स्रोतको समस्या ।
- ➢ उद्यमी र उत्पादित सामग्रीको बजार पहिचान र विस्तारमा चुनौती ।
- ➢ वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूलाई दिगो आय आर्जनमा जोड्न नसक्नु ।

### ४.७.१४.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- ➢ कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गर्ने तथा विभिन्न सरकारी तथा गैर सरकारी संस्थासँग पहल गर्ने ।
- ➢ वैकल्पिक स्रोतहरू (जस्तै सहकारी र निजी क्षेत्रको सहयोग) को परिचालन ।
- ➢ तालीमपछि रोजगार/आयआर्जनको अवसर सुनिश्चित गर्ने ।
- ➢ तालीम प्राप्त व्यक्तिहरूलाई आवश्यक उपकरण र सहयोग प्रदान गर्ने ।
- ➢ पोस्ट-तालीम अनुगमन गरी सीपको उपयोग सुनिश्चित गर्ने ।
- ➢ स्थानीय उत्पादनका लागि उचित बजार खोज्ने र प्रचारप्रसारमा सहयोग गर्ने।
- ➢ आधुनिक प्रविधि हस्तान्तरण र त्यसको प्रयोगलाई सहज बनाउन अनुदान वा सस्तो ऋणको पहल गर्ने
- ➢ वैदेशिक रोजगारबाट फर्केकाहरूका लागि सीप-आधारित व्यवसाय सिर्जना गर्न पहल गर्ने ।
- ➢ नगरपालिकाको प्राकृतिक स्रोत र परम्परागत सीपलाई उच्च प्राथमिकता दिँदै कार्यक्रम विकास गर्ने ।

## ४.७.१५. वन वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी क्षेत्रको विवरणः

### ४.७.१५.१ लक्ष्य तथा उद्देश्यहरूः

- ➢ नगरपालिकाको पहाडी क्षेत्रको सार्वजनिक/ ऐलानी तथा सामुदायिक वनको बाझो जमिनमा १० हजार थान चिउरीको बोट रोपिनेछ। यसबाट मौरीपालक कृषकहरुलाई मौरीको आहारामा आपूर्ति हुनेछ
- ➢ स्थानीय श्रोत नदिजन्य पदार्थको उत्खनन, संरक्षण र दीगो उपयोगका लागि वातावरणीय प्रभाव। मूल्याङ्कन (ELA) गर्ने व्यवस्था मिलाई सो प्रतिवेदन बमोजिम कार्य गर्ने ।
- ➢ जलवायु परिवतर्न न्यूनीकरण र अनुकूलन सम्बन्धि जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने

- नगरपालिका भित्र ६०% वन क्षेत्र रहेकोले वन क्षेत्रलाई प्रभावकारी रुपमा उपयोग ग रोजगारी र आर्जनमा वृद्धि गर्न प्रोत्साहन गर्ने किसिमका कार्यक्रम पहिचान गरी संचालन गर्ने ।
- वातावरणलाई स्वच्छ र सरसफाइयुक्त बनाउन स्थानीय वातावरण संरक्षण नीति निर्माण गरी कार्यान्वयन गर्ने।फोहोर व्यवस्थापनका लागि श्रोतमै कम गर्न Reduce, Re-use, Recycle को नीति लिइ गुरुयोजना निर्माण गर्ने । निजी सरकारी साझेदारीमा फोहोरको व्यवस्थापन गर्ने ।
- वन संरक्षण तथा दिगो विकासका लागि सामुदायिक वन उपभोक्ता समूह र वडा कार्यालयको समन्वय र सहकार्यमा वन संरक्षण, व्यवस्थापन तथा दिगो विकास मार्फत गरिबी न्यूनीकरण गर्ने नीति लिइनेछ।
- जलबायु परिवर्तनको असर कम गर्न क्षमता अभिवृद्धि गर्ने र न्युनिकरण सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने । नगरवासीलाई नविकरणीय तथा वैकल्पिक उर्जाको प्रयोग गर्न उत्साहित गर्ने ।
- हरित नगरको अवधारणालाई अवलम्बन गर्दै सडकको किनाराहरूमा विशेष किसिमका वनस्पति लगाइनेछ। सडक र शहरको सौन्दर्यकरण गर्ने किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- वन संरक्षण तथा दिगो विकासका लागि सामुदायिक वन र नगरको सहकार्यमा कामहरू गर्दै गरिवि निवारण र रोजगारीको श्रृजनामा सामुदायिक वनको भूमिकालाई प्रभावकारी बनाउने ।
- बांको पर्ती जग्गा खोला किनारहरुमा अभियानको रूपमा वृक्षारोपन कार्यक्रम संचालन गर्ने ।
- सामुदायिक बनहरुलाई संरक्षण सम्बर्धन गर्दै उनीहरुको संस्थागत शुसासन बृद्धि गर्न सहयोग गर्ने ।
- वातावरणमा नकारात्मक असर पर्ने वस्तुहरूमा क्रमशः प्रतिबन्ध लगाइनेछ । प्लाष्टिक झोलाको प्रयोगलाई क्रमशः निरुत्साहित गर्दै लगिनेछ ।

### ४.७.१५.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- १० शैय्या नगर अस्पताल निर्माण क्षेत्रको वातावरणीय अध्ययनको प्रतिवेदन भैरहेको र नदिजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री कार्य IEE प्रतिवेदनका आधारमा मात्र हुने गरेको ।
- चुरे क्षेत्रको संरक्षण गर्न कम आय भएका ९ वटा सामुदायिक वनहरुलाई वन विकास तथा कार्यालय संचालन खर्चको रुपमा रु ५० हजारको दरले अनुदान उपलब्ध गराइएको ।
- चुरे क्षेत्रको १ नं. वडामा ५००० चिउरीको बोट रोपिएको ।
- साप्ताहिक २ पटक घरदैलो गई बजार क्षेत्रको फोहोर संकलन गरी फोहोरमैला व्यवस्थापन गरिएको ।
- दमकल सेवा, शववाहन सेवाहरु नियमित रुपमा संचालनमा रहेको ।
- बेबारिसे मानव र लास व्यवस्थापन गर्ने गरिएको ।

- मौसमजन्य बाढी, पहिरो नियन्त्रण तथा नदि तटबन्धन, सिँचाई पैनीहरुको संरक्षण तथा पैनीको मुहान उकास्ने कार्य आवश्यकता अनुसार नियमित रुपमा संचालनमा रहेको पाईएको छ ।

### ४.७.१५.३ कार्यक्रम सञ्चालगका क्रममा देखिएका समस्या तथा कमजोरीहरू

- फोहोर व्यावस्थापनको लागि श्रोतमै कम गर्ने Reduce, Re-Use, Recycle को नीति लिई गुरूयोजना वनाउने नीति भएपनी हाल सम्म नवनेको ।
- स्थानीय वातावरण संरक्षण नीति हालसम्म नवनेको ले सो सम्वन्धमा अपेक्षित काम हुन नसकेको ।
- वन संरक्षण र जलवायु परिवर्तनसँग सम्बन्धित विभिन्न कार्यक्रमहरूको लागि पर्याप्त वित्तीय स्रोतको अभाव ।
- समुदायको पर्यावरणीय सचेतनामा कमी र सामुदायिक वन संरक्षणका कार्यक्रमहरूमा समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्न चुनौतीपूर्ण हुनु ।
- सामुदायिक वन उपभोक्ता समूह र अन्य सरोकार पक्षका बीचमा समन्वयको अभाव ।
- सुख्खा अवस्था जसले वृक्षारोपण र वन संरक्षणका कार्यहरूलाई असर पुग्नु ।

### ४.७.१५.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- फोहोर व्यावस्थापनको लागि श्रोतमै कम गर्ने Reduce, Re-Use, Recycle को नीति लिई गुरूयोजना वनाई कार्यन्वयन गर्ने ।
- स्थानीय वातावरण संरक्षण नीति वनाई कार्यान्वयन गर्नुपर्ने ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी (PPP) को माध्यमबाट पर्यावरणीय र जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरूमा लगानी आकर्षित गर्न पहल गर्ने ।
- समुदायमा जनचेतनाका कार्यक्रमहरू (awareness programs) सञ्चालन गर्ने ।
- सामाजिक मिडिया र डिजिटल प्लेटफर्महरू मार्फत व्यापक जनचेतना फैलाउने ।
- खोलाजन्य पदार्थको उत्खननमा सर्तहरूको कडाइ गर्ने ।
- प्लास्टिक प्रयोगमा कडाइ लगाउने र वैकल्पिक वातावरणमैत्री सामग्री को प्रयोगलाई प्रोत्साहन गर्ने ।
- फोहोर संकलन र निस्तारणका लागि स्थायी संरचना निर्माण गर्ने ।
- पर्यावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment - EIA) र स्थानीय स्रोतको दीगो उपयोग सुनिश्चित गर्नका लागि कानूनी र नीतिगत व्यवस्था बनाउने ।
- अव्यवस्थित उत्खननको निगरानी गर्ने र अवैध उत्खननलाई रोक्नका लागि निगरानी प्रणाली स्थापना गर्ने ।

### ४.७.१६. सुशासन तथा संस्थागत क्षमता विकासको क्षेत्रको विवरणः

### ४.७.१६.१ लक्ष्य तथा उद्देश्यहरूः

- संस्थागत सुशासन कायम गरी सेवा प्रवाहलाई छिटो, छरितो र गुणस्तरीय बनाउन संगठनात्मक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- सेवा प्रवाहमा सुधार गर्न आवश्यक नीति, ऐन, कानूनहरुको निर्माण गरी लागु गर्ने । संस्थागत सक्षमता अभिवृद्धि गर्न जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास गर्ने । संस्थागत सुशासन कायम गर्न सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टि सर्भेक्षण जस्ता कार्यक्रम सञ्चालन गर्ने ।
- सूचना प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई सेवाग्राही मैत्री तथा प्रभावकारी बनाउने।
- विकास कार्यलाई प्रभावकारी बनाउन आवधिक योजना, मध्यमकालीन खर्च संरचना, नीति तथा कार्यक्रम र वार्षिक बजेटका बीच तादम्यता कायम गरी स्रोतको कुशल विनियोजन गर्ने ।
- आयोजना बैंक निर्माण गरी साझेदार निकायसँगको सहकार्यमा कार्यान्वयन गर्दै लगिनेछ ।
- लेटाङ नगरपालिकाका नदीहरु (चिसाङ, मोरङी, तेली र खेरुवा) बाट अवैध रुपमा गिटी बालुवा उत्खनन तथा ओसारपसार नियन्त्रणका लागि इलाका प्रहरी कार्यालय, वन कार्यालय, नगर प्रहरी र टोल विकास संस्थाको समन्वयमा २४ घन्टा एकिकृत गस्ती गर्ने व्यवस्था मिलाइनेछ।
- सार्वजनिक सम्पतिको तथ्याङ्क अध्यावधिक गर्ने । सार्वजनिक सम्पत्तीको पूर्ण रुपमा संरक्षण गर्ने। अनियमितता तथा सरकारी सम्पतिको दुरुपयोग गर्नेलाई कानूनी कार्वाहीको दायरामा ल्याइनेछ ।
- आन्तरिक नियन्त्रण, आन्तरिक लेखा परीक्षण प्रणालीलाई प्रभावकारी बनाई बेरुजु हुन दिइने छैन । आर्थिक अनुशासन कायम गर्ने । भ्रष्टाचारलाई निरुत्साहित गर्ने । भ्रष्टाचार विरुद्ध शून्य शहनशिलताको नीति अपनाइनेछ ।
- अन्तिम लेखापरीक्षणबाट औल्याइएका बेरुजु फछर्यौट गर्न कार्ययोजना बनाई फछर्यौट गर्दै लगिनेछ ।
- तोकिएको समयमा गुणस्तरीय काम सम्पन्न गर्ने उपभोक्ता समिति, निर्माण व्यवसायीलाई सम्मान गर्ने ।
- नगरपालिकाबाट 'घ' वर्गको इजाजत पत्र लिइ नगरपालिका क्षेत्रमा भौतिक निर्माण कार्यको ठेका लिएर काममा ढिलसुस्ती गरी समयमा सम्पन्न नगर्ने, गुणस्तरीय काम नगर्नेलाई इजाजत पत्र नविकरण गरिने छैन ।
- सूचना प्रविधिको प्रयोगलाई सरल सहज र पहुँचयोग्य बनाइ नागरिकको सुसुचित हुने हक सुनिश्चित गर्ने ।
- सञ्चारकर्मीसँग मेयर कार्यक्रम संचालन गरी महिनामा एकपटक मेयर पत्रकार अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।
- सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन कार्यालयले सूचना प्रविधिको अधिकतम प्रयोग गरी विद्युतीय शासनको पूर्वाधार तयार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- लेटाङ नगरपालिका क्षेत्र भित्र नगरपालिकालाई आवश्यक पर्ने तथ्य तथ्याङ्कको अध्ययन अनुसन्धान गर्ने व्यक्ति संघ, संस्थालाई रिसर्च ग्राण्ड उपलब्ध गराइनेछ ।

- नगरका मुख्य चोकहरुमा राखिएको सीसी क्यामेराको चुस्त दुरुस्त राखी उपयोग गर्ने।
- नागरिक समाज र विभिन्न सरकारी निकायहरुको समन्वयमा नागरिक एवं व्यवसायिक सुरक्षाको प्रत्याभुति सहितको शान्त, सुरक्षित र समृद्ध लेटाङ नगरको स्थापना गर्ने कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।
- नगरपालिकाको पूर्वाधारहरुमा लगानीका विभिन्न वित्तीय उपकरण तथा स्रोत परिचालन गर्न नगर विकास कोषमा नगरपालिकाको शेयर स्वामित्व रहने गरी आवश्यक प्रवन्ध मिलाइनेछ ।
- अनुगमन तथा सुपरेवेक्षण प्रणालीलाई प्रभावकारी र नतिजामुलक बनाउने ।
- नगर क्षेत्र भित्र सञ्चालन हुने ५ लाख सम्मका योजनाहरु वडास्तरीय अनुगमन तथा सुपरीक्षण समिति र ५ लाख भन्दा माथिका योजनाहरु नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति मार्फत अनुगमन गर्ने ।
- २० लाख भन्दा माथिका आयोजनामा आयोजना शुरु हुनुभन्दा पहिले, आयोजना कार्यान्वयनको चरणमा र आयोजना सम्पन्न भएपछि तीन चरणमा अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।
- नगरपालिका तथा बडा कार्यालयमा सेवाग्राहीलाई प्रक्रियागत अलमल हुन नदिन नागरिक वडापत्रलाई अध्यावधिक र डिजिटलाइजेसन गरिदै लगिनेछ ।
- सेवाग्राहीलाई छिटो, छरितो तथा गुणस्तरीय सेवा प्रदान गर्न नगरपालिका तथा वडा कार्यालयहरुमा नागरिक सहायता कक्ष स्थापना गर्ने। सञ्चालनमा रहेका सहायता कक्षको सुधार गर्दै लगिनेछ।
- संघीय सरकार तथा प्रदेश सरकारसँगको समन्वयलाई प्रभावकारी बनाउने। छिमेकी पालिकाहरुसँग साझा सरोकारका विषयमा (तीन स को नीति) समन्वय, संवाद र सहकार्य गर्ने ।
- उपभोक्ता हकहित र अधिकार संरक्षणका लागि स्वच्छ प्रतिस्पर्धा र औषधि तथा खाद्य बस्तुको आधारभूत गुणस्तर कायम गर्न बजार अनुगमनलाई थप प्रभावकारी बनाउने । २७. कानेपोखरी लेटाङ सडक खण्डमा सवारी साधनको चाप तथा गतिलाई मध्यनजर गरी गति सीमित गर्न टाइम कार्ड लागु गर्ने। टिपरलाई वैकल्पिक बाटो खोजी सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- नगरपालिका क्षेत्र भित्रका खोलाहरुबाट निकालिएको गिटी बालुवा ढुङ्गा कार्यविधिमा उल्लेख भए अनुसार स्टक क्लियरेन्स गर्ने व्यवस्था मिलाइनेछ ।
- नगरपालिका क्षेत्र भित्रका खोलाहरुबाट अनधिकृत रुपमा गिटी बालुवा ढुङ्गा उत्खनन तथा चोरी निकासी गर्न पूर्ण रुपमा निषेध गर्ने ।
- विपद्को समयमा र तत्काल नगरी नहुने अवस्थामा बाहेक नगरपालिका कार्यपालिकाको बैठकवाट योजना थप्ने र संशोधन गर्ने गरिनेछैन ।
- उत्पादन, आयत तथा निर्यातको तथ्याङ्क संकलन गरी निर्यातमुखी नगर अर्थतन्त्र निर्माण गर्न पहल गर्ने।
- नगरपालिका भित्र रहेका बिषय बिज्ञहरूको रोष्टर तयार गर्ने ।

- नगरबाट प्रदान गर्ने सबै किसिमका सेवाको जानकारी प्रदान गर्ने र गुनासो व्यवस्थापनका लागि लेटाङ नगरपालिका एप्स निर्माण गरी सार्वजनिक गर्ने।
- नगरपालिका कार्यालय, वडा कार्यालय, र स्वास्थ्य संस्थाको लागि नगरपालिकामा एक इलेक्ट्रिसियन व्यवस्था गर्ने।

### ४.७.१६.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- चालु आम.ब. कार्यविधि १३, ऐन - २, ऐन संशोधन -५, नीति -१, निर्देशिका -१, कार्यविधि संशोधन-१ वटा निर्माण भएको।
- ८ वटा स्थनीय संस्था दर्ता भएको पाईएको छ।
- नागर आवधिक योजना, मध्यकालीन खर्च संरचना राजस्व सुधार कार्य योजना, नगर वस्तुनिक विवरण र लैंगिक समानता तथा समावेशीकरण वजेट परीक्षणको कार्य सम्पन्न भएको ।
- नियमित सार्वजनिक सुनुवाई सामाजिक परीक्षणको कार्य सम्पन्न भएको।
- नियमित कार्यापालिकाको निर्णयहरू खरिद सम्बन्धी सूचना समीक्षा प्रतिवेदन त्रैमासिक प्रगति प्रतिवेदन तया स्वतः प्रकाशन गर्नुपर्ने सूचनाहरू र अन्य दस्तावेजहरू वेभसाइटमा राखिएको ।
- बाह्यागत रूपमा १०१ जना प्राविधिकहरू खटाइएको।
- कर्मचारी र जनप्रतिनिधि तथा उपभोक्ताहरूलाई क्षमता विकास तालिम सम्पन्न गरिएको।
- लेटाङ बजारभित्र ट्राफिक व्यवस्थापनको कार्य, आकस्मिक सेवा तथा सूचनाका लागि एक एक स्टिकर टाँस्ने कार्य सम्पन्न गरिनुका साथै नगरपालिकामा डीजिटल बडापत्र र कर्मचारी सहित हेल्पडेस्क संचालनमा रहेको।
- रिक्त दरबन्दीहरूमा खुल्ला प्रतिस्पर्धा मार्फत करारबाट पदपुर्ति गरिएको साथै o&M रिक्त दरबन्दीमा स्थायी नियुक्तीका लागि प्रदेश लोकसेवा आयोगमा कर्मचारी माग गरेको पाईएको छ।
- नगरपालिकाको कार्यालयमा स्थायी कर्मचारी ३३. करार कर्मचारी ३९, नगर प्रहरी ५ जाना र बोर हाजिरीमा ३० जना र स्वास्थ संस्थामा स्थायी २७. करार २९ गरी कुल १५५ कर्मचारीह कार्यरत रहेका छन्। चालु आ.व. मा १० जना कर्मचारीहरुको तहबुद्धि भएको।
- संघ, प्रदेश, अन्य स्थानीय तह र निकायसँगको समन्वय र समझदारीमा लेटाङ कानेपोखरी सडक मर्मत (सडक बोर्ड) र अन्य पालिका, राजारानी ताल सौन्दर्यकरण योजना, मुचुहे खोला पक्षी निर्माण, बडा नं २ र ९ को कार्यालय भवन निर्माण जस्ता योजनाहरु संचालनमा रहेको पाईयो।
- आ.व. ०७९।८० मा LISA तर्फ ६८.५४ र FRA मा ७७.५% अड्ड प्राप्त गरी संस्थागत क्षमतामा सुधार भएको पाईएको छ।

- महालेखा परीक्षणको कार्यालयको प्रतिवेदनमा औल्याएका विगत वर्षहरूका बेरुजुलाई क्रमशः घटाउदै लगिएको अवस्था छ। अघिल्लो आ.व. ०७८।०६९ को तुलनामा चालु आ.व. २०७९।०८० मा ५४.१६५ बेरुजु कम भएको पाईएको छ ।
- समिक्षा अवधिसम्म यस कार्यालयबाट ५ लाख भन्दा बढी लागत भएका ३१ वटा योजनाको अनुगमन गरिएको छ। त्यसै गरी बजार अनुगमन समिति बाट ४ वटा भेटनरी कृषि पसल, १ वटा पोल्ट्री फर्म, ७ वटा मासु पसल, २ वटा माछा पसल, ४ वटा खाद्य उद्योग, १ वटा केक पसल, १० किराना पसल तथा सप्लायर्स, १ वटा होटल र १३ वटा स्वास्थ्य क्लिनिकको अनुगमन सम्पन्न भएको छ । साथै, कार्यालयवाट वडागत जिन्सी तथा राजस्वको अनुगमन समेत भएको पाईएको छ ।
- नगरपालिकाको राजस्व अभिवृद्धि गर्ने उद्देश्यले घरदैलो कार्यक्रम गरी तथ्याङ्क संकलन गरिएको साथै घरनक्सा अभिलेखीकरण गर्नका लागि तथ्याङ्ग संकलन तिव्र बनाइएको छ ।
- सम्पूर्ण शाखा तथा उपशाखाहरूले आफूले पाएको जिम्मेवारी पूरा गरी सम्पूर्ण विवरण अद्यावधिक गर्दै प्रगति प्रतिवेदन चौमासिक रूपमा तयार गर्ने गरेको पाईएको छ ।

#### ४.७.१६.३ कार्यक्रम सञ्चालनका क्रममा देखिएका समस्या तथा कमजोरीहरू

- नयाँ नीति र ऐनलाई समयमै लागू नगर्नु र तिनको प्रभावकारिता सुनिश्चित नगर्नु ।
- कानूनी प्रावधानहरूको पालन नगर्ने र कार्यान्वयनमा ढिलाइ हुने ।
- कार्यक्रम सञ्चालनका लागि आवश्यक वित्तीय र मानव संसाधनको कमी ।
- बजेटको सीमितता र स्रोतको उचित वितरणमा असमर्थता ।
- कर्मचारीहरूको क्षमता र प्रशिक्षणको कमी ।
- कर्मचारीहरूको प्रेरणा र मनोबलमा कमी ।
- कार्यक्रमको प्रगति ट्र्याक गर्न र सुधार गर्न आवश्यक अनुगमन प्रक्रिया कमजोर हुनु ।
- नागरिक र समुदायको अपर्याप्त सहभागिता र समर्थन ।
- परियोजनाहरूको समयमा पूरा नगर्नु र ढिलाइ हुनु ।
- गुणस्तरीय कामको अभाव र समयमै कार्य सम्पन्न नगरेका कारण कार्यक्रमको प्रभावकारिता घट्नु ।

#### ४.७.१६.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- नीति र ऐनको कार्यान्वयनलाई प्रभावकारी बनाउन नियमित निगरानी र समीक्षा प्रणाली विकास गर्न ।
- सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षणका प्रक्रिया थप सक्रिय र सहभागी बनाउने, ताकि जनताको अभिप्रायलाई ठीक ढंगले समेट्न सकियोस् ।

- समन्वय र संवादको दायरा बढाउने, छिमेकी पालिकाहरूसँग साझा मुद्दाहरूमा सहकार्यको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने।
- स्रोतको अधिकतम उपयोग सुनिश्चित गर्न, बजेट र कार्यान्वयन योजनामा तादाम्यता राखी स्रोतको प्रभावकारी वितरण सुनिश्चित गर्ने।
- कर्मचारीहरूको क्षमता वृद्धिका लागि नियमित तालिम कार्यक्रम आयोजना गर्न, ताकि तिनीहरूलाई नयाँ प्रविधि र काम गर्ने तरिका सम्बन्धी ज्ञान प्राप्त होस्।
- कर्मचारीहरूको प्रेरणा र मनोबल सुधार्न पुरस्कार र सम्मानका प्रणालीहरू लागू गर्ने, जसले कामको प्रति निष्ठा र जिम्मेवारीको भावना जगाउँछ।
- सशक्त निगरानी र अनुगमन प्रणालीको निर्माण गर्न, जसले योजनाहरूको सही समय र गुणस्तरमा कार्यान्वयन सुनिश्चित गर्दछ। तिनीहरूको प्रभावकारिता परीक्षण गर्न अनुगमन समितिहरूलाई प्रोत्साहन दिने र तिनीहरूको सुझाव अनुसार सुधारात्मक कदम चाल्ने।
- भ्रष्टाचार र अनियमितताको शून्य सहनशीलता नीति लागू गर्ने।
- भ्रष्टाचार विरुद्ध जन जागरूकता कार्यक्रमहरू सञ्चालन गर्न, जसले कर्मचारी र नागरिक दुवैलाई भ्रष्टाचारको दुष्परिणामका बारेमा सजग बनाउँछ।
- नागरिक सहायता कक्षको सुधार गर्दै, सहज पहुँच र गुनासो व्यवस्थापनका लागि डिजिटल प्लेटफर्म निर्माण गर्ने।
- कार्यहरूको समयमा सम्पन्नता सुनिश्चित गर्न वार्षिक कार्य योजना वनाई काम गर्ने।
- कार्य सम्पन्न नगर्ने ठेकेदार र व्यवसायीहरूलाई कारवाही गर्ने, ताकि गुणस्तरीय काम र समयमै कार्य सम्पन्न गरिने होस्।

### ४.७.१७. सुचना प्रविधि तथा राजस्व परिचालन सम्बन्धी क्षेत्रको विवरणः

#### ४.७.१७.१ लक्ष्य तथा उद्देश्यहरूः

- नगरवासी तथा आम नगरीकलाई सुचना प्रवाहा गर्ने तथा कार्यालयमा प्रविधिसँग सम्वन्धीत विषयमा नियमित रूपमा आवस्यक सहजिकरण गर्ने।
- नगरको समृद्धिमा भरः म आफै तिर्छु कर भन्ने नारालाई सार्थक तुल्याउन कर प्रशासनलाई प्रविधिमैत्री 'चुस्त दुरुस्त र करदातामैत्री बनाइदै लगिनेछ।
- QR कोड तथा इ-सेवा प्रयोग गरी मोबाइल वालेटबाट कर तिर्न सक्ने गरी व्यवस्था मिलाइनेछ। करलाई अनिवार्य दायित्व मानी स्वच्छिक रुपमा कर तिर्न प्रोत्साहित गर्ने।

- करको दरलाई समयानुकुल र बस्तुगत बनाई करको दायरा फराकिलो बनाउँदै लगिनेछ। आन्तरिक आयमा वृद्धि गरी नगरपालिकालाई आत्मनिर्भर बनाउदै लगिनेछ। राजत्रका बैकल्पिक श्रोतको खोजी गर्ने। नगरक्षेत्र भित्र घर बहालबाट आम्दानी गर्ने घरधनीबाट कार्याविधि बनाई बहाल कर संकलन गर्ने।
- धैरै कर तिर्ने करदातालाई सम्मान गर्ने।
- नगरपालिका क्षेत्र भित्रका मनोरञ्जन स्थल, पार्क, पोखरी तथा सिमसार क्षेत्रमा मनोरञ्जन कर लगाउने व्यवस्था मिलाइनेछ।
- लेटाङ नगरपालिका बजार क्षेत्रभित्र लामो समय अघि देखि अव्यवस्थित रुपमा बसोबास रहेकोले ऐलानी पर्ती तथा सार्वजनिक क्षेत्रमा बसोबास गर्दै आएका घरधुरीलाई समेत कानून बनाई करको दायरामा ल्याइनेछ।
- राजश्व वृद्धि गर्ने कार्ययोजनालाई पूर्णता दिई राजश्व वृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने। समयमा कर तिर्न सबै करदातालाई उत्प्रेरित गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने।
- नगरपालिकाबाट फोहोर उठाए बापत सबैसँग अनिवार्य रुपमा फोहरमैला शुल्क लिने व्यवस्था मिलाइनेछ।

### ४.७.१७.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- लेटाङ बजार, बुधबारे बजार तथा जाँते बजार क्षेत्रमा रहेको सिसिटिभि तथा यसको नेटवर्कको मर्मत सम्भार गरी नेटवर्क सञ्चालन गरिएको छ। बुधबारे बजार क्षेत्रमा १२ वटा, जाँते ८ न क्षेत्रमा ३० वटा तथा जाँते ९ न क्षेत्रमा १६ वटा तथा लेटाङ बजार क्षेत्रमा ३८ वटा सि सि टि भि संचालनमा रहेको।
- डिजिटल नागरिक वडापत्रबाट नागरिकलाई उपलब्ध गराइने सेवाहरुलाई अर्थात नागरिक वडापत्रलाई Digital माध्यमबाट जानकारी गराई नागरिक वडापत्र सम्बन्धी प्रभावकारिता थप्न का लागि नगर कार्यपालिकाको कार्यालयमा १ वटा ६४ इन्च को Display सहित सफ्टवेयर जडान गरीएको।
- वडा न ९ को जाते मदन चोक तथा आसपासको चोकमा थप नयाँ ५ वटा क्यामेरा जडान गर्नुका साथै पुरानो नेटवर्कको मर्मत सम्भार पनि गरिएको।
- साथै वडा नम्बर ३ को २ स्थानमा ४ वटा क्यामेरा थप गरी नेटवर्क स्थापना गरीएको।
- नगरवासी तथा आम नगरीकलाई सुचना प्रवाहा गर्ने तथा कार्यालयमा प्रविधिसँग सम्वन्धीत विषयमा नियमित रूपमा आवस्यक सहजिकरण भएको।
- धैरै कर तिर्ने करदातालाई सम्मान गर्ने गरिएको।
- नगरपालिका क्षेत्र भित्रका मनोरञ्जन स्थल, पार्क, पोखरी तथा सिमसार क्षेत्रमा मनोरञ्जन कर लगाउने व्यवस्था मिलाइएको।
- नगरपालिकाबाट फोहोर उठाए बापत सबैसँग अनिवार्य रुपमा फोहरमैला शुल्क लिने व्यवस्था मिलाउदै अगाडि बढेको।

#### ४.७.१७.३ कार्यक्रम सञ्चालनका क्रममा देखिएका समस्या तथा कमजोरीहरू

- प्रविधिमा पहुँचको असमानता, विशेष गरी ग्रामीण क्षेत्रका नागरिकहरूको जानकारीमा कमी।
- नागरिकको प्रविधि सँगको अपरिचय र अविश्वासका कारण ई-सेवा र QR कोड प्रयोग गर्न हिचकिचाहट
- स्थानीय स्रोतबाट राजस्व संकलनमा कमी, विशेष गरी नयाँ करदाताहरूलाई समेट्न कठिनाई।
- अव्यवस्थित बसोबास क्षेत्रका घरधुरीबाट कर संकलनमा समस्या।
- फोहोरमैला शुल्क संकलनमा नागरिकको असहयोग र असंवेदनशीलता।
- प्रविधि र संसाधनको अभाव, विशेष गरी कार्यालयमा सफ्टवेयर र हार्डवेयर।

#### ४.७.१७.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- सामुदायिक केन्द्र र गाउँमा डिजिटल तालिमको आयोजनाले नागरिकको डिजिटल साक्षरता बढाउने।
- जनचेतना अभियान चलाउँदै नागरिकलाई सूचना प्रवाहको महत्त्व बुझाउने।
- कर प्रणालीलाई पूर्ण डिजिटल बनाउने र मोबाइल वालेट र QR कोड मार्फत कर तिर्ने प्रक्रिया सजिलो र प्रोत्साहित गर्ने।
- नागरिकलाई ई-सेवा र डिजिटल कर तिर्नका फाइदाबारे जनचेतना फैलाउने।
- करदातासँग नियमित अन्तरक्रिया गर्दै प्रविधिको प्रयोगमा उनीहरूको विश्वास बढाउने।
- नयाँ करदाताहरूको समावेशीकरणका लागि प्रोत्साहन योजना लागू गर्ने।
- अव्यवस्थित बसोबास क्षेत्रलाई कानूनी दायरामा ल्याउने प्रक्रिया छिटो र प्रभावकारी बनाउने।
- फोहोरमैला शुल्क संकलनमा नागरिकको सहयोग सुनिश्चित गर्न, स्वच्छता अभियान र कारवाही नीति लागू गर्ने।
- नगरपालिका स्तरमा नागरिकसँग सीधा संवाद गर्दै फोहोर संकलन शुल्कलाई अनिवार्य र पारदर्शी बनाउने।
- कार्यालयमा आवश्यक सफ्टवेयर र हार्डवेयरको सुधार र नवीकरण गर्ने।
- कर्मचारीको प्राविधिक तालिमको आयोजना गरेर कार्यक्षमता बढाउने।

### ४.८ स्थलगत अवलोकनका क्रममा नगरपालिका तथा वडा कार्यालयमा सेवा लिन आएका सेवाग्राहीलाई सेवा प्रवाह, विकास निर्माण, शिक्षा, स्वास्थ्य र रोजगारको विषयमा गरिएका प्रश्नहरू तथा देखिएका केही तथ्यहरू

१. स्थानीय तहले दिने सेवा र सुविधा बारे तपाई जानकार हुनुहुन्छ भन्ने प्रश्न करिब १०५ जना सेवाग्राहीलाई सोध्दा ६७ जनाले जानकार रहेको, १९ जनाले जानकारी नरहेको तथा १७ जनाले के सेवा र सुविधा दिन्छ र भनेर प्रतिप्रश्न गरेका थिए भने २ जनाले प्रश्नको उत्तरनै दिएनन्।

२. तपाईले न.पा. कार्यालय तथा यसअन्तर्गतका कार्यालयबाट आफ्नो काम गर्न कतिको सहज महसुस गर्नुहुन्छ भन्ने प्रश्न करिब ९० जना सेवाग्राहीलाई सोध्दा ८८ जनाले सहज रहेको बताए भने २ जनाले प्रश्नको उत्तर नै दिएनन्।

३. स्थानीय तहको बजेट निर्माण र छनोटमा तपाईँ कतिको जानकार हुनुहुन्छ भन्ने प्रश्न करिब ७५ जना सेवाग्राहीलाई सोध्दा ३७ जनाले वडा देखिनै बजेट बनाउने कार्यमा सहयोग गर्ने गरेको बताए भने बजेट निर्माण र छनोटबारे केहि पनि जानकारी नरहेको १८ जनाले बताए त्यस्तै जानकारी भएर पनि बजेट निर्माण र छनोटमा चासो नराख्ने तथा कहिल्यै नजाने गरेको २० जनाले बताए।

४. स्थानीय तहले निर्माण गरेका योजना तथा सञ्चालन गरेका कार्यक्रम बारे तपाईँको धारणा के कस्तो रहेकोछ भन्ने प्रश्न करिब ६३ जना सेवाग्राहीलाई सोध्दा ३० जनाले कमसल काम भएको, समयमा काम नभएको बताए भने ३३ जनाले भने सडक निर्माण कार्यमा बजेट अभाव हुने, समयमा बजेट निकासा नहुने तथा भौगोलिक बिकटताले गर्दा निर्माण गरेपनि बिग्रिहाल्ने गरेको बताए त्यस्तै जनचेतना तथा सिपमूलक  कार्यक्रम भने थोरै आउने र आएको पनि जानकारी नहुने कुरा अधिकांश सहभागिमा रहेको पाइयो।

५. तपाईँको विचारमा स्थानीय तहले निर्माण गरेका योजना तथा सञ्चालन गरेका कार्यक्रम कसरी सञ्चालन गरे राम्रो हुन्थ्यो भन्ने प्रश्न करिब ३२ जना सेवाग्राहीलाई सोध्दा अधिकांश सहभागिहरूले समयमै काम सञ्चालन गर्नुपर्ने, निर्माण भएका काम स्तरयुक्त र टिकाउ बनाउनु पर्ने तथा सिपमूलक  कार्यक्रममा सबैलाई सूचना पुर्याइ इच्छा, चाहना र व्यवसाय सञ्चालन गर्न खोज्नेलाई तालिममा समेट्दा राम्रो हुने कुरा सहभागिहरूद्वारा पाइयो।

६. नगरपालिकाको शिक्षा, स्वास्थ्य र रोजगारको अवस्था कस्तो रहेको छ भन्ने प्रश्न करिब ३५ जना सेवाग्राहीलाई सोध्दा अधिकांश सहभागिहरूले शिक्षा र स्वास्थ्य पहिलेभन्दा केही सुधार आए पनि नगरपालिकाले अझै धेरै काम गर्न रहेको बताए भने रोजगारको अवस्थामा भने अझै पनि केही सुधार हुन नसकेको बताएका छन्।

७. तपाईँको बिचारमा शिक्षा, स्वास्थ्य र रोजगारको अवस्थामा के गर्दा राम्रो होला भन्ने प्रश्न करिब २२ जना सेवाग्राहीलाई सोध्दा १० जनाले प्रश्नको उत्तर नै दिएनन् भने १२ जना सेवाग्राहीले शिक्षा, स्वास्थ्य र रोजगारमा कानूनी तथा नीतिगत रुपमै सुधार गरी संघ, प्रदेस र स्थानीय तहले कृषि, पशुपालन, पर्यटन तथा शिक्षा, स्वास्थ्यमा बजेटको आकार बढाइ  नीजिक्षेत्र र सरकारको सम्युक्त लगानीमा काम गर्नुपर्ने बताएका छन्।

८. तपाई सामाजिक परीक्षणको विषयमा जानकार हुनुहुन्छ भन्ने प्रश्नमा १० जना सेवाग्राहीलाई सोधपुछ गर्दा २ जनाले थाहा नभएको २ जनाले अलिअलि थाहा भएको तर ६ जनाले पूर्ण रुपमा ज्ञान रहेको बताए।

९. ९० प्रतिशत नगरपालिकाबासीको कर्मचारी र जनप्रतिनिधिका सकारात्मक टिप्पणी पाइयो ५ प्रतिशतले नकारात्मक टिप्पणी गरे भने ५ प्रतिशत  बोल्न चाहेन्न।

१०. नकारात्मक टिप्पणी गर्ने गाउँबासीहरूले भौतिक निर्माण, कृषि र करमा आफ्नो असन्तुष्टि जारी गरेको पाइयो भने रोजगार, बजार व्यवस्थापन र तालिमको व्यवस्था गर्न माग गरे।

११. लेटाङ बजारका व्यापारीहरूलाई करका बारेमा सोधिएको प्रश्नमा व्यपारीहरूको जवाफमा नगरपालिकाले कर लगाएपछि कर तिरेअनुसारको सुविधा नदिएको बताए।

१२. कृषि र कृषिको बजेटको बारेमा २२ जना कृषकलाई प्रश्न सोध्दा ५ जनाले कृषिको बजेट टाठाबाठा मात्र पाएको आरोप लगाए।

१३.विद्यालय शिक्षकहरूलालाई नगरपालिका कर्मचारी र जनप्रतिनिधिप्रति कस्तो सोच रहेको छ भन्ने प्रश्नमा विद्यालय शिक्षकहरूले नगरपालिका कर्मचारी र जनप्रतिनिधिहरूप्रति सकारात्मक सोच रहेको बताए।

१४.जेष्ठ नागरिकहरूलाई नगरपालिकाप्रति के आशा छ भन्ने प्रश्नमा जेष्ठ नागरिकहरूले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सहज भएको तर भत्ताबाहेक अन्य सुविधा नदिएको बताए।

१५.व्यपारीहरू तथा करदाताहरूले करदाता शिक्षा र करदातामैत्री राजश्व प्रशासन नभएको गुनासो गरे।

१६.भौतिक पूर्वाधारको विकासलाई जोगाउन गाउँबासीले चासो नदेखाएको भेटियो।

१७.केही स्थानमा स्थलगत अवलोकन गर्दा मुख्य बाटाहरूमा चौपाया बाँधेर आवागमन अवरोध गरेको पाइयो।

१८.सूचनाको हक प्रदान गर्ने र त्यससम्बन्धी गरिने कार्यक्रममा  सार्वजनिक सुनुवाई समय समयमा गरेको पाइयो।

१९.जनप्रतिनिधिहरूलाई आवश्यक क्षमता अभिवृद्धि तालिमको यथोचित व्यवस्था भएको पाइयो।

२०.सबै वडा कार्यालय खुल्ला हुनुका साथै सरसामान र कर्मचारी भएको देखियो।

२१.सुशासनको पूर्ण रुपमा पालना भएको पाइयो।

२२.पालिकाका सबै संरचनाहरू अपाङ्ग मैत्री तथा बालमैत्री नभएको पाइयो।

२३.समग्र अध्ययनमा नगरपालिका र वडाहरूले प्रदान गर्ने सेवाप्रति नागरिकको सकारात्मक धारणा रहेको पाइयो।

२४.स्थानीय पाठ्यक्रम लागु भएको पाइयो।

२५.सबै वडाहरूमा इन्टरनेटको व्यवस्था भए पाईयो।

२६.नगरपालिकाको कार्यालयमा नागरिक वडापत्र पुरानो भएकोले तत्काल नयाँ नागरिक वडापत्र राख्नुपर्ने देखियो।

२७.हरेक वडामा मेलमिलाप कर्ताको गठन भएको पाइयो।

२८.हरेक वडामा उपभोक्ता समितिको गठन भएको पाइयो।

२९.उपभोक्ता समितिको अध्यक्षमा महिलाको उपस्थिति न्यून रहेको पाइयो।

३०.बालविकास केन्द्रमा विद्यार्थीको उपस्थिति उल्लेख्य रहेको पाइयो।

३१.केही विद्यालयमा कक्षा कोठाको अनुपातमा विद्यार्थी सङ्ख्या अधिक रहेको पाइयो भने केहीमा न्यून रहेको पाइयो।

३२.विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सुरु भएको पाइयो।

३३.सामूदायिक पुस्तकालयको निर्माण भएको तथा केहि विद्यालयमा छात्र छात्राहरूको लागि छुट्टै शौचालयको निर्माण भएको पाइयो।

३४.नगरपालिकाको न्यायिक समितिबाट धेरै मुद्दाहरू छिनोफानो भएको पाइयो।

३५.नगरपालिका बासीमा साझा सुविधा केन्द्रको बुजाई र साझा सुविधा केन्द्रको स्थापना भएको पाइयो।

## ४.९ विषयगत शाखाहरूको सामाजिक लेखाजोखा :

### ४.९.१ प्रशासन शाखा

- सहज तरिकाले काम गर्न कर्मचारीहरूको अभाव नभएको पाइयो ।
- प्रशासनिक कामहरू प्रक्रिया पुर्याइ नियम सङ्गत ढङ्गले सम्पादन गरेको पाइयो ।
- प्रशासन शाखाले वडा तथा अन्य शाखाहरू र जनप्रतिनिधिहरूका साथै समितिहरूसँग समन्वय गरी कार्य सम्पादन गरेको पाइयो ।
- प्रशासनिक काममा अनावश्यक झमेला नदिएको कुरा पालिकाबासीहरू बाट जानकारी भयो ।
- प्रशासनिक कामको जानकारी दिन नागरिक वडा पत्र राखिएकोले सेवाग्राहीहरू सेवा लिन आउँदा सजिलो देखियो ।

### ४.९.२ आर्थिक प्रशासन शाखा

- नगरपालिकाको आयव्ययको दोहोरो लेखाप्रणालीको आधारमा वैज्ञानिक तरिकाले हिसाब किताब राखेको पाइयो ।
- योजनासम्बन्धी भुक्तानी प्रक्रिया पुर्याएर आउँदा सोही दिन भुक्तानी हुने देखियो ।
- अन्तिम लेखापरीक्षणमा ढिलाइ भएको पाइयो ।
- यस शाखाले अन्य शाखा र जनप्रतिनिधि तथा समितिहरूसँग समन्वय गरी कार्य गरेको पाइयो ।
- अव्यवस्थित तरिकाले प्रक्रिया नपुर्याई कुनै पनि भुक्तानी गरेको देखिएन ।
- पेश्की भुक्तानीलाई कम गर्दै लगेको देखियो ।

### ४.९.३ प्राविधिक शाखा

- नगरपालिकाबाट सञ्चालित पूर्वाधार विकाससम्बन्धी योजनाहरूका लगत इष्टमेट मूल्याङ्कन र नियमित अनुगमन गरेको देखियो ।
- नगरपालिका र अन्य क्षेत्रबाट प्राप्त बजेटको योजना र इष्टमेटअनुसार कार्य भएको देखियो ।
- यस शाखाले वडा तथा अन्य शाखा र जनप्रतिनिधि तथा समितिहरूसँग समन्वय गरी कार्य गरेको पाइयो ।

### ४.९.४ सामाजिक विकास शाखा

- सबै प्रकारका अन्य विकासको प्रतिफल लिन र त्यसको जर्गेना गर्न सामाजिक विकास अपरिहार्य भएकाले यस्तो कार्यक्रम थोरै मात्र भएको देखियो ।
- योजना बाडँफाँडअनुसार सामाजिक विकासमा सिद्धान्तअनुसार रकम बाडँफाँड गरेको भेटिएन् ।
- कर्मचारीको अभावको कारण सेवाग्राहीलाई छिट्टै सेवा दिन नसकेको भए तापनि काममा रोकावट नआएको देखियो ।
- नगरपालिकाका सबै शाखाहरूसँग समन्वय गरेर यस शाखाले काम गरेको देखियो ।

### ४.९.५ योजना शाखा

- नगरपालिकाको विकासका लागि योजना शाखाले कार्यपालिकाद्धारा र वडा समितिद्धारा छनोट गरिएका योजनाहरू समयमै कार्यान्वयनमा लगेको देखियो ।
- यस शाखामा कर्मचारी अभावका कारण समस्या भए पनि काम छिटो, छरितो र सन्तोषजनक देखियो ।
- योजना छनौट गर्न कार्यपालिका, समितिहरू र अन्य शाखाहरूसँग समन्वय गरेको देखियो ।

### ४.९.६ सूचना प्रविधि शाखा

- यस शाखाले अन्य शाखालाई आवश्यक पर्ने सबै प्राविधिक सहयोग गर्दै आएको देखियो ।
- यस शाखाले नगरपालिका तथा सबै वडाहरूमा इन्टरनेटको राम्रो व्यवस्था गर्नुपर्ने देखियो ।
- समग्रमा यस शाखाले कार्यपालिका, समितिहरू र सम्पूर्ण कर्मचारी तथा सेवाग्राहीलाई सुविधा दिएको पाइयो ।

### ४.९.७ सामाजिक परीक्षणका क्रममा देखिएका सबल पक्षहरू

- नगरपालिकावासीहरूलाई छिटोछरीतो रूरपमा सेवा पुर्‍याउन सवै वडामा आफ्नै वडा कार्यालय निर्माण गर्न पहल गरिरहेको पाईयो ।
- स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्रबाहेक गाउँ घर स्वास्थ्य क्लिनिक, खोप क्लिनिकमार्फत आधारभूत स्वास्थ्य सेवा प्रदान गरिरहेको नगरपालिकाले अस्पताल निर्माणको लागि पहल गरिरहेको पाईयो ।
- फोहरमैला व्यवस्थापनमा समुदाय तथा घरपरिवारलाई परिचालन गरिएको र यसबाट पालिकाको वातावरण स्वच्छ सफा राख्न सहयोग पुग्दै आएपनि फोहोरको उचित व्यावस्थापनको लागि ल्यान्डफिल्ड साईड नहुदा आउने दिनमा समस्या आउने देखिन्छ ।
- समुदायको पहलमा खुला तथा खाली स्थानको संरक्षण गर्ने कार्यको थालनी भएको ।

- महिला समूहहरू क्रियाशील रहेका तथा नगरपालिकाले टोल समूहहरूलाई टोल सुधार, पूर्वाधार विकास, सीप विकास तथा रोजगार सिर्जना गर्ने कार्यमा परिचालन गर्ने गरेको।
- सामाजिक जिम्मेवारी वहनका गर्नका लागि समुदाय स्तरमा विभिन्न समिति तथा संस्थाहरू क्रियाशील रहेको पाईयो।
- सडक बत्ती तथा ढल सुधार गर्नेतर्फ नगरपालिकाले स्थानीय समुदायहरूसँग सहकार्य गरी गर्ने गरेको।
- नगरका सम्पुर्ण शाखाहरूले आफुले गरेका कामहरूको प्रगति तथा तथ्याङ्क चुस्तदुरूस्त रेकर्ड राखेको तथा उचित कामको वाँडफाड गरि काम गरेको पाईयो।

## ४.१० सामजिक परीक्षणबाट देखिएका चुनौती तथा कमिकमजोरीहरू

- परिषदबाट पारित भएका केही नीति तथा कार्यक्रमहरू कार्यान्वयनमा नआएको।
- वडा स्तरवाट योजना छनौट गर्ने प्रक्रियामा लक्षित समूहको न्यून सहभागिता रहेको।
- नगरपालिकाको समग्र योजना तर्जुमा, प्रकृया र कार्यविधिमा व्यवस्था भएअनुसार सबै लक्षित समूहलाई सहभागिता गराउन नसकिएको जस्तै बालबालिकाहरू,अपाङ्गता भएका व्यक्तिहरू समावेश हुन नसकेको।
- योजनाहरू पूरा गर्न स्रोत साधन र बजेटको कमी।
- पर्याप्त मात्रामा स्टोरको व्यवस्था नभएको हुदा नगरपालिकाले खरिद गरेका आवस्यक सामाग्रीहरू चोरी हुने तथा गलत प्रयोग हुन सक्ने।
- आवधिक योजना निर्माणको क्रममा भएको हुदा वार्षिक योजना तथा कार्यक्रम वनाउदा आवधिक नगर योजनालाई मुख्य आधार बनाउन नसकेको।

## ४.११ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- पर्याप्त बजेट नहुनु।
- पर्याप्त मात्रामा प्राविधिक कर्मचारीहरूको अभाव रहेको।
- अनुगमन प्रक्रियालाई निरन्तरता दिन कठिनाइ रहेको।

## ४.१२ भावी कार्यक्रम सञ्चालनका लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- महिला, बालबालिका तथा अन्य लक्षित वर्गको मुद्धाका बारेमा सबै पक्षहरूको सरोकार हुन जरुरी रहेको।
- महिला तथा बालबालिका शाखाबाट सञ्चालित कार्यक्रमहरू महिला लक्षितभन्दा पनि सबैको लागि हो भन्ने सामूहिक भावना बढाउने कार्यक्रमहरू तर्जुमा गर्नु आवश्यक रहेको।
- सरोकारवाला संस्थाहरूबीच पर्याप्त समन्वयको आवश्यक रहेको।

- महिला हिंसा न्यूनीकरण गर्न सामूहिक प्रयास आवस्यक  रहेको।
- नगरपालिकामा तथ्याङ्क संकलन, विश्लेषण, र व्यवस्थापनका लागि छुट्टै शाखा स्थापना गरिनु पर्ने।

### ४.१३ लक्षित समूह कार्यक्रम तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा

- लक्षित समूहको लागि नीति तथा कार्यक्रमहरू तय गर्दा StrategicNeeds भन्दा Practical Needs मा केन्द्रित गर्ने गरिएको अर्थात उनीहरूको दीर्घकालीन सामाजिक हैसियत बढाउने, समाजमा नेतृत्व विकास गर्नेतर्फ भन्दा स-साना आय आर्जनका कार्यक्रम ,तालिम,तथा पूर्वाधार निर्माणमा मात्र सीमित गरिएको।
- लक्षित समूहका कार्यक्रमहरू परम्परागत तथा एउटै प्रकारका रहेका र ती कार्यक्रम प्रत्येक वर्ष दोहरिने गरेको।
- लक्षित समूहका लागि सञ्चालित कार्यक्रमहरूको उपलब्धि र प्रभावकारीता लेखाजोखा नभएको।
- लक्षित समूहलाई सामान्य र स्वाभाभिक रुपमा फाईदा हुने कार्यक्रमहरूलाई लक्षित समूहको कार्यक्रम अन्तर्गत राखी सोहीअनुसार लक्षित समूहको वजेटलाई विनियोजन गर्ने गरिएको।

### ४.१४ सेवा प्रवाह , कार्यसम्पादन र सुशासन सम्बन्धमा

- नगरपालिकाबाट दिइने सार्वजनिक सेवाहरूलाई वडाबाट पनि दिन सक्ने गरी वडामा संस्थागत क्षमता विकास गर्ने वार्षिक नीतिमा उल्लेख गरे पनि त्यसतर्फ ठोस पहल नगरिएको।
- न.पा.वाट दिईने सेवाहरू परम्परागत शैली र प्रविधिमा आधारित रहेको र जनअपेक्षाअनुसार नयाँ नयाँ प्रविधितर्फ उन्मुख भएको देखिदैन जस्तै e-governance, online service etc.
- समयको माग र आवश्यकताअनुसार कर्मचारीहरूको क्षमता विकासका क्षेत्रहरू पहिचान हुन नसकेको।
- वडा कार्यालयहरू नगरपालिकामा निर्भर रहेको र कार्यालय सञ्चालनको लागि वडामा पर्याप्त बजेट नहुँदा जनअपेक्षाअनुसार सेवा प्रवाहमा कठिनाइ भएको।
- नगरपालिकाको हालको कार्यकक्षको संरचना अपाङ्ग मैत्रि नभएको।

### ४.१५ सामाजिक जिम्मेवारी पूरा गर्न स्थानीय तहले चाल्नु पर्ने कदमहरू वा सुझावहरू

#### ४.१५.१ नीति ,योजना तथा कार्यक्रम तर्जुमा र कार्यन्वयन सम्वन्धमा

- नगर परिषदवाट पारित भएका नीति तथा प्राथमिकताहरूको प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने।
- आवधिक योजनालाई मूल आधार मानी नगरपालिकाको वार्षिक योजना तयार गर्नु पर्ने।
- नगरपालिकाको वार्षिक योजना तर्जुमा प्रकृयामा बालबालिका तथा लक्षित समुदायहरूलाई पनि समावेश गर्नुपर्ने।
- योजना कार्यान्वयनको गुणस्तर सुनिश्चत गर्न प्रभावकारी अनुगमन प्रणाली तयार गर्नुपर्ने।

- पचास लाख रुपैयाभन्दा बढी लागतका सवै आयोजनाहरू परिषदद्वारा स्वीकृत गर्नु पूर्व सम्भाव्यता अध्ययन गरेर मात्र स्वीकृत गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- योजनाको दिगोपनका लागि मर्मत सम्भार कोष खडा गरी आवश्यक रकम सङ्कलन गर्दै जानु पर्ने ।
- नगरपालिकाको वार्षिक योजनाहरूको समयमा सम्पन्न गरी जाँचपास तथा फरफारक गर्ने कार्यलाई कडाइका साथ लागु गर्नुपर्ने ।
- योजनाहरूको कार्यविधिले तोके बमोजिमको विधि र प्रक्रिया अपनाइ प्रत्येक योजनाको अलग अलग सार्वजनिक परिक्षण गर्नुपर्ने ।

### ४.१५.२ लक्षित समूह कार्यक्रम तर्जुमा तथा कार्यन्वयन सम्वन्धमा

- लक्षित समूह कार्यक्रम छनौट गर्दा आय आर्जन, गरीवी निवारणमा तथा चेतनाको स्तर अभिवृद्धि गर्न प्रत्यक्ष सहयोग पुग्ने कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने र दीर्घकालीन योजनाका लागि Practical Needs भन्दा Strategic Needs मा केन्द्रित गर्नुपर्ने जस्तै लक्षित वर्गको सामाजिक हैसियतमा परिवर्तन ल्याउने,उनीहरूको नेतृत्व विकास हुने कार्यक्रमहरूमा जोड दिनु पर्ने ।
- सबै जातजाति आर्थिक एवम् सामाजिक रुपमा पिछडिएका वर्ग एवम् क्षेत्र र विपन्न वर्गका बालबालिकहरूलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमका लागि कार्यविधिले तोकेको प्रतिशतअनुसार बजेट विनियोजन गर्नु पर्ने ।
- लक्षित समूहअन्तर्गत सञ्चालित कार्यक्रमहरू के कती उपलव्धिमूलक र प्रभावकारी रहे त्यसको Follow up र लेखाजोखा गर्नुपर्ने ।
- लक्षित समूह कार्यक्रमहरू छनौट गर्दा Supply Driven भन्दा उनीहरूको Needs मा आधारित हुनुपर्ने ।
- लक्षित समूहलाई आय आर्जनका तालिमहरू सँग सँगै बजार प्रवर्धनमा समेत सहयोग पुग्ने कार्यक्रम तय गरी कार्यान्वियन गर्नुपर्ने ।

### ४.१५.३ सेवा प्रवाह, कार्यसम्पादन सम्बन्धमा

- नगरपालिकाकावाट प्रदान गरिने सार्वजनिक सेवाहरूलाई वडाबाट पनि दिन सक्ने गरी वडामा संस्थागत क्षमता विकास गर्नेतर्फ ठोस कार्ययोजना वनाउनुपर्ने ।
- सबै कर्मचारीहरूलाई लिखित रुपमा कार्य विवरण उपलव्ध गराइ सो कार्य विवरणमा कर्मचारीको समेत सहमति रहेको सुनिश्चितता गराउनुपर्ने र सोको आधारमा कार्यसम्पादन मापन सूचक बनाइ कर्मचारीहरूको मूल्याङ्कन गर्ने परिपाटीको विकास गर्नुपर्ने र उत्कृष्ठ कर्मचारीलाई वार्षिक रुपमा पुरस्कृत गर्ने परिपाटीको शुरुवात गर्नुपर्ने ।
- नागरिक बडापत्रलाई समय सापेक्ष परिमार्जन गर्नुपर्ने ।

- नगरपालिकाकाबाट दिइने सेवाहरूलाई जनअपेक्षाअनुसार नयाँ नयाँ प्रविधिमार्फत प्रदान गर्नका लागि आवश्यक पर्ने संस्थागत क्षमताको विकास गर्नुपर्ने जस्तै (Online Services, e-Governance आदि)।
- वडा कार्यालयहरूलाई चुस्त दुरुस्त कम्प्युटराइज गरी छिटो छरितो सेवा प्रदान गर्नुपर्ने ।
- गापाको योजना तथा कार्यक्रम तय गर्दा र कार्यान्वयन गर्दा नगरपालिकाको शाखा, उपशाखाबिच समन्वय बढाउनुपर्ने ।
- नगरपालिकाको सेवा प्रवाहलाई सेवाग्राही मैत्री र सहज बनाउन हालको मौजुदा कार्यकक्षको संरचनामा सुधार गर्नुपर्ने ।

### ४.१५.४ अन्य विविध सम्बन्धमा

- राजस्व सम्भाव्यता अध्ययनका आधारमा राजस्व प्रक्षेपण गर्नुपर्ने र करको दायरामा नआएका कर दाताहरूलाई करको दायरामा ल्याउनु पर्ने ।
- गत आ.व.हरूमा सामाजिक परीक्षणले दिएका सुझावहरूलाई कार्यान्वयनमा ल्याउनु पर्ने ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरूको विवरण सार्वजनिक गर्नुपर्ने ।
- बालश्रम मुक्त क्षेत्र घोषणाको कार्यलाई अन्य वडाहरूमा पनि विस्तार गर्दै लैजाउनु पर्ने ।
- फोहरलाई जैविक र अजैविक रुपमा स्रोतमै वर्गीकरण र सङ्कलन गर्ने कार्यक्रमलाई विस्तार गर्नुपर्ने ।
- असहाय अनाथ तथा अपाङ्ग बालबालिकाको अभिलेख राख्नु पर्ने ।
- सामाजिक सुरक्षा भत्ता पाउने प्रत्येक व्यक्तिहरूलाई बैँङ्कमा खाता खोल्न लगाई उक्त रकम सिधै खातामा भुक्तानी दिन व्यवस्था गर्नुपर्ने ।
- स्वास्थ्य सेवाको बजेट वृद्धि गरी आधारभूत स्वास्थ्य सेवालाई अझ प्रभावकारी बनाउनुपर्ने ।

## ४.१६ नगरपालिकाले आगामी वर्षहरूमा लिनुपर्ने रणनीतिहरू

मोरङ जिल्लाको अति महत्वपूर्ण ठाउँमा अवस्थित लेटाङ नगरपालिकाको आफ्नै मौलिक र सामाजिक महत्व रहेको छ। बहु भाषिक बहु सांस्कृतिक समाज रहेको यो नगरपालिका कृषि जमीनहरूको लागि अब्बल रहनुका साथै पर्यटकीय स्थलहरू भएको यस नगरपालिकाको र नगरवासीहरूको उत्थान गर्नका लागि राम्रा रणनीतिहरू बनाएर अगाडि बढे खासै समय लाग्ने देखिदैन। पालिकाले आफ्नो नीति तथा कार्यक्रमलाई प्रभावकारी ढङ्गले लागु गर्न त्यसको रणनीति बनाएर अगाडि बडनु पर्ने देखिन्छ।

१. नगरपालिकावासिलाई निशूल्क शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्ने त्यसको वैज्ञानिक विश्लेषण गरी सोहीअनुसारको स्वास्थ्य तथा शैक्षिक पूर्वाधार खडा गर्ने रणनीति बनाउने ।

२. यस क्षेत्रलाई खेलकुदमा अगाडि बढाउन नगरपालिकाभित्र रहेका विधालयलाई समेटी हरेक वर्ष विभिन्न प्रकारका खेल प्रतियोगिता गराइ त्यसवाट प्रथम, दोस्रो र तेस्रो हुनेहरूलाई माथिल्लो स्तरमा सिफारिश गरी खेलाडी उत्पादन गर्ने र व्यवस्थापान गर्ने रणनीति बनाउने।

३. दलित तथा पिछडिएको वर्गलाई सधै राहत वितरण गर्नुभन्दा उनीहरूलाई सुरुवात पूँजीमा चौपायाहरू प्रदान गरी श्रममुखी बनाउन र काम गरेर खानुपर्दछ भन्ने ज्ञान दिलाउन त्यस सम्बन्धमा रणनीति बनाउने।

४. दिगो विकासको लक्ष्य हासिल गर्न नगरपालिकाले सामाजिक महत्वका सडकहरूमा दीर्घकालीन रुपमा प्रयोग गर्ने सडकहरू र कृषि कार्य गर्न सहज हुने कृषि सडक खोल्न विशेष रणनीतिहरू बनाउने।

५. समग्र कृषि, तथा पशुपालनको उत्थान गर्न कृषि तथा पशुपालनको उत्पादनको खरीद बिक्री सहज गर्न व्यवस्थित कृषि तथा पशुपंक्षी हाटबाजार लगाउन मिल्ने रणनीति र व्यापारिक स्थानको छनोट गर्ने नीति बनाउने।

६. साना साना मठ मन्दिर, मस्जिद, र अन्य धार्मिक स्थल, धार्मिक आश्था राख्ने समुदायले निर्माण गर्ने मठ मन्दिर, र मस्जिद बनाउन तथा वजेट आयआर्जनमुखी क्रियाकलापमा लगाउन नीति बनाउने।

७. सार्वजनिक जग्गाहरूमा ठूला पोखरीहरू निर्माण गरी त्यस्तो स्थानमा व्यवसायिक हाँस, माछा तथा अन्य जलचर पाल्न ठेक्काद्वारा दिने नीति बनाउने।

## परिच्छेद - पाँच

## निष्कर्ष तथा सुझाव

### ५. कार्यक्रमको निष्कर्ष तथा सुझाव

### ५.१ प्राप्त कार्यक्रमको निष्कर्ष

मोरङ जिल्ला स्थित लेटाङ नगरपालिकाको नेतृत्वमा गत आ.व. २०८०/८१ मा सामाजिक विकासको क्षेत्रमा केही उपलब्धि भएको पाईयो। पूर्वाधार विकासवाट प्राप्त विकासका अवसरहरूलाई आम नागरिकहरूको प्रत्यक्ष संलग्नतामा सामाजिक विकासलाई अघि बढाउन सफल भएको पाइन्छ। स्थानीय विकासमा लेटाङ नगरपालिकाले उल्लेखनीय कार्यहरू गर्दै आएको छ। सामान्यतया कार्यक्रम गर्नका लागि सर्वप्रथम योजनाको आवश्यकता पर्दछ। यसका लागि यस नगरपालिकाले टोल बस्तीदेखि नै योजनाहरूको माग गर्ने, विभिन्न आवश्यक प्रक्रियाहरू पूरा गरी योजना तथा कार्यक्रमलाई नगर परिषदबाट पारित गरेपछि मात्र कार्यक्रमहरू सञ्चालन गर्ने गरेको पाइएको छ। त्यस्ता कार्यक्रमहरू नियमसङ्गत ढङ्गमा योजना निर्माण गरी योजनाअनुरूप नै सञ्चालन गरिएको देखिन्छ।

लेटाङ नगरपालिकाको नेतृत्वमा नगरपालिकामा विकासको क्षेत्रमा काम गर्ने स्थानीय तहहरू, विभिन्न सरकारी, गैर सरकारी तथा निजी संस्थाहरूले गर्ने कामहरूलाई एकत्रित गर्न गरेको प्रयासको कारण विकासको क्षेत्रमा काम गर्ने निकायहरूको वीचमा समन्वय भई दोहोरोपनलाई न्यूनीकरण गर्न सहयोग मिलेको देखिन्छ। नगरपालिका र विषयगत कार्यालयका साथै अन्य विकासको क्षेत्रमा काम गर्ने संघ संस्थाहरूले आम नागरिकहरूको संलग्नताबाट मात्र दीगो विकास सम्भव छ भन्ने बोधका साथ अगाडी वढेको कारण धेरै योजनाहरू उपभोक्ता समितिहरूमार्फत सञ्चालन भएको पाइएको छ। यसले आम नागरिकहरूमा विकास र यसका संरचनाहरूको अपनत्व स्वीकार गर्ने वातावरण तयार भएको छ। नागरिकहरूलाई सेवा र सुविधा प्रदान गर्न सरकारले स्वास्थ्य, शिक्षा, कृषि, पशुपालन जस्ता सामाजिक विकासका संरचनाहरू बस्ती बस्तीमा पुर्याएको र स्थानीय तह तथा आम नागरिकहरूले त्यसलाई संरक्षण र प्रर्वद्धन गर्ने गरेको कुरा आफैमा प्रशंसनीय भएको छ।

सामाजिक परिचालनको माध्यमवाट आम नागरिकहरू आफ्नो हक, अधिकार र कर्तव्य प्रति चनाखो बन्दै गएको र प्राप्त सेवा र सुविधा लिने प्रक्रियामा चेतना बढेको कारण सेवा लिनेहरूको सङ्ख्या वढेको पाइएको छ। आम नागरिकहरू खास गरी महिला, बालवालिका, दलित, जनजाति, आदिले कृषि, पशु, खानेपानी, सिँचाइ, वन समूह आदि सवैले हरेक स्थानमा उपस्थितिलाई स्थापित गर्न थालेको अनुभूति भएकोले आगामी दिनहरूमा आवश्यकतामा आधारित विकास योजनाहरू सञ्चालन हुने कुरामा विश्वस्त हुने आधारहरू देखिन्छन्।

यस पालिकामा खास गरी शिक्षा, स्वास्थ्य र सरसफाईको क्षेत्रमा प्रगति भएको र त्यसको माध्यमवाट रोजगारी सृजना गर्न, प्रर्वद्धन गर्न र विस्तार गर्न सहजीकरण भएको देखिन्छ। नागरिकहरू आज कृषि, पशुपालन, उद्योग सञ्चालन गरी स्वरोजगार बनेका छन भने कतिपयले अरुहरूलाई पनि रोजगारी प्रदान गरेका छन्। पूर्वाधार विकास र सामाजिक

विकासलाई समन्वयात्मक ढङ्गले अगाडि बढाएकै कारण रोजगारीको साथमा स्थानीयहरूको आम्दानीको स्रोत पनि बढेकोछ । लेटाङ नगरपालिकाले आर्थिक वर्ष २०८०/८१ मा अवलम्बन गरेका रणनीतिहरू र कार्यक्रम अन्तर्गत पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक विकास, वन वातावरण, संस्थागत श्रोत र क्षमता विकासलाई प्राथमिकतामा राखिएको छ ।

नगरपालिकाको कामकारवाहीमा अनिवार्य कम्प्युटरको प्रयोग गराई विद्युतीय सुशासन प्रवर्धनमा जोड दिएको छ । पालिकालाई बालमैत्री घोषणा गर्न बालश्रम उन्मूलन तथा बालमैत्रीका लागि संरक्षण र विकासमा सघाउ पुर्याउने कार्यक्रमहरूलाई उच्च प्राथमिकता दिएको छ । पर्यटन प्रवर्धन योजनाले अख्तियार गरेको कार्यक्रमहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न ग्रामीण पर्यटन प्रवर्धनमा सघाउ पुग्ने कार्यक्रमलाई उच्च प्राथमिकताका साथ छनोट गरी अघि बढाएको छ ।

लेटाङ नगरपालिकाले आ.व. २०८०/८१ का कार्यक्रम सञ्चालनका क्रममा विभिन्न प्रकारका चुनौतिहरूलाई सामना गर्नुपरेको देखिन्छ । केन्द्र र प्रदेश बाट समयमा बजेट निकाशा नहुने, योजनाअनुसारका कार्यक्रमहरूको बजेट नआउने, यहाँको नगरपालिकाका स्थानीय आयश्रोतलाई व्यवस्थित गर्न कानूनी अड्चन रहनु, कार्यक्रमहरूका टुक्रे बजेट रहनु र राजनैतिक अस्थिरताका कारण समयमा योजना निर्माण तथा कार्यान्वयनमा समस्या सिर्जना हुनु, राजनैतिक हस्तक्षेप, अस्थिर राजनैतिक अवस्था र बसाइसराई आदि चुनौति रहेको देखिन्छ । यति हुँदाहुँदै पनि लेटाङ नगरपालिकाले गत आर्थिक वर्षमा सञ्चालन गरेका कार्यक्रमहरू निकै प्रभावकारी रहेका पाइएका छन् । तिनीहरूले गरिवी निवारणमा विशेष सहयोग पुर्याएका छनभने टोल टोलबाट आएका योजनालाई यसले आफ्ना योजनाका रूपमा समावेश गरी कार्यक्रम सञ्चालन गर्ने गरेको छ । यसबाट नगरपालिकाको विकासका लागि महत्वपूर्ण योगदान पुगेको देखिन्छ ।

यस नगरपालिकाको कार्यक्रमहरूवाट नगरपालिकामा सामाजिक तथा आर्थिक क्षेत्रमा सुधार भएको देखिन्छ । सडक विस्तार, विद्युत, खानेपानी तथा सिँचाइको विकासबाट प्राप्त अवसरहरूकै कारण सेवा र वस्तुमा आम नागरिकको पहुँच बढेको छ र सेवा र वस्तुको उचित प्रयोगले उत्पादकत्व बढ्ने सङ्केत देखिएको छ । यही क्रम अगाडि बढाउँदै देखा परेका समस्याहरूलाई पन्छाउने र अवसरहरूलाई उपयोग गर्दै जाने हो भने आम नागरिकको जीवनशैलीमा सहजता र जीविकोपार्जनलाई स्थापित गर्न मद्दत पुग्ने छ ।

## ५.२ सामाजिक परीक्षकको तर्फबाट सुझाव तथा प्रतिवदेन

- कर्मचारी, जनप्रतिनिधि र नागरिक अझ बढी त्रिपक्षीय समझदारी कायम गरी कार्य गर्दा उपलब्धिमूलक हुने ।
- नगरपालिका भित्रका सबै नागरिकले नगरपालिकाको कामकारवाहीप्रति सकारात्मक सोच राख्ने कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालनमा ल्याउनु पर्ने ।
- नगरपालिकालाई आर्थिक रुपमा आत्म निर्भर राख्न नगरबासीलाई आयआर्जन हुने क्रियाकलापबाट उनीहरूको आयआर्जन र नगरपालिकाका लागि कर सङ्कलन गर्ने वातावरण सृजना गर्नुपर्ने । जसका लागि कृषिबजार, पशुहाट सञ्चालित व्यवसायलाई प्राथमिकतामा राख्ने ।
- नगर कार्यपालिकासँग सम्बन्धित सबै कार्यालय र सरोकार राख्ने स्थानहरू अपाङ्ग र बालमैत्री बनाउने ।
- करदातामैत्री राजश्वशाखाको स्थापना गरी राजश्व सङ्कलनमा सुधार ल्याउनुपर्ने ।
- कर्मचारीहरूको वृत्ति विकास र क्षमता विकासको लागि विभिन्न किसिमका सैद्धान्तिक र प्राविधिक तालिमहरू सञ्चालन गर्नुपर्ने ।
- पर्यटकीय स्थानहरूको खोजी गरी आन्तरिक तथा बाह्य पर्यटनको लागि पूर्वाधार तयार गर्नु पर्ने । जसका लागि मनोरञ्जन स्थल, झोलुङ्गे पुल र धार्मिक स्थलको पूर्वाधार निर्माण गर्नुपर्ने ।
- जेष्ठ नागरिकहरूलाई बिना झन्झट तथा घरपायक स्थानमा नै सामाजिक सुरक्षा भत्ता वितरण गरिनुपर्ने ।
- जनप्रतिनिधिहरूले समयसापेक्ष आफूलाई परिवर्तित गरी आफ्नो काम, कर्तव्य र अधिकार बुझी कार्य गर्नुपर्ने ।
- नगरपालिकाबासीहरूका लागि अन्य विकासको जगेर्ना गर्न सामाजिक विकासको कार्यक्रम गर्नुपर्ने, किनकि धेरै वडाहरूमा निर्माण भएका बाटाहरूमा नाला नभएको र फोहोर देखिएको छ ।
- कृषकहरूले उत्पादन गरेको कृषि वस्तुको लागि व्यवस्थित र आधुनिक कृषि तथा पशुपंक्षी बजारको स्थापना गर्नुपर्ने ।
- स्वास्थ्य सुधार कार्यक्रम राखी आफ्नो मातहतका स्वास्थ्य चौकीहरूको स्तरोन्नति गर्नुपर्ने साथै आवश्यकताअनुसार बर्थिङ सेन्टर, स्थापना गर्नुपर्ने ।
- नगरपालिकालाई सामाजिक विकासमा अब्बल देखाउनका लागि आवश्यक सुचकाँङकहरूको व्यवस्थित तरिकाले प्रयोग गर्ने ।
- शान्ति सुरक्षा, नगरपालिकाका वडाहरूमा छाडा चौपाया नियन्त्रण र अव्यवस्थित हाट बजार नियन्त्रण गर्न पर्याप्त नगर प्रहरीको व्यवस्था गरिनुपर्ने ।
- नगरपालिकाका कर्मचारी जनशक्तिको यथोचित प्रयोग गरी सेवा प्रवाह सहज बनाउनुपर्ने ।
- नगरपालिका क्षेत्र भित्रका मठ, मन्दिर, धर्मशाला आदिको समुचित विकासका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

- नगरपालिकाभित्र भएका प्राचीन कला, संस्कृति झल्कने जातजातिहरूको पुरानो बस्तीको संरक्षण गरी त्यसमा (होमस्टे) घरवास कार्यक्रमको व्यवस्थापन गरी आन्तरिक पर्यटन र बाह्य पर्यटनको लागि तालिम प्राप्त मानव संशाधनको तयारी गर्नुपर्ने ।
- भौतिक निर्माणको कार्यहरू गर्दा आवश्यकताअनुसार प्रारम्भिक वातावरणीय परीक्षण गर्ने नियम बसाउने ।
- नगरपालिकाबासीलाई सूचनाको हकको प्रत्याभूती गराउनुपर्ने ।
- नगरपालिकामा पालिका स्तरीय प्रहरी सेवा कार्यालय खडा गर्नुपर्ने ।
- निर्यातमुखी कृषि कार्यालयहरू निर्माण गरी कृषि उत्पादन बढाइ कृषकहरूको आयआर्जन बढाउने कार्यक्रम गर्नुपर्ने ।
- नगरपालिकाको योजना निर्माण गर्दा पालिकाका बुद्धिजिवी, व्यापारी, शिक्षक, लगायत अगुवा व्यक्तिहरूको सहभागी गराउने ।
- नीजि वन लगाउन प्रोत्साहन गर्ने नीति अख्तियार गर्नुपर्ने र स्थापना भएका नीजि वनलाई संरक्षण र प्रवर्धन गर्ने नीति निर्माण गर्नुपर्ने ।
- नगरपालिकामा कम्तिमा एउटा व्यवस्थित खेल मैदान, हरेक वडामा खुल्ला स्थान (पार्क) बनाउने ।
- नगरपालिकालाई खुल्ला दिशामुक्त घोषणा गरेपनि हरेक वडामा कम्तीमा एउटा व्यवस्थित सार्वजनिक शौचालय निर्माण गर्नुपर्ने ।
- हरेक वडाहरूमा आवश्यकताअनुसार व्यवस्थित शिशु स्याहार केन्द्र बनाउने ।
- नगरपालिकामा बेवारिसे भएका गाउँबासीहरूको लागि आश्रमहरू निर्माण गर्ने ।
- धुवाँरहित चुलो बाल्नका लागि हरेक टोल वासीहरूमा सचेतना कार्यक्रम चलाउने ।
- धनका लागि वन भन्ने कार्यक्रमलाई प्रोत्साहन गर्ने ।
- विभिन्न प्रकारका मनोरञ्जन दिने कार्यक्रमहरू सञ्चालन गर्न उत्सुक समूह, व्यक्तिहरूलाई प्रोत्साहन गरी मनोरञ्जन पार्क, पिकनिक स्पट सञ्चालन गर्न उत्सुक बनाउने ।
- नगरपालिकाभित्रका स्वास्थ्यचौकीहरूमा औषधि अभाव हुन नदिने ।
- तराई क्षेत्रमा विशालु सर्पको डसाईबाट वर्षेनी धेरैको ज्यान जाने हुँदा यस नगरपालिकामा पनि त्यस्तो समस्या भए कुनै एक स्वास्थ्य युनिटमा सर्पदंशको उपचारका लागि व्यवस्थापन गर्नुपर्ने ।
- पिछडा, आदिवासी, दलित, जनजातिलाई प्राविधिक शिक्षा पढ्नका लागि कोष खडा गरी उनीहरूलाई आर्थिक सहयोग गरी अध्ययन अध्यापनमा सघाउनुपर्ने ।
- विद्यालयमा स्थानीय स्तरको पाठ्क्रम व्यवस्थित रुपमा अध्ययन अध्यापन गराउनुपर्ने ।
- कार्यालयमा आवश्यक पर्ने सफ्टवेयर खरिद तथा निर्माण गरी कामकाजमा कागजी प्रयोग उन्मूलन गर्दै जाने ।

- निर्माण भएका वा निर्माणाधीन बाटाहरूमा दुबै छेउमा नाला निर्माण गर्नुपर्ने ।
- नदी नालाबाट हुने क्षतिको न्यूनीकरण गर्न पालिकाले विशेष कदम चाल्नु पर्ने ।
- नगरपालिका भित्रका वनजङ्गलमा उत्पादन हुनसक्ने जडीबुटीहरूको अध्ययन गरी नगरपालिका बासीहरूलाई समूहगत रुपमा उत्पादन गर्ने जिम्मा दिने ।
- नगरपालिकाको आन्तरिक आम्दानी बढाउनको लागि प्राकृतिक स्रोतहरूको समूचित प्रयोग गर्नुपर्ने ।
- दलित, पिछडा, अल्पसङ्ख्यक जातजातिको उत्थानका लागि ठोस कदम चाल्नुपर्ने ।

**सन्दर्भ सामग्रीहरू:**


१. सामाजिक परिक्षण कार्यविधि २०६७

२. लेटाङ नगरपालिकाको पार्श्वचित्र (प्रोफाईल)

३. लेटाङ नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम २०७९/०८० र २०८०/०८१

४. लेटाङ नगरपालिकाको सामाजिक परिक्षण २०७९/०८०

५. लेटाङ नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन २०७९/०८० र २०८०।०८१

६. लेटाङ नगरपालिकाको स्थानीय पाठ्यक्रम (१-८)

७. स्थानीय तह सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू

८. लेटाङ नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M)

९. स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य उद्देश्य

१०. सामाजिक उपलब्धि , कार्य सम्पादन परीणाम र प्रभावसम्बन्धी अभिलेख तथा सूचना

११. वार्षिक कार्यक्रमहरू तथा नागरिक वडापत्र

१२. सामाजिक परिक्क्षण कार्यविधि अनुसूची २ र ३ फारम

१३. गत आर्थिक वर्षका शाखागत कार्यक्रम तथा कार्य उपलब्धिहरू

१४. स्थलगत अध्ययन तथा अवलोकन, परामर्श र छलफल


## अनुसूचि १: सामाजिक परिक्षणअन्तरक्रिया कार्यक्रम तथा स्थलगत अवलोकनका क्रममा लिइएका केही तस्विरहरू








नगरको प्रवेश केन्द्रमा विभिन्न महत्वपुर्ण जानकारी सहितको विवरण ।




नगरका सम्पुर्ण सरोकारवालाहरूको शौक्षिक सुधार सङकल्प

नगरको विभिन्न बैठकहरूको समय जानकारी





८ नम्वर वडा कार्यालय र वडा कार्यालयमा जनप्रतिनीधि र वडा सचिव ज्यू सँग भएको छलफल कार्यक्रम



वडा कार्यालयमा राखिएको नगरिक वडापत्र वडा नं. ८




लेटाङ नगरपालिका वडा नं. ९ र आधारभुत स्वास्थ्य केन्द्र को कार्यालय भवन




वडा नं. ९ अध्यक्ष तथा वडा सचिव ज्यू सँग छलफलको क्रममा



९ नम्वर वडा कार्यालयमा सेवा लिने सेवाग्राही



९ नम्वर वडामा निर्माण भएको पार्किङ



वडा नं. ४ मा वडा अध्यक्ष तथा कर्मचारिविच भएको छलफल



वडा नं. ४ मा वनेको पार्क






उपभोक्ता समिति मार्फत धनजित गल्लिमा एजिङ वाल निर्माण गर्दा निर्माण स्थलमा राखीएको सुचनापाटि वडा नं. ६



उपभोक्ता समिति मार्फत धनजित गल्लिमा एजिङ वाल निर्माण वडा नं. ६ (सुचना बोर्ड देखिने गरी)





तेलिगंगा मुक्तीघाट र मलामी बिश्रामघर वडा नं. ८



तेलिगंगा मुक्तीघाटमा निर्माणधीन मलामी बिश्रामघर वडा नं. ८





साम्माली पैनी कल्भर्ट निर्माण सम्पन्न वडा नं. ९






५० प्रतिशत अनुदानमा वितरीत तरकारीको विउ मार्फत किसानको तरकारी खेति





वडा नं. २ को कार्यालय, आधारभुत स्वास्थ्य केन्द्र र उक्त कार्यालय जाने वाटो





वडा नं. २ को कार्यालय, आधारभुत स्वास्थ्य केन्द्र एवम् कार्यालयमा राखिएको सुझाव पेटिका






बैजनाथ संस्कृत विद्यापिठको निर्माणाधिन भवन वडा नं. ९

खुल्ला दिशामुक्त क्षेत्र घोषणा जानकारी वोर्ड वडा नं.९





शान्तिमार्ग (एजिङ्ग निर्माण) वडा नं. ५

प्रकास मार्ग कालोपत्रे निर्माण वडा नं. ५






प्रदेश सरकारको सहयोगमा निर्माणधिन पथरी जाँते ज्यामिरे सडकखण्ड वडा नं. ८

किरात राई संस्कृतिक संग्राहालय तथा सामुदायिक भवन प्रदेश सरकारको सहयोगमा निर्माण वडा नं. ८




प्रदेश सरकारको सहयोगमा निर्माणधिन कानेपोखरी लेटाङ बुधवारे सडकखण्ड वडा नं. ६ कार्यालय अगाडि








प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रम मिति २०८१।०८।२१ गते, लेटाङ नगरपालिका सभाहल

**अनुसूचि २:** प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रममा उपस्थिति विवरणः

**मिति :**२०८१।०८।२१ गते ,

**स्थानः** लेटाङ नगरपालिका सभाहल ।

| **क्र.सं.** | **नाम थर** | **पद** | **ठेगाना** |
|---|---|---|---|
| १ | भुपेन्द्रकुमार लावती | नगर प्रमुख | ले. नपा |
| २ | कृष्ण कुमारी निरौला | नगर उ.प्र. | ले. नपा |
| ३ | कृष्ण राज राई | शिक्षा उपसिचव | ले. नपा |
| ४ | चेतनाथ गौतम | यो.शा.प्र. | ले. नपा |
| ५ | डम्वर वा. राई | वडा अध्यक्ष | ले. नपा.३ |
| ६ | भानुभक्त राई | इन्जिनियर | ले. नपा.४ |
| ७ | रमेश खनाल | वडा सचिव | ले. नपा.६ |
| ८ | इन्द्र कुमार विस्वकर्मा | वडा सचिव | ले. नपा |
| ९ | देवीमाया वस्नेत | म.वि.नि | ले. नपा.४ |
| १० | मित्रलाल परियार | ज.स्व. नि | ले. नपा.६ |
| ११ | निता पराजुली | वडा सचिव | ले. नपा.४ |
| १२ | अनिल कुमार मिश्र | स.पाचौ | ले. नपा.३ |
| १३ | संजिता खनाल | अधिकृत | ले. नपा |
| १४ | अनुराग राई | अ.स.ई | ले. नपा |
| १५ | गंगामाया विक | का.सदस्य | ले. नपा |
| १६ | धनमाया तामाङ | वडा सदस्य | ले. नपा |
| १७ | भुम सुर्य मगर | वडा अध्यक्ष | ले. नपा |
| १८ | शर्मिला भटराई | अधिकृत छौटौ | ले. नपा.३ |
| १९ | आयुष खरेल | अधिकृत छौटौ | ले. नपा |
| २० | सुक्रमाया लिम्वु | का.पा सदस्य | ले. नपा.५ |
| २१ | मुना सार्की | वडा सदस्य | ले. नपा.८ |
| २२ | शोभा वोहोरा | का.पा. सदस्य | ले. नपा.५ |
| २३ | करण श्रेष्ठ | प्र.कृषि शाखा | ले. नपा.५ |
| २४ | सुदिप पौडेल | वडा सचिव | ले. नपा.६ |

| | | | |
|---|---|---|---|
| २५ | अर्जुन पौडेल | वडा सचिव | ले. नपा.३ |
| २६ | तेज प्रसाद तिम्सिना | वडा अध्यक्ष | ले. नपा.२ |
| २७ | धन वहादुर तामाङ | स्थानिय | ले. नपा.४ |
| २८ | सारदा देवी राई | | ले. नपा.६ |
| २९ | चम्पा थापामगर | का.स. | ले. नपा.४ |
| ३० | अन्जना पोख्रेल | सा.पाँचौ | ले. नपा |
| ३१ | अनिता लिम्वु | न.प्र.ज. | ले. नपा |
| ३२ | दिलिप दाहाल | द.चा. | ले. नपा |
| ३३ | सुलोचना तामाङ | उ.वि.स | ले. नपा.३ |
| ३४ | सोलोमी राई | का.स. | ले. नपा |
| ३५ | संजय भट्टराई | अ.प.स | ले. नपा |
| ३६ | नविना निरौला | का.स. | ले. नपा |
| ३७ | तारा भट्टराई | का.स. | ले. नपा |
| ३८ | सुदिप घिमिरे | सा.पाँचौ | ले. नपा |
| ३९ | सुमन ढकाल | सहजकर्ता | पकलि टेक्नोलोजी |
| ४० | रेवती निरौला | पत्रकार | ले. नपा |
| ४१ | बलराम दाहाल | अध्यक्ष | पकलि टेक्नोलोजी |
| ४२ | सुमन कार्की | सहजकर्ता | पकलि टेक्नोलोजी |